विकास भएको छैन भन्नु भ्रम हो | पृष्ठ ५ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २७ • अंक ५६ • २०८२ साल असार ३१ गते मंगलबार (15 July, Tuesday, 2025) • पृष्ठ ८ • मूल्य रु. ५।-

## कार्यवाहक उपमेयरसहित नगरपालिकामै थुनिए

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज नगरपालिकाका कार्यवाहक उपमेयर इसरत परविनसहितका कर्मचारी तथा जनप्रतिनिधि कार्यालयमै थुनिएका छन् । नगरपालिकाको गाडीले ठक्कर दिए घाइते बनाएका बोदेवरसाइनका पीडितका परिवारजनले पालिकाको कार्यालयमा तालाबन्दी गरे पछि उनीहरु कार्यालमै थुनिएका छन् ।

नगरपालिकामा पटकपटक आन्दोलन गर्दा उनीहरूले आश्वासन मात्र पाएपछि सोमबार कार्यालय सञ्चालन रहेको अवस्थामा बाहिरबाट तालाबन्दी गरेका थिए। सप्तरीको बोदेवरसाइन नगरपालिका- १ का १६ वर्षीय राजेशकुमार यादवको उपचार खर्च माग गर्दै पीडित परिवार तथा आफन्तहरू नगरपालिकाको मूल गेटमा धर्नामा बसेका छन्।

सो घटनाको महिनौं बितिसक्दा पनि नगरपालिकाले उपचार खर्च उपलब्ध नगराउँदा छोरा अस्पतालमै बन्धक भएको पीडितका बुवा रघुनाथ यादवले जनाए। उपचार खर्च सहितको क्षतिपूर्ति अस्पताललाई बुझाउन नसक्दा छोरालाई घर ल्याउन नसकेको बाध्यता बताए।

२०८१ माघ १ गते बोदेबसराइन नगरपालिका- ५ स्थित सडकखण्डमा राजविराज नगरपालिकाको गाडीको ठक्करबाट बोदेबसराइन नगरपालिका- १ का राजेशसँगै अर्का २२ वर्षीय अजितकुमार यादव घाइते भएका थिए।

### विवादका बीच बजेट पारित

# २९४ पृष्ठको योजना संसद् छलेर ल्याएको आरोप

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्षको बजेट पारित गरिएको छ। प्रदेशसभामा सोमबार प्रतिपक्ष दलका सांसदहरुको बहिष्कार बीच बजेट पारित गरिएको छ।

मधेश प्रदेश सरकारले फास्ट ट्र्याकबाट विनियोजन ऐन २०८२ समेत पारित गरिएको छ । सरकारको अर्थमन्त्री सुनिलकुमार यादवले असार १ गते सदनमा ४६ अर्ब ९८ करोड ३३ लाख ५१ हजारको बजेट प्रस्तुत गरेका थिए । आवश्यक छलफल र प्रक्रिया पूरा नगरी बजेट पारित गरिएको छ। बजेट पारितका लागि बाधा अड्चन आउने केही धारा समय अभावको कारण देखाउँदै खारेज गरिएको छ। सो ऐन साउन १ गतेदेखि लागु हुने जनाइएको छ।

सरकारले संसद् छलेर बजेट ल्याएको भन्दै प्रमुख प्रतिपक्ष जनता समाजवादी पार्टी (जसपा) नेपालसहित ६ दलका सांसदले बहिष्कार गरेका थिए। सरकारले बिचौलियको प्रभावमा बजेट ल्याएको प्रतिपक्षले सुरुवातदेखि आरोप लगाउँदै आएका छन् । बजेटको त्रुटि सच्याउनका लागि दुईपटक कार्यदल गठन भए पनि मतभेद देखिएपछि कार्यदल नै भंग गरिएको थियो।

सरकारले प्रदेशसभामा प्रस्तुत गरेको रेडबुक, सांसदलाई वितरण गरेको रेडबुक र सूचना प्रणालीमा लक भएको रेडबुकमा फरक देखिएको छ। सरकारले ४६१ पृष्ठको रेडबुक संसद्मा प्रस्तुत गरी सांसदलाई वितरण गरेको थियो । तर, सूचना प्रणालीमा ७५५ पृष्ठको रेडबुक सार्वजनिक गरिएको छ।

छानबिन कार्यदलमा रहेका प्रतिपक्ष दलका प्रदेशसभा सदस्यहरुले सरकारले संसद् छलेर ५ अर्ब रुपैयाँभन्दा बढीको योजना ल्याएको आरोप लगाएका छन्।

नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक कनिश पटेलले सरकारले संसद्मा प्रस्तुत गरेको बजेट पुस्तिका ४६१ पृष्ठको मात्र रहेको बताए । पीएलआइएमएसमा ७५५ पृष्ठसहितको योजना लक भएको छ। त्यसअधारमा सरकारले २९४ पृष्ठको योजना संसद् छलेर ल्याएको सांसद कनिशको आरोप छ।

उनले भने, 'कार्यदलले अर्थ मन्त्रालयको कर्मचारीसँग पीएलआइएमएसमा लक भएको र संसद् छलेर ल्याएको २९४ पृष्ठमा कति योजना छ ? कति रकम बराबरको छ ? माग गर्दा दिइएन,' उनले भने,'सरकारले छानबिन नहोस् भनेर सुरुदेखि लागेको थियो। कर्मचारीलाई पनि त्यही अनुसारको निर्देशन दिएको छ।'

उनका अनुसार कार्यदलले रेडबुकमा भए/नभएको योजनामाथि छलफल गरेको थियो । प्रतिपक्ष दलका सांसदहरुले रेडबुकमा नभएको योजनाहरु खारेज गर्न माग गर्दा सत्तापक्षका सांसदहरुले नमानेपछि कार्यदल भंग भएको छ । 'सरकारले बजेट आफ्नो हिसाबले बनाउँछन् । त्यसमा हाम्रो केही छैन,'उनले भने,'तर, संसद्लाई छलेर ल्याउनु भएन । यो सांसद्संग मात्रै होइन, जनतासंगको धोका हो ।'

राप्रपाका सांसद कञ्चन विच्छाले सरकारले चोरबाटो अपनाएको बताइन् । सरकारको नियत सुरुवातदेखि नै शंकास्पद देखिएको उनले बताइन् । 'शुरुमा सरकारले कार्यदल नै बनाउन चाहेन । बनाएपछि जोमाथि आरोप छ, उसैलाई कार्यदलमा राखियो,' उनले भनिन्,'प्रतिपक्षको खबरदारीपछि सरकार ब्याक त भयो । तर, निष्पक्ष रुपमा काम गर्न दिएन । बहुमतको दम्भ देखायो ।'

जनता समाजवादी पार्टी (जसपा) मधेश प्रदेशका प्रमुख सचेतक रामअशिष यादवले सदन बहिष्कार गरेको प्रतिक्रिया दिए । उनले भने, 'सरकारले बहुमतको आडमा प्रतिपक्षलाई हेप्न खोजेको छ। उनले भने, 'सरकारले कानूनलाई धज्जी उडाएर, जनताको राजस्वको दुरुपयोग गरेर बजेट ल्याएको छ। र, त्यही बजेट पास गराउन चाहेको छ।'

त्यस्तै सत्तारुढ लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपाल मधेश प्रदेशका संसदीय दलका उपनेता उपेन्द्र महतोले सरकारलाई समर्थन गरेपछि 'गुलाम' बनाएको भन्दै बजेटको विरोध गरे ।

बजेट पास हुनु अघि विरोधस्वरुप बजेटप्रति समर्थन जनाए पनि नेता महतोले भने, 'पढ्दै नपढेको, हेर्दै नहेरेको योजनाको बारेमा कसरी छलफल गरौं ?' उनले सरकारसँग प्रश्न गरे। 'शोषित भएकोले शोषण गर्दैनन् भन्छन् । तर, तपाईं आज बहुमतको बलमा, सत्ताको बलमा, समर्थन दिएको बलमा सबै मान्यजनलाई गुलाम बनाउनु भयो,' उनले भने, 'सरकारले आज नयाँ रेकर्ड बनाउँदै छ।'

विचौलियाले बजेट बनाएको भन्ने जनमत पार्टीको केन्द्रीय अध्यक्षकै निर्वाचन क्षेत्रमा एक सय १५ करोडको योजना गएको गएको बताए । ' बिचौलियामा त तपाईंकै प्रवेश छ। कि सरकारभित्रै बिचौलिया छ ? सरकारले स्पष्ट पार्नु पर्छ,' उनले भने।

सरकारले घाटा बजेट प्रस्तुत गरेर प्रदेशमाथि चुनौती थपेको उनले बताए । आपत्तिजनक भएको भन्दै सरकारले 'आम्दानी अठन्नी, खर्चा रुपैयाँ' गर्न खोजेको बताएका थिए।



## अर्थमन्त्रीको राजीनामा माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश सरकारले ल्याएको आगामी आर्थिक वर्ष २०८२/०८३ को बजेटको दुईथरी रेडबुक भेटिएको छ। प्रदेशसभा बैठकमा जसपा नेपालका संसदीय दलका नेतासमेत रहेका पूर्वमुख्यमन्त्री सरोजकुमार यादवले रेडबुक नै दुई खालको बनाइएको र लगभग ८ हजार योजना लुकाएको दाबीसहित दुवै रातो किताब देखाउँदै आपत्ति जनाए।

बजेट ल्याएको १० दिनपछि सांसदहरूलाई सदनमा रेडबुक बाँडिएको थियो, जुन रेडबुक ४६१ पेजको छ। तर, वास्तविक ७५५ पेजको रेडबुक देखाउँदै यादवले २९४ पेजका करिब ८ हजार योजना लुकाइएको खुलासा गरे।

नेता सरोजकुमार यादव अर्थमन्त्री सुनिल यादवले आर्थिक अपराध गरेको आरोपसहित यादवले राजीनामा नदिएसम्म संसद बहिष्कार गर्ने बताए।

बहिष्कार गर्ने दलमा जसपा नेपाल, नेकपा माओवादी केन्द्र, नेकपा एस, राप्रपा, नागरिक उन्मुक्ति पार्टी र संघीय समाजवादी पार्टी नेपाल रहेका छन्।




न्यूरो हस्पिटल

न्यूरो हस्पिटल २४ बर्ष दैंखि निरन्तर सेवामा

सर्वसाधारणमा अपिल

आदरणीय सेवाग्राहीहरु, न्युरो कार्डियो एण्ड मल्टिपेशियालिटी हस्पिटल जसलाई न्युरो अस्पतालको नामले पनि चिनिन्छ को स्थापना बरिष्ठ न्युरोलोजिष्ट डा. बिरेन्द्र कुमार बिष्टले बि.सं. २०५७ साल भाद्र ८ गते गर्नु भएको हो । न्युरोलोजी सेवाबाट शुरु भएको न्युरो अस्पतालले झण्डै २५ बर्ष लामो यात्रामा बिभिन्न चरणहरु पार गर्दै आज सम्म आइपुग्दा पुर्वान्चलमा पहिलो पटक न्युरो सर्जरी सेवा, पहिलो पटक MRI सेवा, पहिलो पटक क्याथ ल्याब सेवा लगायतका सेवाहरु भित्र्याएर उत्कृष्ट उपचार सेवा प्रदान गर्दै आएको छ । यस अवधीमा ८००० भन्दा बढी न्युरो सम्बन्धी सफल शल्यक्रिया, १०००० भन्दा बढी मुटु सम्बन्धी सेवा र समग्रमा झण्डै २५ लाख सेवाग्राहीलाई सेवा प्रदान गरिएको जानकारी गराउदछौ ।

न्युरो अस्पतालले आफनो उत्कृष्ट सेवा मार्फत कमाएको ख्याती लाई गलत तरिकाले नाजायज फाइदा लिने उद्देश्यले विगत केहि समय देखि केहि अस्पतालहरुले न्युरो अस्पतालसँग मिल्दो जुल्दो नाम राखी यस न्युरो कार्डियो एण्ड मल्टिस्पेसशयालिटी हस्पिटलको शाखा अस्पताल हौ तथा न्युरो अस्पतालका चिकित्सक आएर यहाँ उपचार गर्नुहुन्छ भन्ने जस्ता भ्रामक कुराहरु गरेर सेवाग्राहीहरुलाई भ्रममा पारेर उपचार गर्ने गरेको गुनासोहरु सेवाग्राहीहरुबाटै आइरहेको हुनाले त्यस तर्फ सचेत रहन आम सेवाग्राही, सर्वसाधारण तथा सरोकार वाला सबैमा हार्दिक अनुरोध गर्दछौ ।


न्युरो अस्पताल कोशी प्रदेशको राजधानी बिराटनगर-१० जहदा रोडमा अवस्थित छ र यो अस्पतालको कुनै शाखा नरहेको जानकारी गराउदछौ । यदि कसैले शाखा हौ भनी भ्रममा पार्ने कोशिश गर्दछ भने न्युरो अस्पतालको आधिकारीक मोबाइल नम्बर ९८०४०६२०५४, ९८५२०३२१८२ मा सम्पर्क गर्नु हुन अनुरोध गर्दछौ । धन्यवाद ।

-अस्पताल प्रशासन

न्यूरो कार्डियो एण्ड मल्टिस्पेसियलिटी हस्पिटल प्रा. लि.
जहदा रोड, विराटनगर-१०
०२१-४१७४८४, ४१६२६७

# सरकारले तत्काल विपद् प्रतिकार्यलाई सशक्त बनाउनुपर्छ : अध्यक्ष दाहाल

काठमाण्डु । प्रमुख प्रतिपक्षी दलका नेता, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले हालैको बाढीपहिरोका घटनाप्रति गहिरो चिन्ता व्यक्त गर्दै सरकारले तत्काल विपद् प्रतिकार्यलाई सशक्त बनाउनुपर्नेमा जोड दिनुभएको छ।




प्रतिनिधिसभाको सोमबारको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले हिमताल फुटेर आउने बाढी, नदी थुनिएर जलप्रवाह बढ्ने अवस्था र हिमाली पर्यावरणको जोखिम न्यूनीकरणका लागि अन्तरदेशीय सूचना प्रणाली र अन्तरराष्ट्रिय सहकार्य आवश्यक रहेको बताउनुभयो । गतवर्ष राजधानीमै चार घण्टा उद्धार नपाएर नागरिकको मृत्यु भएको घटनालाई स्मरण गर्दै अध्यक्ष दाहालले यसवर्ष थप क्षति हुन नदिन सरकारलाई गम्भीर तयारीमा जुट्न आग्रह गर्नुभयो।

अध्यक्ष दाहालले हिमताल फुटेर आउने बाढी, नदी थुनिएर जलप्रवाह बढ्ने अवस्था र हिमाली पर्यावरणको जोखिम न्यूनीकरणका लागि अन्तरदेशीय सूचना प्रणाली र अन्तरराष्ट्रिय सहकार्य आवश्यक रहेको बताउनुभयो।

त्यसैगरी उहाँले सरकारले सुशासन प्रत्याभूति दिलाउन नसकेको आरोप लगाउँदै सरकारप्रति जनताको विश्वास गुम्दै गएको टिप्पणी गर्नुभयो। सरकारका गतिविधिबाट आम जनता मात्र होइन, सत्तारूढ दलकै कार्यकर्तासमेत असन्तुष्ट भएको बताउँदै अध्यक्ष दाहालले भन्नुभयो, "यो एक वर्षमा तपाईंले कसको विश्वास जित्नु भयो कुन वर्ग लाभान्वित भयो ? सरकारका गतिविधिले जनविश्वासको गम्भीर प्रश्न खडा गरेको छ।"

अध्यक्ष दाहालले धितोपत्र बोर्ड, भुटानी शरणार्थी काण्ड, जग्गा घोटाला, विद्युत् बक्यौता मिनाहा, भूमाफिया संरक्षण, तथा सरुवा-नियुक्तिमा चलखेल भएको उदाहरण दिँदै सुशासन कायम गर्न सरकार असफल भएको आरोप लगाउनुभयो। उहाँले स्टक एक्सचेन्जको नयाँ लाइसेन्स वितरण प्रक्रिया र सुरक्षा निकायको हतियार खरिदजस्ता विषयमा पनि चलखेल भइरहेको उल्लेख गर्दै सरकार पारदर्शिता र मापदण्डअनुसार अघि बढ्न तयार छ कि छैन भन्ने प्रश्न उठाउनुभयो।

पूर्वप्रधानमन्त्री दाहालले बजेटका नाममा जनताको सपना होइन, स्वार्थ समूहको सौदाबाजी भएको आरोप लगाउनुभयो। उहाँले आत्मनिर्भर अर्थतन्त्रका दृष्टिले महत्त्वपूर्ण मानिएका घरेलु मदिराको व्यवस्थापन र ब्राण्डिङ औषधीय प्रयोजनका लागि गाजा खेतीजस्ता कार्यक्रमहरूप्रति सरकारले चासो नदेखाएको भन्दै असन्तोष प्रकट गर्नुभयो।

अध्यक्ष दाहालले युवा रोजगारी र राष्ट्र निर्माणप्रति सरकार उदासीन भएको आरोप लगाउँदै बजेट निर्माणको प्रक्रिया, नीतिगत प्राथमिकता र समावेशीताको सवालमा गम्भीर बहस गर्नुपर्नेमा जोड दिनुभयो । अध्यक्ष दाहालले सरकार गठनदेखि नै अघिल्लो सरकारले अघि बढाएका जनमुखी कार्यक्रमहरूमाथि हस्तक्षेप गरिएको र अनुसन्धानका फाइलहरू बन्द गरिने क्रम बढेको भनी असन्तोष व्यक्त गर्नुभयो।

सरकार गठन भएदेखि नै अघिल्लो सरकारले अघि बढाएका भ्रष्टाचारसम्बन्धी अनुसन्धानलाई कमजोर तुल्याउने र रोक्ने काम भएको उल्लेख गर्दै अध्यक्ष दाहालले भन्नुभयो, "भ्रष्टाचारका फाइलहरू बन्द गरिँदैछ, भ्रष्टाचार झन मौलाउँदै गएको छ, सम्पत्ति शुद्धिकरणको क्रियाकलाप बढ्दै गएका छन्, अनि देश कसरी आउँछ ग्रे लिष्टबाट बाहिर ?"

अध्यक्ष दाहालले मुलुक अहिले सम्पत्ति शुद्धिकरणसम्बन्धी सघन अनुगमनको सूची अर्थात् 'ग्रे लिष्ट'मा परेको प्रसङ्ग उठाउँदै सरकारले त्यसबाट बाहिरिन गम्भीर र प्रभावकारी कदम चाल्नुपर्ने धारणा राख्नुभयो । उहाँले भिजिट भिसा र त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको अध्यागमन प्रणालीमा देखिएको बेथितिलाई केवल प्रशासनिक कमजोरीका नभई गम्भीर राष्ट्रिय अनुसन्धानको विषयका रूपमा लिनुपर्नेमा जोड दिनुभयो।

उहाँले प्रमुख प्रतिपक्षी दल तथा अन्य विपक्षी दलहरूले यस विषयमा गम्भीर छलफल गरी सरकारको ध्यानाकर्षण गराउने प्रयत्न गर्दा संसद् अवरुद्ध भएको उल्लेख गर्नुभयो। तथापि, राष्ट्रिय महत्त्वका विषयहरू, जस्तै आर्थिक सर्वेक्षण तथा बजेट जेठ १५ मा प्रस्तुत गरिनुपर्ने संवैधानिक वाध्यताका कारण सदन चल्न दिन विपक्षी दलहरूले निर्णय गरेको पनि उहाँले स्पष्ट पार्नुभयो।

अध्यक्ष दाहालले विगतको राजनीतिक यात्रालाई स्मरण गर्दै भन्नुभयो, "हाम्रो पार्टी र नेतृत्वले १२ बुँदे सहमतिपश्चात शान्ति प्रक्रिया अघि बढाउँदा सत्तापक्ष हुँदाहुँदै प्रतिपक्षको भूमिका निर्वाह गर्नुपरेको र प्रतिपक्षमा हुँदा राष्ट्रहितका लागि सत्तापक्षको जिम्मेवारी बहन गर्नुपरेको ऐतिहासिक अनुभव बोकेको छ।"

उहाँले सङ्घीय निजामती सेवा, विद्यालय शिक्षा, नागरिकतालगायत विधेयकहरू संसद्मा प्रस्तुत गर्न प्रतिपक्षले खेलेको जिम्मेवार भूमिकाको स्मरण गराउँदै भन्नुभयो, "हामी आफैँले निकै मेहिनत गरेर सदनमा पुऱ्याएका विधेयकहरू पारित गराउने उद्देश्यले अवरोध हटाएका हौँ।"

अध्यक्ष दाहालले मुलुकमा ऐतिहासिक परिवर्तनहरू गराएको र भविष्यको स्पष्ट खाका कोर्ने हिम्मत र दूरदृष्टि आफूसँग मात्रै रहेको उल्लेख गर्दै गणतन्त्र, संविधान निर्माणदेखि ऊर्जा क्षेत्रमा हासिल उपलब्धिसम्मका विषयमा माओवादी नेतृत्वको योगदान स्मरण गराउनुभयो।

उहाँले संविधान कार्यान्वयनको एक दशक पुग्नै लाग्दा अझै आवश्यक कानुनहरू बन्न नसकेको चर्चा गर्दै संविधान संशोधनको विषयलाई गम्भीर बहसको रुपमा अघि सार्नुभएको छ। उहाँले भन्नुभयो, "संविधानले नेपाली जनताको अधिकार अझै संस्थागत गर्नुपर्दछ। उपेक्षित, उत्पीडित जाति, वर्ग, भूगोल र समुदायको पहिचान र अधिकार सुनिश्चित गर्न संशोधन आवश्यक छ।"

संविधानको शासकीय स्वरूप, निर्वाचन प्रणाली, प्रदेशको नाम, सीमाङ्कन, वित्तीय सङ्घीयता, समावेशिता र सामाजिक न्यायका विषयमा अग्रगामी संशोधन गर्न दुईतिहाई बहुमत जुटाउनुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भन्नुभयो, "प्रमुख प्रतिपक्षका नाताले त्यो बहुमत जुटाउने जिम्मेवारी म लिन्छु।"रासस

## स्वास्थ्य बिमा क्षेत्रमा पुनःविचार गरिनेछः प्रधानमन्त्री

काठमाण्डु। प्रधानमन्त्रकी केपी शर्मा ओलीले स्वास्थ्य बिमा क्षेत्रमा पुनःविचार गरिने बताउनुभएको छ।

त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालको ४३औँ वार्षिकोत्वसका अवसरमा सोमबार आयोजित समारोहमा प्रधानमन्त्री ओलीले स्वास्थ्य बिमाका नाममा कतिपय अवस्थामा दुरुपयोग हुने गरेको पाइएको बताउँदै उहाँले औचित्य पुष्टि हुने गरी स्वास्थ्य बिमा कार्यक्रममा पुनरावलोकन गरिने जनाउनुभएको हो।

उहाँले निरोगी नेपाल अभियान र बिरामीलाई सही उपचार गराउने काममा थप सफलता हासिल गर्न त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताललाई आग्रह पनि गर्नुभयो।

नेपाली जनताको सेवा गर्ने मामिलामा सर्वोत्कृष्टता हासिल गरेको यस अस्पतालले दक्ष जनशक्ति उत्पादन, स्वाथ्य उपचार र स्वास्थ्य सेवाका क्षेत्रमा अस्पतालले अझै सफलता हासिल गर्दै जानुपर्नेमा जोड दिनुभयो।

"मानिसहरु बिरामी भएपछि चिकित्सक, नर्स र अस्पतालप्रति विश्वास र आशा गर्छन्। अस्पताल पुगेपछि बिरामीले बाँच्छु भन्ने आशा राखेको हुन्छ। त्यो विश्वासलाई पूरा गर्नु तपाईँहरुको दायित्व हो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "नर्सहरुको हातमा जादु हुन्छ। बिरामीलाई उपचार गर्न औषधिले मात्रै होइन, नर्सको मृदुभाषीपन र राम्रो व्यवहारले पनि बिरामीलाई निको पार्छन्। ठीक औषधि, ठीक मात्रामा र ठीक समयमा औषधि खान चिकित्सकले गर्ने सिफारिसका आधारमा औषधिलाई खुवाउने र स्याहार सुसार गर्ने काम नर्सहरुको हो।"



कार्यक्रममा प्रधानमन्त्री ओलीले अस्पतालको विस्तार सेवा भवन निर्माणमा सहयोग गर्ने भाटभटेनी सुपर मार्केटका प्रबन्ध निर्देशक मीनबहादुर गुरुङलाई सम्मान प्रदान गर्नुभएको थियो। अस्पतालको वार्षिकोत्सवका अवसरमा आजै सो नयाँ सेवा भवनको प्रधानमन्त्री ओलीबाट उद्घाटन भएको थियो।रासस

## नेपाल बौद्धिक परिषद्का आठबुँदे विशेष प्रस्ताव सार्वजनिक

काठमाण्डु। नेपाल बौद्धिक परिषद्को ११औं महाधिवेशनपछि सम्पन्न केन्द्रीय कमिटीको दोस्रो बैठकले समसामयिक राजनीतिक तथा जनजीविकाका विषयमा पारित गरेका आठबुँदे विशेष प्रस्ताव सोमबार सार्वजनिक गरेको छ।

परिषद्ले सोमबार काठमाडौंमा पत्रकार सम्मेलन गर्दै गत जेठ १८ गते सम्पन्न केन्द्रीय महाधिवेशनपछि असार २८ गते पारित प्रस्तावहरु सार्वजनिक गरेको हो।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) निकट जनसङ्गठनका रुपमा स्थापना भएको परिषद्ले नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले राजनीतिक स्थिरता, विकास र समृद्धिका क्षेत्रमा महत्वपूर्ण उपलब्धि हासिल भएको दाबी गर्दै आगामी दिनमा सुशासन, सामाजिक न्याय, विकास समृद्धि र जनजीविकाका सवालहरुलाई प्राथमिकतामा राखेर अघि बढ्न सरकारलाई सुझाव दिएको छ।

त्यस्तै, परिषद्ले अहिले सामाजिक सञ्जालमा गलत र भ्रमपूर्ण सूचना प्रवाह भइरहेको र भीडका आडमा कानुन प्रभावित पार्न खोज्ने गतिविधि भइरहेकातर्फ ध्यानाकर्षण गराउँदै। रासस

## जनकनन्दनीमा एभरेष्ट बैंकको दुईदिने वित्तीय साक्षरता कार्यक्रम सम्पन्न



**टुडे समाचारदाता**

जनकपुरधाम । सामाजिक उत्तरदायित्व अन्तर्गत एभरेष्ट बैंक लिमिटेडलेजनकनन्दनीगाउँपालिकामा दुईदिने वित्तीय साक्षरता कार्यक्रम गरेको छ। असार २९ गतेदेखि सुरु गरिएको उक्त कार्यक्रम फाइनान्स फ्रेन्ड प्रा.लि. को सहकार्यमा विद्यार्थीहरूका लागि सञ्चालन गरिएको थियो।

कार्यक्रमका सहभागीहरूलाई आम्दानीका स्रोतको पहिचान, लक्ष्य निर्धारण, बचत गर्ने बानी, बजेट बनाउने तरिका र जिम्मेवार बैंकिङ व्यवहारबारे जानकारी दिइएको छ। साथै, उनीहरूलाई व्यवहारिक रूपमा आम्दानीबाट अनिवार्य रूपमा बचत गरी लगानी गर्ने सीपसमेत सिकाइएको छ।

कार्यक्रमको स्वागत मन्तव्य फाइनान्स फ्रेन्ड प्रा.लि. का संस्थापक तथा कार्यकारी अध्यक्ष रमेश प्रसाद जोशीले राखेका थिए । उनले यस्ता कार्यक्रम चगचर्बा समुदायका लागि आवश्यक रहेको बताए।

वित्तीय साक्षरता सम्बन्धी प्रशिक्षण श्री बिनय दिल लामा र रमेश प्रसाद जोशीले संयुक्त रूपमा दिएका थिए। कार्यक्रमबाट विद्यार्थीहरूको आर्थिक सोच, योजना बनाउने क्षमता र जिम्मेवार वित्तीय व्यवहारमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ । कार्यक्रममा जनकनन्दनी गाउँपालिकाकी उपाध्यक्ष कमला सहगल एभरेष्ट बैंकले यस्तो दुर्गम गाउँमा आएर युवाहरुलाई वित्तीय साक्षरतामा अभिमुखीकरण गराउनु निकै सराहनीय कदम भएको उल्लेख गर्दै धन्यवाद ज्ञापन गरिन्।

## गायत्री परिवारकी संस्थापक माता शर्माको शताब्दी जन्मोत्सव मनाईंदै

**टुडे समाचारदाता**

रौतहट । शान्तिकुञ्ज हरिद्वारस्थित अखिल विश्व गायत्री परिवारद्वारा संस्थापिका माता भगवती देवी शर्माको जन्मशताब्दी वर्षको अवसरमा विशेष कार्यक्रमहरूको श्रृंखला सञ्चालन भइरहेको छ।

यसै क्रममा झारखण्ड प्रान्तमा संगठनात्मक तथा रचनात्मक गतिविधिहरूलाई सुदृढ बनाउन विशेष संगठनात्मक शिविरको आयोजना गरिएको छ। उक्त शिविरमा झारखण्डका विभिन्न जिल्लाबाट चयनित प्रतिनिधिहरूले सहभागिता जनाएका थिए।

प्रतिनिधिहरूले शान्तिकुञ्जकी अधिष्ठात्री शक्तिस्वरूपा श्रद्धेया शैलदीदीसँग भेट गरी आशीर्वाद एवं मार्गदर्शन प्राप्त गरे।



आफ्नो सन्देशमा शैलदीदीले नियमित उपासना र साधनाबाट आत्मिक ऊर्जा प्राप्त गर्न सकिने बताउँदै, आराधनाबाट प्राप्त शक्ति समाज निर्माणमा प्रयोग गर्नु नै सच्चा युगधर्म भएको उल्लेख गरे। उनले यो समय सेवा र कर्तव्यनिष्ठाका साथ कार्य गर्ने समय भएको बताए।

शैलदीदीले संगठनात्मक एकता, अनुशासन र उद्देश्यनिष्ठा नै कुनै पनि परिवर्तनकारी आन्दोलनको मेरुदण्ड हुने बताए। गायत्री परिवारको यो प्रयास सोही दिशामा एक सशक्त कदम भएको उनले स्पष्ट पारे।

शिविरको उद्देश्य विभिन्न जिल्लाका कार्यकर्ताहरूलाई एउटै मञ्चमा ल्याई संगठनात्मक समन्वयलाई सुदृढ बनाउनु, सेवा कार्यहरूको विस्तार गर्नु र सन् २०२६ मा मनाइने जन्मशताब्दी वर्षको कार्यक्रमहरूको रुपरेखा तय गर्नु रहेको थियो। शान्तिकुञ्जका वरिष्ठ प्रतिनिधिहरूले यस वर्षलाई संगठनका लागि अत्यन्त महत्वपूर्ण वर्षको रूपमा लिँदै यसलाई जनजागरण, महिला सशक्तिकरण, वातावरण संरक्षण, व्यसन मुक्ति तथा युग साहित्यको प्रसार जस्ता रचनात्मक गतिविधिहरूबाट जन-जनसम्म पु-याउनुपर्ने बताएका थिए।

उनीहरूले जन्मशताब्दी वर्ष अन्तर्गत सञ्चालन भइरहेको "ज्योति कलश यात्रा"मा प्रत्येक नागरिकको सहभागिता सुनिश्चित गरिनुपर्ने बताए।

झारखण्डका सबै गाउँहरूमा अखण्ड दीपको प्रकाश पुऱ्याई जनजागरणको वातावरण निर्माण गरिने योजना रहेको पनि जानकारी दिए।

शिविरमा प्रशिक्षण सत्र, समूह चर्चा तथा आगामी योजनाहरूको रणनीतिमा विशेष जोड दिइएको थियो। विभिन्न प्रज्ञा संस्थान र युवा मण्डलका प्रतिनिधिहरूले आफ्ना अनुभवहरू साझा गर्दै आगामी कार्यक्रमहरूको जिम्मेवारी पनि ग्रहण गरेका थिए।

**ज्योतिष-मार्गदर्शन**
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | काममा राम्रै फाइदाको योग रहेकोछ। मेहनत गरे प्रशस्त धन लाभ हुनेछ। |
| वृष : | नयाँकामकोथालनीगर्नेमौकामिल्नेछ। |
| मिथुन : | काममा लगानी बढाउने समय छ। प्रयास गर्दा रोकिएका कामहरु सफल हुनेछन्। |
| कर्कट : | साथीभाईसंगको सम्बन्धमा सुधार आउनेछ। |
| सिंह : | प्रतिष्ठित काम गर्ने मौका छ।अरुलाई प्रभावित पारेर काम लिन सकिने छ। |
| कन्या : | रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने अवसर छ। |
| तुला : | विचारले धेरैलाई आकर्षण गर्ने समय छ। |
| वृश्चिक : | विशेष सभा समारोहमा सहभागी बन्ने मौका छ। व्यवसायबाट लाभ मिल्नेछ। |
| धनु : | पहिलो भेटमा नै धेरैले सहयोग गर्नेछन्। मनग्य धन आर्जन हुनेछ। |
| मकर : | सोचेको आटेको काममा सफलता मिल्नेछ। |
| कुम्भ: | साथीभाई र आफन्तको सहयोगबाट प्रशस्त लाभ उठाउन सकिनेछ। |
| मीन : | शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



धनुषाको गणेशमान चारनाथ नगरपालिका-९ मा रहेको सहिद रामवृक्ष यादव 'मास्टर साहेब'को सम्झनामा निर्माण गरिएको स्मारक। *तस्बिरः अमरेन्द्रकुमार यादव*

# शिक्षण अस्पतालको ४३ औँ वार्षिकोत्सव सम्पन्न




काठमाण्डु । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पतालले सोमबार एक समारोहका बीच आफ्नो ४३औँ वार्षिकोत्सव सम्पन्न गरेको छ।

वार्षिकोत्सव समारोहमा अस्पतालका कार्यकारी निर्देशक प्रा डा सुवासप्रसाद आचार्यले आगामी वर्षभित्र 'रेडियोथेरापी', 'बोनम्यारो' प्रत्यारोपण, र फार्मेसी विस्तारजस्ता महत्त्वपूर्ण सेवाहरू सञ्चालन गर्ने लक्ष्य रहेको जानकारी दिनुभयो ।उहाँका अनुसार दैनिक दुई हजार २०० देखि दुई हजार ५०० बिरामी ओपिडीमा सेवा लिन आउने गर्दछन् भने आकस्मिक कक्षमा दैनिक १४० देखि १५० बिरामी आउने गरेका छन् । विपन्न तथा असहाय नागरिकका लागि ६३ वटा श्यया निःशुल्क प्रदान गरिएको उहाँले बताउनुभयो।

डा आचार्यले अस्पतालमा हालसम्म ९०० वटा मिर्गौला प्रत्यारोपण र १९ वटा कलेजो प्रत्यारोपण गरिसकेको जानकारी दिनुभयो। हाल अस्पतालमा ५८ वटा आइसियु, ९७ वटा 'एचडियु बेड' सञ्चालनमा छन्। वार्षिक करिब २० हजार बिरामीले डायलासिस सेवा लिने गरेका छन् ।विसं २०८१ को वैशाखदेखि चैतसम्म पाँच लाख ३२ हजार ४२० जना बिरामीले ओपिडी सेवा प्राप्त गरेका छन् भने ४६ हजार ७६१ जनाले आकस्मिक सेवा लिएका छन् । सो अवधिमा २१ हजार १०६ वटा शल्यक्रिया सम्पन्न भएका छन्।

वार्षिकोत्सवकै अवसर पारेर सोमबार विस्तारित सेवा भवनको उद्घाटन गरिएको छ । यसै अवसरमा अस्पतालले १५ श्ययाको 'इमर्जेन्सी ग्रिन एरिया वार्ड' र अत्याधुनिक 'थ्री टेस्ला एमआरआई' सेवा पनि सञ्चालनमा ल्याएको छ ।विसं २०३८ मा स्थापना भएको त्रिवि शिक्षण अस्पतालले २०४० सालको असार ३० गतेदेखि ओपिडी सेवा सुरु गरेको थियो। रासस

# जनता गणतन्त्रलाई प्रत्यक्ष निर्वाचित कार्यकारी मोडेलमा "सर्भिसिङ" गर्न चाहन्छन्: अध्यक्ष दाहाल



काठमाण्डु । प्रमुख प्रतिपक्ष दल नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का नेता एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुन्दर र उन्नत बनाएर जनताका सपना पूरा गर्नका लागि संविधान संशोधनको विषयलाई गम्भीरतापूर्वक अगाडि बढाउनुपर्नेमा जोड दिनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकलाई सम्बोधन गर्दै अध्यक्ष दाहालले आफूहरु समग्र राजनीतिक परिवर्तन र उपलब्धिको संस्थापन पक्ष भएको हैसियतले संविधान संशोधनबारे सदनमा स्पष्ट धारणा राख्न चाहेको बताउनुभयो।

"हामी १० वर्ष संविधान कार्यान्वयनमा जाऔं, त्यसपछि यसको गम्भीर समीक्षा गरेर संशोधन गरौँ भन्दै आएका हौँ, यद्यपि संविधान अझै पनि पूर्ण कार्यान्वयन हुन सकेको छैन," अध्यक्ष दाहालले भन्नुभयो, "संविधान कार्यान्वयनका लागि अति आवश्यक ऐनहरू बन्न सकेका छैनन्।

तरपनि नेपाली जनताको अपेक्षाअनुरूप जसरी शासन प्रणाली सञ्चालन हुनुपर्ने हो, जनतामा व्यवस्थाप्रति जसरी भरोसा बढ्नुपर्ने हो, त्यसको गम्भीर समीक्षा भने गर्नैपर्ने अवस्था आइलागेको छ ।" उहाँले यो असन्तुष्टि निर्वाचन प्रणाली, शासकीय संरचना, कार्यशैली र प्रणालीकै कारण त बढेको होइन भन्ने प्रश्न पनि गर्नुभयो।

संविधान संशोधनले नेपाली जनताका अधिकार अझै संस्थागत गर्नुपर्नेमा जोड दिँदै उहाँले उपेक्षित, उत्पीडित जाति, वर्ग, भूगोल तथा समुदायको पहिचान र अधिकार संरक्षणका लागि हुनुपर्ने बताउनुभयो। उहाँले भन्नुभयो, "संविधान जारी हुँदाका असन्तुष्टि हल हुने गरी, संविधानको अग्रगामी संशोधन गर्ने, शासकीय स्वरूप, निर्वाचन प्रणाली, प्रदेशको नामाङ्कन, सिमाङ्कन, पहिचान र अधिकारको सम्बोधन गर्ने, वित्तीय सङ्घीयता, अझ राम्रो समावेशिता र सामाजिक न्यायका लागि संविधान संशोधन गर्ने हो भने दुईतिहाई बहुमत जुटाउने काम म प्रतिबद्धता जनाउँछु।"

आफूहरूले तुलनात्मरूपमा अहिलेको उत्कृष्ट संविधानमा समेत फरक मत राखेर आएको स्मरण गर्दै टालटुले र कर्मकाण्डी सुधारबाट नेपाली समाजको रुपान्तरण नहुने अध्यक्ष दाहालले बताउनुभयो।

उहाँले थप भन्नुभयो, "म प्रतिपक्षी दलको नेताका हैसियतले फेरि जोड दिएर के भन्न चाहन्छु भने लाखौं जनताले यसै गणतन्त्रलाई सुन्दर र उन्नत गणतन्त्र बनाएर आफ्ना सपना पूरा गर्न चाहेका छन्।

जनता गणतन्त्रका पक्षमा, अग्रगमनका पक्षमा छन्। उनीहरु यही गणतन्त्रलाई प्रत्यक्ष निर्वाचित कार्यकारी मोडेलमा सर्भिसिङ गर्न चाहन्छन्।"

दलहरूबीच थुप्रै मतभेद भए पनि शान्ति सम्झौताका सबै सहयात्री भएको उल्लेख गर्दै माओवादी अध्यक्ष प्रचण्डले भन्नुभयो, "गणतन्त्रका हामी सहयात्री हौँ । हामीले आत्मसमीक्षा र आफूलाई सच्च्याउने कठोर सङ्कल्प नगर्ने भने अन्यथा जनताको धैर्यताको सीमा सधैं रहीराख्ने भन्ने हुन्न विष्फोट हुन्छ र सबैलाई त्यसको निम्ति सतर्क हुन अपील गर्दछु।"रासस

> "संविधान कार्यान्वयनका लागि अति आवश्यक ऐनहरु बन्न सकेका छैनन् । तरपनि नेपाली जनताको अपेक्षाअनुरूप जसरी शासन प्रणाली सञ्चालन हुनुपर्ने हो, जनतामा व्यवस्थाप्रति जसरी भरोसा बढ्नुपर्ने हो, त्यसको गम्भीर समीक्षा भने गर्नैपर्ने अवस्था आइलागेको छ ।"

# राष्ट्रिय बस्ती विकास नीति तर्जुमाको काम अघि बढाइएको छः मन्त्री सिंह



काठमाण्डु । उपप्रधान तथा सहरी विकासमन्त्री प्रकाशमान सिंहले बस्तीहरुलाई व्यवस्थित ढङ्गले विकास गर्नका लागि राष्ट्रिय बस्ती विकास नीति तर्जुमाको कार्य अघि बढाइएको बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा मन्त्रालयगत प्रश्नउत्तर कार्यक्रममा मन्त्री सिंहले एकीकृत सहरी विकास र नमूना बस्ती विकासको अवधारणाबमोजिम व्यवस्थित बस्ती विकासका लागि ७५३ वटै स्थानीय तहमा प्राथमिकताका आधारमा लगानी विस्तार गर्दै लगिने बताउनुभयो।

"सङ्घीयता कार्यान्वयनसँगै देशमा तीन तहको सरकारबाट संविधान अनुकूल आ-आफ्नो दायित्व बहन गर्ने क्रममा ७५३ वटा स्थानीय तह कार्यरत रहेको अवस्था छ, यस परिवेशमा सहरी क्षेत्रको व्यवस्थापनको चुनौती स्थानीय तहलाई मात्र नभई सङ्घीय र प्रादेशिक तहमा समेत देखापरेको छ", उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "यसका लागि सङ्घीय, प्रादेशिक र स्थानीय तहले आ-आफ्नो स्तरबाट सहरी पूर्वाधार निर्माण गर्दै गरेको भए पनि न्यून बजेटको कारण तीव्र सहरीकरणले उब्जाएको समस्यालाई सम्बोधन गर्न अझै समय लाग्ने देखिन्छ।"

सांसद प्रेम सुवालको प्रश्नको जवाफ दिँदै उहाँले मन्त्रिपरिषद्को २०७५ मङ्सिर १७ गतेको निर्णयबमोजिम काठमाडौँउपत्यकामाफोहोरमैलाको दीर्घकालिन व्यवस्थापनका लागि बञ्चरेडाँडामा स्यानिटरी ल्यान्डफिल साइटको पूर्वाधार निर्माण गर्ने जिम्मेवारी सहरी विकास मन्त्रालयलाई तोकिएको जानकारी गराउनुभयो।

सहरी विकास तथा भवन निर्माण विभागमार्फत ल्यान्डफिल साइटको करिब ४० मिटर उचाइको बाँधमध्ये हाल २५ मिटर उचाइको बाँधसहितको सम्पूर्ण भौतिक पूर्वाधार निर्माणसम्पन्न गरी सञ्चालनका लागि काठमाडौं महानगरपालिकालाई उपलब्ध गराइएको उहाँको भनाइ थियो।

"हाल बाँधको उचाइ बढाउने कामको खरिद प्रक्रिया अगाडि बढेको छ, सहरी विकास तथा भवन निर्माण विभागअन्तर्गतको क्षेत्रीय सहरी विकास आयोजनाबाट एकीकृत फोहोरमैला व्यवस्थापनका लागि आवश्यक ल्यान्डफिल साइटसहितका पूर्वाधारहरु धनगढी, शुक्लाफाँटा, गोदावरी, वीरगञ्ज र नेपालगञ्जमा निर्माण सञ्चालन भएका छन् र केही सम्पन्न भई सञ्चालनमा आएका छन्।"

उहाँले विगतमा रहेका ५८ वटा नगरपालिकामध्ये आवधिक योजना तर्जुमा गरेका नगरपालिकाहरूको आवधिक योजना कार्यान्वयन गर्नका लागि सघन सहरी विकास कार्यक्रम सञ्चालन भएको जानकारी दिनुभयो।

"आर्थिक वर्ष २०७३/७४ मा मित्रराष्ट्र भारतको सिमानासँग जोडिएका तराई क्षेत्रका १८ वटा जिल्ला सदरमुकाम रहेका नगरपालिकाहरुमा सडक, नाला, बसपार्क, सार्वजनिक पार्कलगायतका पूर्वाधार निर्माणका लागि वार्षिक रु ५० करोडका दरले बजेट विनियोजन भएर सहरी क्षेत्र सुधारमा यस कार्यक्रमले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो", उपप्रधानमन्त्री सिंहले भन्नुभयो, "त्यसपछिका आर्थिक वर्षमा समेत यो कार्यक्रम १०८ वटा नगरपालिकामा विस्तार भई सडक, नाला, बसपार्क, सार्वजनिक पार्क र बजार केन्द्र निर्माण कार्यमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ।"

विसं २०७८ को राष्ट्रिय जनगणनाअनुसार पराल वा खरको छाना भएको घरको सङ्ख्या दुई लाख ६० हजार छ रहेको छ । नेपाल सरकारले आर्थिक वर्ष २०७५/७६ को बजेट वक्तव्यमार्फत पराल वा खरको छाना भएका घरपरिवारहरुलाई जस्तापाताको छानामुनि ल्याउने उद्देश्यअनुरुप सुरक्षित नागरिक आवास कार्यक्रमको सुरुआत गरेको थियो।

त्यस्तै, ३६ जिल्लाबाट सुरु भएको कार्यक्रम हाल ७४ जिल्लामा १५० निर्वाचन क्षेत्रमा रहेका दुई लाख १४ हजार २३० आवास सङ्ख्या स्वीकृत भएका छन् । नेपाल सरकारबाट स्वीकृत सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ अनुसार स्थानीय तहबाट उक्त कार्यक्रम हाल कार्यान्वयन भइरहेको मन्त्री सिंहले जानकारी दिनुभयो।

सांसद सूर्यप्रसाद ढकालको प्रश्नमा उपप्रधानमन्त्री सिंहले सहरी विकास तथा भवन निर्माण विभागबाट २०७५ असार २८ मा कोहलपुर नगरपालिकाभित्र सिटी हल निर्माणका लागि माटो परीक्षण, आर्किटेक्चरल, स्ट्रकचरलसहित सम्पूर्ण डिजाइन तयार भइसकेको जानकारी दिनुभयो।रासस

# पोखरा विमाननस्थलबाट अन्तरराष्ट्रिय उडान विस्तार गर्न निरन्तर छलफलमा छौँ: पर्यटनमन्त्री पाण्डे



काठमाण्डु । संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले पोखरा अन्तरराष्ट्रिय विमाननस्थललाई दिगो सञ्चालन गर्न विभिन्न अन्तरराष्ट्रिय एयरलाइन्स कम्पनीसँग निरन्तर छलफल भइरहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसँग सम्बन्धित प्रश्नको जवाफ दिदैँ उहाँले विमानस्थललाई दिगो रूपमा सञ्चालनका लागि कार्ययोजना स्वीकृत भई कार्यान्वयनमा ल्याइएको बताउनुभयो।

मन्त्री पाण्डेले पोखरा विमानस्थलबाट हुने अन्तरराष्ट्रिय उडानका सन्दर्भमा विभिन्न किसिमका सहुलियत प्रदान गरिएको र जसकारण उडान सङ्ख्या वृद्धि हुने सम्भावना रहेको बताउनुभयो। हाल हिमालयन एयरलायन्समार्फत पोखरा-ल्हासा नियमित उडान भइरहेको र अन्य एयरलायन्ससँग समेत छलफल तथा समन्वय गरी उडान विस्तार गर्ने प्रयास जारिरहेको उहाँले उल्लेख गर्नुभयो।

मन्त्री पाण्डेले नेपाल वायुसेवा निगमको संरचनागत तथा संस्थागत सुधारका कामलाई विशेष प्राथमिकता दिइएको बताउनुभयो। उहाँले भन्नुभयो,"वायुसेवा निगमको संरचनागत तथा संस्थागत सुधार गरी निगमको बजार हिस्सा वृद्धि गर्न विद्यमान संरचनामा व्यवस्थापकीय सुधार गर्ने वा रणनीतिक साझेदार भित्र्याएर संचालन गर्ने वा निगमलाई कम्पनीमा रूपान्तरण गर्ने विकल्पसहित सुझावहरू प्राप्त भएका छन्। उपलब्ध विकल्पबारे विस्तृत अध्ययन र छलफल गरी निगमको आवश्यक सुधार गर्ने विषय मन्त्रालयको उच्च प्राथमिकतामा छ।"

मन्त्री पाण्डेले हिमाल आरोहणलाई व्यवस्थित र सुरक्षित बनाउन मन्त्रालयले प्राथमिकताका साथ काम गरिरहेको सदनलाई जानकारी गराउनुभयो। सरकारले हालसम्म ४७२ वटा हिमाल आरोहणका लागि खुला गरेको तथा ती हिमालको प्रचारप्रसार र प्रवर्द्धनका काम धमाधम भइरहेको उहाँको भनाइ थियो। रासस

# 'नारायणघाट-बुटवल सडकअन्तर्गत दाउन्ने खण्डको समस्या समाधानउन्मुख छ'



काठमाण्डु । भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले नारायणघाट-बुटवल सडकअन्तर्गत पर्ने दाउन्ने खण्डको समस्या समाधानउन्मुख रहेको बताउनुभएको छ।

प्रतिनिधिसभाको सोमबारको बैठकमा सांसदले राख्नुभएका जिज्ञासाको जवाफ दिँदै उहाँले अब उक्त क्षेत्रमा ठूलो पानी परेर समस्या नभएमा सडक निर्बाध सञ्चालनमा आउने बताउनुभयो। अब चाँडै त्यो क्षेत्रमा यात्रुले दुःख भोग्नुपर्ने समस्याको अन्त्य हुने मन्त्री दाहालले आश्वस्त पार्नुभयो । उहाँले सो क्षेत्रमा सडक निर्माण गर्ने क्रममा एकतर्फ सवारीसाधन सञ्चालन गरी काम गर्ने क्रममा ट्राफिक जाम हुन पुगेको बताउनुभयो।

"एसियाली विकास बैंकको ऋण सहयोगमा नारायणघाट-बुटवलखण्ड ११३ किलोमिटर सडक स्तरोन्नतिको कामलाई पूर्व तथा पश्चिम गरी दुई खण्डमा विभाजन गरी निर्माण भइरहेको छ । हालसम्म ६४ प्रतिशत भौतिक प्रगति भएको छ", मन्त्री दाहालले भन्नुभयो।

उहाँले यातायात क्षेत्रलाई चुस्त बनाउन प्राथमिकताका आधारमा सडक निर्माण कार्यलाई तीव्रता दिएको पनि उल्लेख गर्नुभयो। मन्त्री दाहालको भनाइ थियो,"बढी आवागमन हुने क्षेत्र, जनताका उत्पादनको बजार पहुँच र त्रिदेशीय सम्बन्धलाई स्थापित गर्ने क्षेत्रलाई प्राथमिकतामा राखेर काठमाडौँसँग जोडिएका सडक विस्तारको काम भइरहेको छ।"

उहाँले मातहतको मन्त्रालयअन्तर्गत नेपाल निर्माण व्यवसायी विकास परिषद् र देशमा दर्ता भएका 'क' वर्गका ३४८ वटा कम्पनी रहेको बताउनुभयो । समयमा निर्माण सम्पन्न गर्न नसक्ने व्यवसायीको ठेक्का अन्त्य गरी नियमअनुसार कालोसूचीमा राख्न सिफारिस गर्ने गरिएको मन्त्री दाहालले बताउनुभयो । उहाँले भन्नुभयो, "विसं २०८१ असोज महिनासम्म सडक विभागको करिब रु २३० अर्ब कूल ठेक्का दायित्व रहेको छ । चालु आव २०८१/०८२ को असार मसान्तसम्म निर्माण सम्पन्न भएको छ। रासस

# असोज ३ गतेभित्र एनटिभी वर्ल्ड सञ्चालनमा ल्याउन मन्त्री गुरुङको आग्रह


काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सार्वजनिक सेवा प्रसारण नेपालको 'एनटिभी वर्ल्ड' असोज ३ गतेभित्रै सञ्चालन गर्न निर्देशन दिनुभएको छ।

सिंहदरबारस्थित नेपाल टेलिभिजनमा पुगेर उहाँले एनटिभी वर्ल्डको तयारी भइरेहकोमा निरीक्षण गर्दै व्यवस्थपानलाई आवश्यक निर्देशनात्मक सुझाव दिनुभएको हो। मन्त्री गुरुङले एनटिभी वर्ल्डले विश्वमा नेपाल जोड्न महत्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्दै यसको सञ्चालनमा छिटो जोड दिनुपर्ने बताउनुभएको हो।

सञ्चार मन्त्रालयका सचिव राधिका अर्यालले नेपालको मौलिकता र विशेषतालाई कायम राख्ने गरी एनटिभी वर्ल्डका कार्यक्रमहरु प्रस्तुत गर्न सुझाव दिनुभयो। साथै उहाँले विश्वसामु नेपालको पहिचान स्थापित गर्ने विषयमा जोड दिन आग्रह गर्नुभयो।

पिएसबीका अध्यक्ष डा महेन्द्र विष्टले एनटिभी वर्ल्डको मर्म र उद्देश्यपूर्ति गर्न व्यवस्थापनमा खटिएको बताउनुभयो। यसका लागि मन्त्रालयको सहकार्यले नै कार्य सम्पादनमा सघाउ पुगेको उहाँले जानकारी दिनुभयो। सीमित स्रोत र साधनका बीच एनटिभी वर्ल्डलाई विश्वसामु लायक बनाउन प्रयत्नरत हुने उहाँको प्रतिबद्धता छ।

कार्यक्रममा डा टङ्क उप्रेतीले एनटिभी वर्ल्ड सञ्चालनको पूर्वतयारीबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। उहाँको प्रस्तुतिमा एनटिभी वर्ल्ड सञ्चालनको ढाँचा, सामग्री र रचनात्मक संरचनामा केन्द्रित थियो ।रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# अशोभनीय कार्य

मधेश प्रदेश सरकारको नेतृत्व गरिरहेको र संघीय सरकारलाई समर्थन गरेको जनमत पार्टीका नेताले पछिल्लो पटक गरेको क्रियाकलापको चौतर्फी आलोचना हुन थालेको छ। जनमत पार्टीभित्र आन्तरिक विवाद चुलिएको छ । पार्टी अध्यक्ष डा.सी.के.राउतले आफ्नो अनुकुलको लाभ नपाएपछि पार्टीका उपाध्यक्ष, कोषाध्यक्ष लगायतका केही नेताहरुलाई कारबाही गरेका छन् । तर कारबाहीमा परेका नेताहरुले पार्टी नछाडी कार्यकर्तामा आफ्ना विचार राख्न जिल्ला दौडहा थालेका छन् । आन्तरिक विवादको कारण आफ्नै दलका विरोधीलाई निषेधको राजनीति गर्न हुँदैन । पार्टीले कारबाही गरेका अध्यक्ष सीके राउतको कडा आलोचना हुन थालेको छ । पार्टीबाट निलम्बित राष्ट्रिय उपाध्यक्ष इञ्जिनियर दीपक कुमार साह, निलम्बित कोषाध्यक्ष सुरेन्द्र यादव र केन्द्रीय सदस्य वीरेन्द्र साह सुनारमाथि बारामा प्रज्वलनशील पदार्थ प्रहारसहित मोसो छ्यापेर दुर्व्यवहार गरिएको हो । यो घटना पार्टीका अध्यक्ष डा. सीके राउतका निकट मानिने केन्द्रीय सदस्य विकास सिंहको नेतृत्वमा भएको हो । निलम्बित नेताहरूले पार्टीभित्रको असन्तुष्टि र संघर्षलाई उजागर गर्न पार्टी सुदृढीकरण तथा जनसंवाद यात्रा सुरु गरेका छन् । बाराको महागढीमाई नगरपालिका-३ स्थित दहियारमा उनीहरू कार्यकर्तासहित खाना खाएर संवाद कार्यक्रममा जाँदै गर्दा आक्रमण गरिएको थियो । आक्रमणमा परेका नेताहरुले अध्यक्ष राउतले ज्यान मार्ने उदेश्यले आक्रमण गराएको आरोप लगाएका छन् । डा.राउत वैज्ञानिक हुन् । उनी संसारका कयौं देश भ्रमण गरेका छन् । झण्डै डेढ दशकदेखि उनी सक्रिय राजनीतिमा छन् । मधेशलाई अलग राज्यको मागबाट राजनीति थालेका राउत अहिले विखण्डनको विषयलाई छाडेर लोकतान्त्रिक प्रक्रियामा छन् । तर उनको आचरण लोकतान्त्रिक हुन सकेको छैन । मधेश कृषि विश्वविद्यालयको शिलान्यास समारोहमा गराएका घटना, आफ्नै पत्नीमाथि गरेको घटना, पार्टीका संस्थापक नेताहरुमाथि गराएको घटनाहरु लोकतान्त्रिक व्यवस्थामा स्थान पाउँदैन । त्यसमा पनि उच्च शिक्षा हासिल गरेका व्यक्तिले हिंसात्मक गतिविधिलाई प्रश्रय समेत दिँदैनन् । पारिवारिक घेरा, भ्रष्टाचारमा लिप्त नेताहरुलाई प्रोत्साहन र अवसर, किसान लगायत मधेशको मुद्दाबाट विमुख भएका राउतले बारा जिल्लामा गराएको घटनाको आरोपबारे आफ्नो धारणा सार्वजनिक गर्नुपर्छ । राउतका लागि यस्ता कार्यहरु अशोभनीय हो । राउत र जनमत पार्टीको विषयमा विगतको धारणामा परिवर्तन आवश्यक छ । त्यसका लागि लोकतान्त्रिक चरित्र अपनाउन पनि आवश्यक छ । जनमत पार्टीमा इमान्दार नेता, कार्यकर्ताहरु पाखा लागेका छन् । भ्रष्ट, अनुशासनहिन नेता, कार्यकर्ताहरुको पार्टीमा बलियो पकड स्थापित भएको छ । अध्यक्ष राउतले आफ्नै वचनमा समेत टिक्न सकिरहेका छैनन् । उनको बोली र व्यवहार लोकतान्त्रिक मान्यता विपरीत हुन थालेको छ । जनमत पार्टीका लागि यो अशोभनीय हो ।

## आधुनिक रोग निदानका आधारः
# परम्परागत खाद्यबाली



टिकाराम सुनार

आजकल चिकित्सकहरूले एकै स्वरमा भन्न थालेका छन्, "आधुनिकताका नाममा बिर्सिंदै गएका हाम्रा परम्परागत अन्न र रैथाने खाद्यबाली नै आजकालका डरलाग्दा रोग निदानका आधार हुन सक्छन् ।" हुन त सचेत नागरिकले पनि मधुमेह, उच्च रक्तचाप, मोटोपन, क्यान्सर, थाइराइड, हृदयाघातलगायत 'साइलेन्ट किलर' भनिएका रोगका कारण आधुनिक जीवनशैली हो भन्ने कुरा बुझ्दै गएका छन् ।

काठमाडौँको जडीबुटी नरेफाँट बस्ने वसन्तले पनि यो कुरा बुझ्न थालेको तीन वर्ष भयो । उच्च रक्तचाप, मधुमेह र कोलेस्टेरोलसँग एकैपटक सङ्घर्ष गर्नु परेपछि उहाँले यो कुरा बुझ्न थाल्नुभएको हो । उमेरले ३३ वर्ष पुगेका वसन्तले विगतमा खानपान र जीवनशैलीलाई गरेको बेवास्ताको परिणाम हिजोआज भोगिरहनुभएको छ । "औषधि खान थालेकै तीन वर्ष भयो, हाल न खान मन लागेको खान पाइन्छ, न मन लागेको काम निश्चिन्त भएर गर्न पाइन्छ । कामभन्दा औषधि छुट्ने पिरलो", उहाँ भन्नुहुन्छ, "यस्तो अवस्थामा स्वास्थ्यबारे सोच्नु कि करियर ! समयमै ध्यान दिएको भए त यस्तो हुन्थेन होला ।"

ललितपुर टिकाथलीकी ३० वर्षीया श्रीमायाको अवस्था पनि त्यस्तै छ । उमेरले उहाँ ३० वर्षकी हुनुभयो तर तौल भने ८० किलोग्राम । बिहे गरेको छ वर्ष हुन लाग्यो, बच्चा भएको छैन । चिकित्सककहाँ जाँदा थाहा भयो, थाइराइड छ, कलेजो बोसोले टम्म । अब २५-३० केजी तौल नघटाए थप शारीरिक समस्या थप भोग्नुपर्ने छ । अचेल उहाँ अरू प्राथमिकता छोडेर नियमित व्यायामखाना धाउनुहुन्छ । "समस्याको जड त मोटोपन रहेछ, बल्ल १० केजी घट्यो । खै ! ५५ केजी कहिले पुऱ्याउने होला !", श्रीमायाले भन्नुभयो ।

टीकाथलीकी प्रमिलाको तीनपटक गर्भपतनको पीडा सहनुपऱ्यो । चिकित्सकको उच्च निगरानीमा रहेर बल्लतल्ल बच्चा त जन्मियो, तर फुर्तिलो भएन । "थाइराइडको समस्याले गर्भ खेर जाने भइरह्यो, उच्च सतर्कता अपनाएर बच्चा जन्मिए पनि स्वास्थ्य समस्या देखिएको छ । खै ! ध्यान त दिएकै हो, समस्या भइहाले छ", उहाँले दुखेसो पोख्नुभयो ।

यी त उदाहरण मात्रै हुन्, अचेल हरेक घरघर र व्यक्तिव्यक्ति यस्तै कुनै न कुनै समस्याबाट ग्रस्त छन् । मधुमेह, मुटुरोग, उच्च रक्तचाप, मोटोपन, कोलेस्टेरोल, क्यान्सर, मानसिक स्वास्थ्य समस्या, श्वासप्रश्वास रोग, अल्सर, पाचन प्रणाली गडबडीलगायत जीवनशैलीजन्य विविध रोगले डरलाग्दो रूप लिइरहेका छन् । चिकित्सकहरूले नसर्ने रोगको अवस्थालाई 'सुषुप्त महामारी' र 'साइलेन्ट किलर' (बिस्तारै बिस्तारै मार्ने) भन्ने गरेका छन् ।

नसर्ने रोगहरूसम्बन्धी सञ्जाल नेपाल एनसिडी एलायन्स (एनएनसिडिए) का अनुसार नेपाल अब सङ्क्रामकभन्दा नसर्ने रोगका कारण थला पर्दैछ । हरेक वर्ष हुने मृत्युमध्ये ६० प्रतिशत मृत्युको कारण नसर्ने रोगहरू नै छन् । यो विश्वभरिकै समस्या हो । विश्वमा दुई तिहाइ मृत्युको कारण नसर्ने रोग हुन् भने यीमध्ये पनि मुटु रोग, क्यान्सर, मधुमेह र श्वासप्रश्वाससम्बन्धी रोगहरूको हिस्सा ८२ प्रतिशत छ ।

हिजोआज अव्यवस्थित जीवनशैली, असन्तुलित खानपान, स्वास्थ्यका लागि हानिकारक मानिएका पत्रु खाना उपभोग, निस्क्रिय जीवनशैलीजस्ता कारण अनेक रोगका लागि ढोका खोलिदिएका छन् । यो समस्या सहरमा मात्रै नभई ग्रामीण क्षेत्रमा समेत विस्तार भइरहेकामा चिन्ता व्यक्त गर्नुहुन्छ एनएनसिडिएका अध्यक्ष एवं वरिष्ठ मुटुरोग विशेषज्ञ डा प्रकाशराज रेग्मी । हाल ग्रामीण क्षेत्रमा पनि ब्लडप्रेसर, थाइराइड, क्यान्सर, दमखोकी, मधुमेहलगायत समस्या बढिरहेको उहाँको भनाइ छ ।

"हालै कर्णालीको जाजरकोटमा गरिएको एउटा अध्ययनमा तीन जना वयस्कमध्ये एक जना र १० जनामा एक जनामा मधुमेह देखियो । छ वर्षअघि बाथमुटु रोग बढी थियो, अहिले त्यो घट्यो । सहरमा हृदयघात पहिलो र थाइराइड दोस्रो समस्याका रूपमा छ", उहाँले भन्नुभयो, "प्रशोधित खानेकुरा, तयारी खाना (जङ्क फुड), चिल्लो, गुलियो, नुनिलो धेरै खाने तर परिश्रम नगर्ने अव्यवस्थित जीवनशैलीले समस्या भइरहेको छ ।"

डा रेग्मी ग्रामीण क्षेत्रमा खानापछि खानु भनेको औषधि पनि बिस्कुट खाएर सेवन गर्ने, घरको चामल बेचेर बजारको प्रशोधित मसिनो चामल, मैदा उपभोग गर्नेजस्ता व्यवहारले समस्यालाई बढावा दिइरहेको धारणा राख्नुहुन्छ । "हाल सहरमा बरु केही चेतना बढेको छ, तर गाउँमा देखासिकी । मकै बेचेर चाउचाउ, घरको चामल, पीठो, गेडागुडी बेचेर बजारबाट तयारी खानेकुरा ल्याउने प्रचलन बढ्दो छ । यो चिन्ताको विषय हो", उहाँले भन्नुभयो ।

नेपाल जनसाङ्ख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०२२ अनुसार पोषणकै कमीले हाल पाँच वर्षमुनिका बालबालिकामा २५ प्रतिशतलाई पुड्कोपना, आठ प्रतिशतमा ख्याउटेपना, १९ प्रतिशतमा कम तौल, ४३ प्रतिशत बालबालिका र ३४ प्रतिशत महिलामा रक्तअल्पता छ ।

यसले व्यक्तिको जीवनमा मात्रै होइन, देशको अर्थतन्त्र, परिवार र सामाजिक संरचनामा समेत गम्भीर असर परिरहेको जनस्वास्थ्यविद् डा अरुणा उप्रेतीको भनाइ छ । हाल बाल्यावस्था र युवावस्थामै विभिन्न शारीरिक तथा मानसिक समस्या उत्पन्न हुँदा राष्ट्रको स्वास्थ्यलाई नै समस्यामा पारिरहेको उहाँ बताउनुहुन्छ । "नसर्ने र अन्य रोग निम्त्याउने कारणमा हाम्रो खाद्यबानी, जीवनशैली र आफ्नो पौष्टिक खाद्यवस्तु छाडेर आयातित जङ्क फुड/पत्रु खाना खाने र खुवाउने प्रवृत्तिले समस्या भइरहेको छ । सजिलोका लागि धेरैको रोजाइमा यस्तै वस्तु छन्, जसले एकछिन र एकदिनका लागि सजिलो भए पनि जीवनभरका लागि मधुमेह, उच्च रक्तचाप, मोटोपन निम्तिन्छ । यो विषय हरेकले बुझ्न आवश्यक छ", उहाँले भन्नुभयो ।



### थपिँदै चुनौती

विभिन्न अध्ययनले विश्वमा प्रत्येक दुई सेकन्डमा ७० वर्षमुनिका एक व्यक्तिको नसर्ने रोगकै कारण मृत्यु हुने गरेको देखाएका छन् । यसरी हुने अकाल मृत्युमध्ये ८६ प्रतिशत हिस्सा न्यून मध्यम आय भएका देशहरूको छ ।

आधुनिक जीवनशैली, खानपान र शारीरिक निष्क्रियताका कारण यो समस्या झन् जटिल बन्दै गएको छ । विश्व मुटु महासङ्घका अनुसार विश्वभर बर्सेनि दुई करोड पाँच लाख मानिसले मुटुको रोगबाट ज्यान गुमाउँछन् । यीमध्ये विकासोन्मुख र अविकसित राष्ट्रहरूमा बर्सेनि ज्यान गुमाउनेको सङ्ख्या ८० प्रतिशतभन्दा बढी पर्न आउँछ । विश्व स्वास्थ्य सङ्गठनले भविष्यवाणी गरेअनुसार सन् २०३० सम्ममा विश्वभर मुटु रोगबाट ज्यान गुमाउनेको सङ्ख्या बर्सेनि दुई करोड ५० लाख पुग्नेछ ।

यस्तै, कोरोनरी मुटुको रोग (हृदयघात) संसारकै एक नं हत्यारा रोगका रूपमा स्थापित हुनेछ ।

नेपालमा पनि यो समस्या स्वास्थ्य सङ्कटकै रुपमा देखिँदै गएको नेपाल हृदय रोग निवारण प्रतिष्ठानको तथ्याङ्क छ । प्रतिष्ठानका अनुसार हाल नेपालमा ३० प्रतिशत अर्थात् करिब एक करोड मानिस कुनै न कुनै प्रकारको मुटुरोगबाट पीडित छन् । यो सङ्ख्या २० वर्षयता पाँच गुणाले बढेको छ । नेपाल एनसिडी एलायन्सले पनि नेपालमा करिब ३० प्रतिशत वयस्क नागरिकलाई उच्च रक्तचाप, २५ प्रतिशतलाई कालेस्टेरोल, १० प्रतिशतलाई मधुमेह र एक प्रतिशत बालबालिकालाई बाथ मुटु रोग रहेको जनाएको छ । यसो हुनुमा ९० प्रतिशत नेपालीले मुटुमैत्री खाना नखानु, करिब ५० प्रतिशत सहरिया नेपालीले आवश्यक व्यायाम नगर्नु र ४० प्रतिशतले चुरोट, सुर्तीजन्य पदार्थ सेवन गर्नुलाई कारण मानिएको छ ।

### हाम्रै खाद्यबाली औषधि र भान्छा औषधालय

विभिन्न समयमा भएका अध्ययनले जीवनशैली परिवर्तनबाट मात्र पनि ९० प्रतिशतभन्दा बढी मुटुलगायत नसर्ने रोगका कारणमाथि नियन्त्रण गर्न सकिने देखाउँछन् । समग्र नसर्ने रोगको निदानका लागि स्वास्थ खानपान, प्राकृतिक जीवनशैली र नियमित परिश्रम नै अचुक उपाय भएको जानकारहरू बताउँछन् ।

नेपाल सरकार, खाद्य अनुसन्धान केन्द्रका प्रमुख डा रोमन कार्की नसर्ने रोगको मूल जडका रूपमा 'इन्सुलेन्स रजिस्टेन्स' रहेको बताउनुहुन्छ । यो भनेको शरीरका कोषहरूले इन्सुलिन हर्मोनप्रति ठीकसँग प्रतिक्रिया नजनाउने अवस्था हो । जुन प्यान्क्रियासबाट निस्कन्छ र शरीरमा ग्लुकोज (चिनी) लाई कोषहरूभित्र लैजाने काम गर्छ, तर जब कोषहरूले इन्सुलिनलाई 'नचिन्ने' अवस्था बन्छ, तब रगतमा चिनीको मात्रा बढ्छ । शरीरले धेरै इन्सुलिन उत्पादन गर्न थाल्छ ।

यसले गर्दा बिस्तारै टाइप २ डायबेटिज, मोटोपना, हृदय रोग, मेटाबोलिक सिन्ड्रोमजस्ता नसर्ने रोगहरू देखापर्न थाल्छन् । "यो शारीरिक असन्तुलनको मौन सुरुआत हो, तर सुरुआतमा बेवास्ता गरिन्छ, पछि दीर्घकालमा गम्भीर स्वास्थ्य समस्याको कारण बन्नसक्छ", उहाँले भन्नुभयो, "यसको पनि मूल जड इनर्जी बढी भएका, तर पोषणतत्व कम भएका अत्यधिक प्रशोधित खानाको सेवन गर्नु हो । खानेबित्तिकै तुरुन्त पच्ने र ग्लुकोजको मात्रा बढाउने खालका अत्यधिक पोलिस गरेका 'जिआइ फुड' (चामल, मैदा, चिप्स, फ्रेन्च फ्राई, चिनी, कोक आदि) यसमा पर्छन् । यो समस्या हाल १५/१६ वर्षकै उमेरमा देखिन थालेको छ ।"

यसको विकल्पमा हाम्रा रैथाने खाद्यबाली अर्थात् कम ग्लाइसेमिक इन्डेक्स (लो जिआई फुड) भएका कोदो, ब्राउन चामल, किन्नोआ, मसुरो, मस्यौरालगायत प्रशोधन नगरिएका सूक्ष्म पोषक तत्वयुक्त खानेकुरा प्रयोग गर्नु उत्तम हुने डा कार्कीको सुझाव छ ।

राष्ट्रिय कृषि आनुवंशिक स्रोत केन्द्र (जिन बैङ्क) का प्रमुख डा बालकृष्ण जोशी सहरिया भनेर चिनिने नसर्ने रोग निदानमा रैथाने औषधीय अनाज र कोदे बाली उपयोगी हुने बताउनुहुन्छ । रैथाने बाली शुद्ध, पोषिलो, स्वस्थ, गुणस्तरीय र स्वादिलो (पञ्चगुण) र खाद्य, पोषण, स्वास्थ्य, व्यवसाय र वातावरण (पञ्चकर्म) का लागि पनि उपयोग हुने उहाँको भनाइ छ । "मधुमेह, उच्च रक्तचाप, मुटुरोग, हृदयघात, मोटोपन, थाइराइड, ग्यास्ट्रिक, अपच, प्रोस्ट्रेड, उच्च कोलेस्ट्रोल, कलेजोमा बोसोजम्ने जस्ता जीवनशैलीजन्य रोगहरू तीव्र गतिमा फैलिरहेका छन्, तर यी रोगहरूको रोकथामको उपाय हाम्रै रैथाने खाद्यबाली र परम्परागत खानपानमा छ", डा जोशी भन्नुहुन्छ, "खासगरी कोदे बाली (कागुनो, जुनेलो, कोदो, सामा, धान कोदो, घोँगे र चिनो) को सेवनले अस्पतालले निको नपारेका रोगहरू पनि निको भएका अनुभव मैले सुनेको छु । यसमा रोगप्रतिरोधी विभिन्न १५ वटा गुण पाइने भएकाले पनि स्वास्थ्यका लागि अचुक उपाय हुन् । यति मात्रै होइन हाम्रा परम्परागत खानामा पाइने फाइबर, प्रोबायोटिक, एन्टिअक्सिडेन्ट र स्वस्थ फ्याट्सले पाचन, मुटु र प्रतिरक्षा प्रणालीलाई सुदृढ बनाउने गरेको विभिन्न अध्ययनले देखाएका छन् ।"

कृषि तथा पशुपन्छी विकास मन्त्रालयका सहसचिव डा रामकृष्ण श्रेष्ठ पेट भर्नका लागि (क्यालोरी पाइने) पर्याप्त विकल्प भए पनि सूक्ष्म पोषकतत्व पाइने खाद्यमा ध्यान नदिँदा स्वास्थ्यमा विविध समस्या देखिएको बताउनुहुन्छ । "पहिलो कुरा त हामीले विविधतायुक्त खानपान व्यवहार छोड्दै गयौँ । एकल बाली कृषि प्रणालीका कारण उत्पादन सीमिततामा गयौँ । यस्ता उत्पादनले पोषणका लागि क्यालोरी त पूरा भयो, तर सूक्ष्म पोषकतत्वको अभाव देखियो । यसले मान्छेको सर्वाङ्गीण विकास हुनसकेन", डा श्रेष्ठ भन्नुहुन्छ, "यो समस्या सहरको मात्रै होइन, खुलाबजार अर्थतन्त्रका कारण बहुराष्ट्रिय कम्पनीले उत्पादन गरेका जङ्क फुड दूरदराजमा पनि पुगे । कोदाका रोटी, मकैका ठेट्ना, रैथाने खाद्यसामग्री विस्थापित हुन थाले । मही खान छोडेर बजारका पेयपदार्थ रोज्न थाल्यौँ । हाल खान नपाएर कुपोषण हुने सङ्ख्या करिब छ प्रतिशत छ, तर धेरै खाएर, खान नजानेर र सूक्ष्म पोषकतत्वको अभावमा शारीरिक, मानसिक, सामाजिक र हरेक दृष्टिले कुपोषित हुने सङ्ख्या अत्यधिक छ ।"


उहाँ पनि यसको समाधान कोदो, फापर, जौ, मकै, भटमास, सिमी, गुन्द्रुकलगायत हाम्रा रैथाने बाली र खाद्य व्यवहारमै देख्नुहुन्छ । "यसर्थ अब हरेक नागरिकले कम्तीमा आफ्नो स्वास्थ्यका लागि, सरकारले ग्रामीण अर्थतन्त्र, खाद्य सुरक्षा, दिगो, उत्थानशील र समावेशी खाद्य प्रणालीका लागि रैथाने बालीको विकास र प्रयोगमा जोड दिन आवश्यक छ", डा श्रेष्ठको भनाइ छ ।

रैथाने गौआधारित कृषि र पञ्चगव्यको उपयोगबारे सन्देश फैलाइरहनुभएका वरिष्ठ चार्टर्ड एकाउन्टेन्ट कौशलेन्द्र झा पनि आधुनिक रोगहरूको निदानका लागि परम्परागत खाद्यबाली र बानी महत्वपूर्ण हुने धारणा राख्नुहुन्छ । उहाँ आधुनिकताको लहलहैमा आफ्नो माटो छोड्दा नेपाली सामाज नै आधुनिक रोगहरूका कारण थला पर्न थालेको जिकिर गर्नुहुन्छ । "आयातित जङ्क फुडको कुरा मात्रै होइन, हाम्रो नीति, अभ्यास र आधुनिकताको लहडले नेपाली माटो, हावापानी पनि प्रदूषित भइरहेको छ । हाम्रा मही, दही, घीउलगायत पञ्चगव्य, कोदो, फापर, मस्यौराजस्ता सुपर फुड हेलामा पर्दा रोगव्याधि बढेर हैरानी बढेको हो", झा भन्नुहुन्छ, "पहिले परम्पराग उब्जनी भएका अन्नबालीमा प्राकृतिक गुण भएकाले रोग प्रतिरोधी क्षमता थियो । अन्न होइन, स्वास्थ्यका लागि अमृतपान गरेजस्तै हुन्थ्यो । हाल पञ्चतत्व नै विशाक्त भए, जीवनशैली अप्राकृतिक भयो । शरीर मात्रै होइन, मानसिकतामै नकारात्मक पक्ष हाबी हुँदै गएको छ । जसले क्यान्सरजस्ता असाध्य रोगबाट व्यक्ति र गलत सोचका कारण समाज आक्रान्त छ ।"

त्यसैले अब हाम्रै रैथाने बाली, बानी र खाद्य प्रणाली विकासमा लाग्नुपर्ने उहाँको भनाइ छ। "आधुनिक रोगहरूको समाधान खोज्दै विदेश र अस्पताल धाउनुभन्दा अब हाम्रो आफ्नै भान्सामा फर्केर हेर्ने समय आएको छ । अब परम्परागत खाद्य र जीवन पद्धति नै हाम्रो सुन्दर भविष्यको आधार बन्नसक्छ", अभियन्ता झाको निष्कर्ष छ ।

पत्रु खाना विरोधी अभियानमा सक्रिय डा उप्रेति पनि 'फास्ट फुड' र प्रशोधित खानेकुराको सट्टा गाउँघरका परम्परागत खाना र खाने पद्धतिको संरक्षणमा लाग्नुपर्ने आवश्यकता औँल्याउनुहुन्छ । "विभिन्न अध्ययनले नै रूप र गुण नबिगारिएका वनस्पतिजन्य पदार्थहरूबाट तयार पारिएका खानालाई उचित समय र मात्रा मिलाएर खाने र आचारविचार ठीक राखे धेरै रोगबाट बच्न सकिन्छ भन्ने कुरा प्रमाणित गरिसकेका छन् । त्यसैले रैथाने बालीको संरक्षण र उपयोगमा व्यक्ति तथा सिङ्गो राज्य नै लाग्नुपर्छ", उहाँ सुझाउनुहुन्छ ।रासस

# प्रदेश भाषा र लोपोन्मुख भाषा वक्ताका पीडा



गणेश राई

भाषा आयोगले सात प्रदेशमा १२ वटा भाषा प्रादेशिक सरकारी कामकाजको भाषा हुनसक्ने भन्दै सिफारिस गरेको आधा दशकभन्दा बढी भएको छ । सिफारिअनुसार बागमती प्रदेशले 'प्रदेश भाषा ऐन, २०८१' जारी गर्दै तामाङ र नेपाल भाषा सरकारी कामकाजको भाषा घोषणासहित कार्यान्वयनका क्रममा रहेको छ । गण्डकी प्रदेशसभाले यही २०८२ असार २४ गते 'प्रदेश सरकारी कामकाजको भाषा विधेयक' पारित गर्दै मगर र गुरुङ भाषालाई प्रादेशिक सरकारी कामकाज घोषणा गरेको छ । आयोगबाट सातवटै प्रदेशमा कुल १२ वटा भाषा सरकारी कामकाजको भाषाका रूपमा सिफारिस गरिएकामा दुई प्रदेशमा दुई-दुईवटा भाषाहरू प्रदेश सरकारी कामकाजको भाषाका रूपमा मान्यता प्राप्त भई नेपालको भाषिक इतिहासमा सफलतम् अभ्यास सुरु हुन पुगेको छ ।

साथै, अन्य पाँच प्रदेशमध्ये कोशी प्रदेश र मधेश प्रदेशमा भाषा विधेयक तयार भई पारित हुने प्रक्रियामा छन्भने लुम्बिनी प्रदेश, कर्णाली प्रदेश र सुदूरपश्चिम प्रदेशमा पनि प्रदेश सरकारी कामकाजको भाषासम्बन्धी कानुनी तर्जुमाको प्रक्रिया अघि बढेको देखिन्छ । भाषिक सङ्घीयताको दृष्टिले नेपालका प्रदेशहरूमा सम्बन्धित प्रदेशमा बहुसङ्ख्यक जनताले बोल्ने एकभन्दा बढी भाषा सरकारी कामकाजको प्रयोगमा आउनु अत्यन्त सुखद पक्ष हो ।

तथ्याङ्कअनुसार मुलुकमा १४२ जातजाति र १२४ भाषा छन् । बहुसङ्ख्यकले बोल्ने भाषाहरू प्रदेश सरकारी कामकाजको भाषा घोषणा भएपछि अब थप समृद्धितर्फ अघि बढ्नेछन् । ती भाषाहरू बोल्ने समुदायको पहिचान सुनिश्चित हुनेछ । ती बोल्न जान्ने, पढ्ने, लेख्न जान्ने युवा पुस्ताहरूले अवसर पाउनेछन् । साहित्य स्रष्टा, सङ्गीत स्रष्टा, इतिहास अभिलेखनमा थप गाढापन छाउँदै जानेछ । जेनजी पुस्ताले बहुसङ्ख्यक रहेको आफ्ना मातृभाषाको प्रवर्द्धनमा दिलोज्यान दिनेछन् । ठीक विपरीत नेपालका अल्पसङ्ख्यक भाषाहरू दिनानुदिन विलयतर्फ जाँदैछन् । २०७३ सालमा भाषा आयोग गठन भएपछि मुलुकको भाषाहरूको अध्ययन, अनुसन्धान गरी अवस्थाको वर्गीकरण गरेको छ । त्यसमध्ये १० वटा लोपोन्मुख भाषाको संवर्द्धनमा काम गर्दैआएको आयोगले जनाएको छ । यसमा इलामको लुङखिम, खोटाङको तिलुङ, सिन्धुलीको हायु, दोलखाको सुरेल, लमजुङको दुरा, गोरखा र धादिङको बराम (बालकुरा), दाङ र सुर्खेतको कुसुन्डा तथा राउटे भाषा संरक्षण अभियान सञ्चालन भएको छ ।

बराम (बालकुरा) भाषा बोल्ने एक हजार ५३९ जना छन् । यो भाषा बचाउन अध्ययन अनुसन्धान भए पनि समुदाय जागरुक छैन । समुदायका प्रतिनिधिका अनुसार बरामको सामूहिकताका निम्ति आंशिक रूपमा भौतिक पूर्वाधार बनेको छ । तर मातृभाषामा पढाइलेखाइ गरेर जागिर नपाइने र सरकारी सेवामा प्रवेशमा सहयोग नपुग्ने भएकाले आकर्षण नरहेको बुझाइ रहेको छ । लोपोन्मुख लुङखिम राई भाषा बोल्ने ७०२ जना छन् । तर समाजमा लुङखिम राई भाषा बोल्न जान्ने दुई जना मात्र छन् । तीन वर्षदेखि समुदायमाझ हरेक वर्ष डेढमहिने भाषा प्रशिक्षण कार्यक्रम सञ्चालन गरिएको छ । सहभागीहरुले भाषा कक्षामा रहेसम्म अभ्यास गर्छन् भने घर फर्किएपछि व्यवहारमा उतार्न भने सहज मान्दैनन् । यसको मुख्य कारण भाषा रोजगारीसँग नजोडिनु हो । भाषा अर्थोपार्जनसँग नजोडिएकाले दैनिक जीवनमा लागू हुन सकेको छैन ।

कुसुन्डा भाषा बोल्ने जम्मा २३ जना छन् । थोरै जनसङ्ख्या भएको कुसुन्डालगायत समुदायप्रति राजनीतिक पार्टी र सरकारको दृष्टि नपुग्ने सम्बन्धित समुदायले अनुभूत गरेका छन् । स्थानीय सरकारसँग बजेट माग्न जाँदा किन चाहियो तपाईंलाई भाषा ? देश कहाँबाट कहाँ पुगिसक्यो । अरु जागिर खाने कुरा गर्नोस् । भाषा सिकेर के हुन्छ ? के पाइन्छ ? के फाइदा छ ? कसले बुझ्छ तपाईंको भाषा ? भन्छन् । तर, भाषा हराएसँगै कुसुन्डाको पहिचान हराउने अवस्था छ ।

भाषाशास्त्रीको भनाइमा भाषा अभिलेखीकरणले मात्र बाँच्दैन । लोप भएर पछि खोज्न सजिलो हुनका लागि मात्र अभिलेखीकरण हो । लोपोन्मुख भाषाहरूको प्रयोगमा सम्बन्धित समुदायको संलग्नता अनिवार्य हुनुपर्छ । भाषा संरक्षण गर्न उनीहरू आफैँले प्रयोग गर्नुपर्छ । अभिलेखीकरण भन्नाले शब्द सङ्कलन, शब्दकोश निर्माण, व्याकरण निर्माण र प्रकाशन मात्र बुझ्ने गरिएको छ । यसको दायरा फराकिलो गरी श्रव्य, दृश्यसहित अभिलेखीकरण गर्नु अहिलेको आवश्यकता हो । यसलाई प्राथमिकता दिन जरुरी छ । तर समुदायमा भाषा सिकेर के हुन्छ ? हामीले के पाउँछौँ ? भन्ने प्रश्नले भाषा संरक्षणमा सहयोग पुग्दैन । संविधानले भनेजस्तो मुलुकमा बोलिने सबै भाषा राष्ट्रभाषा हुन् भन्ने शब्दलाई राज्यले व्यवहारमा उतार्ने प्रयास गरेको छैन । कुनै पनि भाषा मुलुकको सम्पदा हो भने राज्यले त्यसैअनुसार नीति, कार्ययोजना, कार्यक्रम र बजेटको तर्जुमा गरेर सम्बन्धित मातृभाषी समुदायको शिरउभौनी गर्न जरुरी छ । सङ्घ, प्रदेशमात्र नभई दायित्व स्थानीय निकायको दायित्व दरिलो तुल्याउन जरुरी छ ।

भाषाविद्का अनुसार सैद्धान्तिक रूपमा एक लाखभन्दा कम वक्ता रहेका सबै भाषा लोपोन्मुख भाषा हुन् । लाखभन्दा बढी वक्ता रहेको भाषा सुरक्षित भाषा मानिन्छ । एक लाखभन्दा बढी वक्ता रहेका भाषा २० वटा मात्र छन् । त्यसमा नेपाली, मैथिली, भोजपुरी, थारू, तामाङ, नेवाः (नेपाल), बज्जिका, मगर ढुट, डोटेली, उर्दू, अवधी, याक्थुङ (लिम्बू), गुरुङ, बैतडेली, अछामी, बान्तावा, राजवंशी, शेर्पा, मगही, खस पर्दछन् । व्याकरण र शब्दकोशले मात्र भाषा बाँच्दैन । लोपोन्मुख जातिका भाषा बचाउन सकिने उपाय अपनाएनौँ भने भोलि तिनको अस्तित्व मेटिने खतरा छ । तसर्थ, भाषा वक्ताहरू एकै ठाउँ बसोबास गर्नुपर्छ भन्ने छैन ।

जहाँ रहे पनि 'डिजिटल' प्रयोगबाट भाषा संरक्षणका लागि पहल गर्न सकिन्छ ।

भाषा र संस्कृतिसम्बन्धी काम गर्ने दर्जनौँ निकाय छन् । वार्षिक अर्बौं खर्च गर्छन् । तर त्यो बजेटको कुनै परिणाम देखिँदैन । भाषा, साहित्य, संस्कृतिका विषयसँग सम्बन्धित निकायहरूमा सङ्घीय शिक्षा मन्त्रालय, संस्कृति मन्त्रालय, भाषा आयोग, आदिवासी जनजाति आयोग, थारू आयोग, मधेशी आयोग, समावेशी आयोग, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान, नेपाल प्रज्ञा-प्रतिष्ठान, प्रदेश मन्त्रालयहरू, स्थानीय निकायहरू, स्थानीय निकायअन्तर्गतका प्रज्ञा-प्रतिष्ठानहरू छन् ।

## ‘विकास भएको छैन भन्नु भ्रम हो’



झापा । नेपाली कांग्रेसका महामन्त्री विश्वप्रकाश शर्माले देशमा विकासका काम धेरै भए पनि ‘केही भएको छैन’ भन्ने भाष्य निर्माण गर्न खोजिएकामा आपत्ति जनाउनुभएको छ ।

यहाँस्थित बुद्धशान्ति गाउँपालिका-४ मा सोमबार भूमिहीन दलित, सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई जग्गाको धनीपुर्जा वितरण गर्न आयोजित कार्यक्रमलाई सम्बोधन गर्दै उहाँले मुलुकमा भइरहेको विकासलाई नदेखेजस्तो गर्दै ‘केही भएको छैन’ भन्नु भ्रम भएको बताउनुभयो ।

“गौँडा गौँडामा कालोपत्रे सडक बनेको छ, यही पालिकामा रु १८ करोडभन्दा बढीका खानेपानीका योजना परेका छन्”, उहाँले भन्नुभयो, “नेपालकै तेस्रो लामो झोलुङ्गे पुल यहीँ छ, अनि अझै विकास भएन भन्ने ?” उहाँले जताततै सडक, पुल, खानेपानी, विद्युत् विस्तार र अस्पतालको सुविधालगायतका विकासका काम भएको चर्चा गर्नुभयो । उहाँले नागरिकलाई विकाससँगै सुशासन पनि चाहिएको बताउनुभयो ।

महामन्त्री शर्माले महँगो कर लगाएर धनीपुर्जा वितरण गर्ने काम विगतमा आफूले रोकेको स्मरण गर्नुभयो । उहाँले आफ्नो आग्रहलाई स्वीकारेर सरकारले जग्गाको राजस्व आधा घटाएको उल्लेख गर्नुभयो । सोमबार बुद्धशान्ति गाउँपालिका-४ का १९५ जना भूमिहीनलाई जग्गाको धनीपुर्जा वितरण गरिएको पालिकाका अध्यक्ष मनोज प्रसाईले जानकारी दिनुभयो ।

भूमि समस्या समाधान आयोग झापाका अध्यक्ष मदन अधिकारीले तत्काल झापामा ५५० जनालाई जग्गाको धनीपुर्जा वितरण गरिने बताउनुभएको छ । दुई दिनअघि मात्र प्रधानमन्त्री केपी शर्माले कनकाई नगरपालिकाबाट जग्गाको धनीपुर्जा वितरण शुभारम्भ गर्नुभएको थियो । कनकाईमा १५७ जनाले जग्गा धनीपुर्जा प्राप्त गरेका थिए ।

यसैगरी, असार ३२ गते अर्जुनधारा नगरपालिकामा १३२ जनालाई जग्गाको धनीपुर्जा वितरण गरिने आयोग झापाका अध्यक्ष अधिकारीले बताउनुभयो । यसअघि गठित आयोगले दुई हजार ५०० भन्दा बढी धनीपुर्जा वितरण गरेको तथ्याङ्क आयोगमा रहेको उहाँको भनाइ छ । उहाँका अनुसार कतिपय व्यक्तिहरुले जग्गाको राजस्व तिर्न नसकेका कारण तयार भइसकेका धनीपुर्जा समेत वितरणमा ढिलाइ भइरहेको छ ।

झापामा विसं २०७७ यता आयोगमार्फत ५५ हजार भूमिहीन दलित, अव्यवस्थित बसोबासी र सुकुम्बासीलाई जग्गाको निस्सा वितरण गरिसकेको उहाँले जानकारी दिनुभयो ।रासस

## सरकारको एक वर्षः

# अर्थतन्त्रको शिथिलता अन्त्य गर्न कति सक्षम ?

काठमाण्डु । प्रधानमन्त्री केपी शर्मा ओलीले गत वर्ष साउन ६ गते संसद्मार्फत दुई सत्तारूढ दल नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच भएको सातबुँदे सहमति सार्वजनिक गर्नुभएको थियो ।

उक्त सहमतिमा संविधान संशोधन, भ्रष्टाचार नियन्त्रण, सुशासन कायम, विकास निर्माणका काममा तीव्रताजस्ता महत्वपूर्ण बुँदाहरु थिए । यो समीक्षा मूलतः उक्त सातबुँदे सहमतिको बुँदा नम्बर ३ कार्यान्वयनको अवस्थाबारे केन्द्रित छ ।

नेपाली कांग्रेस र एमालेबीच भएको उक्त सहमतिको बुँदा नम्बर ३ मा भनिएको छ, “अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यावसायिक वातावरण तयारी गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने ।”

यो बुँदा कार्यान्वयनको अवस्था कस्तो छ भन्ने हेर्नका लागि राससले सरकार र मातहतका निकायको आधिकारिक दस्तावेज, प्रतिवेदन, वार्षिक बजेटलगायत सार्वजनिक विवरणहरुको सहारा लिएको छ ।

करिब डेढ महिनाअघि जेठ १५ गते संसद्मा प्रस्तुत भएको र अहिले सदनबाट पारितसमेत भइसकेको आर्थिक वर्ष २०८२/८३ को बजेट वक्तव्यको बुँदा नम्बर १८ देखि २३ सम्म हेर्ने हो भने मुलुकको आर्थिक अवस्था र वित्तीय स्वास्थ्य ठीक छैन । विकास निर्माणका काममा गति छैन । आन्तरिक रोजगारी बढेको छैन । निजी क्षेत्रमा लगानीका लागि आत्मविश्वास छैन ।

समयमै पर्याप्त कानुनी व्यवस्था गर्न नसक्दा र अनुसन्धान तथा अभियोजन प्रभावकारी हुन नसक्दा मुलुक सम्पत्ति शुद्धीकरणको सघन अनुमगन सूची (ग्रे लिस्ट) मा छ । समग्र मागमा आएको कमीले गर्दा उद्योग क्षेत्र पूर्ण क्षमतामा सञ्चालन हुन सकेको छैन । भौतिक पूर्वाधारमा गरिएको लगानी आर्थिक क्रियाकलाप विस्तारमा प्रतिबिम्बित हुन नसक्दा उत्पादन वृद्धिमा वाञ्छित योगदान पुग्न सकेको छैन । डिजिटल पूर्वाधारको कमीले डिजिटल अर्थतन्त्र विकासको गति सुस्त छ ।

मुलुकको श्रम बजार र उत्पादित जनशक्तिको सीपबीच सामाञ्जस्यता छैन । औद्योगिक र निर्माण क्षेत्रमा आवश्यक जनशक्ति विदेशबाट आपूर्ति गर्नुपर्ने अवस्था छ । स्वदेशमा पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसक्दा अर्धदक्ष जनशक्तिसमेत विदेश पलायन हुने प्रवृत्ति चिन्ताजनक अवस्थामा छ। गरिबीको रेखामुनिको जनसङ्ख्याको अनुपात अझै उच्च छ ।

मुलुकको कुल स्थिर पुँजी निर्माणमा निजी क्षेत्रको योगदान अपेक्षित मात्रामा बढ्न सकेको छैन । लगानी जोखिम व्यवस्थापन गर्न विकसित भएका नवीनतम् वित्तीय उपकरणहरूलाई प्रभावकारी रूपमा परिचालन गर्न सकिएको छैन । उत्पादनमूलक क्षेत्रमा आवश्यक मात्रामा वित्तीय साधन प्रवाह हुन सकेको छैन । नियामक निकायहरूको भूमिकालाई प्रभावकारी बनाउने र वित्तीय जोखिम न्यून गर्ने चुनौती छ। पहिलोपटक सम्पन्न भएको मुलुकको ‘क्रेडिट रेटिङ’बाट तुलनात्मक रूपमा अनुकूल नतिजा प्राप्त भए पनि त्यसबाट लाभ लिन बाँकी छ। नीतिगत र कानुनी सुधार गरिए पनि अपेक्षाकृत रूपमा विदेशी पुँजी र प्रविधि आकर्षित हुन सकेको छैन ।

निर्यात विस्तार र विविधिकरण हुन नसक्दा उच्च व्यापार घाटा कायमै छ। कमजोर उत्पादन क्षमताले गर्दा उपभोग्य वस्तुको आयात उच्च छ। पर्यटन, सूचना प्रविधिलगायतका क्षेत्रबाट सेवा निर्यात हुने उच्च सम्भावनाको अपेक्षित लाभ लिन सकिएको छैन । विप्रेषणको उच्च भूमिका रहेको बाह्य क्षेत्रलाई दिगो रूपमा सन्तुलनमा राख्ने चुनौती छ।

विकासका लागि राजस्व बचत न्यून हुँदै गएको छ। आम्दानीका स्रोतहरू साँघुरिँदै गएका छन् । राजस्वको वर्तमान संरचनालाई आन्तरिक उत्पादनमा आधारित, फराकिलो र दिगो बनाउने चुनौती छ । विनियोजन कुशलता कायम गर्न सकिएको छैन। चालु खर्च उच्च रहँदा परम्परागत स्रोतबाट पुँजीगत खर्च जुटाउन चुनौतीपूर्ण बन्दै गएको छ । कार्यान्वयन पक्ष कमजोर हुँदा आयोजना सम्पन्न गर्न लामो समय र बढी लागत लाग्ने अवस्था रहेको छ । स्रोतको आवश्यक प्रबन्ध नहुँदा विकास आयोजना तथा कार्यक्रमहरु घोषणामा सीमित हुने जोखिम छ।

सार्वजनिक ऋणको बढ्दो परिमाणले ऋणको दिगोपना कायम गर्ने चुनौती थपेको छ। सार्वजनिक प्रशासनलाई व्यवसायिकीकरण गर्न नसक्दा सेवा प्रवाहको गुणस्तरमा अपेक्षित सुधार हुन सकेको छैन। सार्वजनिक सेवामा ढिलासुस्ती, जिम्मेवारीबोधको कमी, परम्परागत निर्णय प्रक्रिया र अन्तर निकाय समन्वय कमजोर हुँदा सुशासन कायम गर्ने चुनौती थपिएको छ।

बजेटले स्वीकारेका यी तथ्यहरुले अर्थतन्त्रको सूक्ष्म सूचकहरुमा अहिले पनि समस्यामा रहेको इङ्गित गर्छन् । यद्यपि, अर्थतन्त्रका बृहत् सूचकहरुमा केही सुधारको लक्षण देखिएको छ।

### सकारात्मक बाह्य सूचक

नेपाल राष्ट्र बैङ्कले गत शुक्रबार सार्वजनिक गरेको आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीतिले भन्छ, “अर्थतन्त्र क्रमशः लयमा फर्कन थालेको छ । मुद्रास्फीति वाञ्छित सीमाभित्र छ । विप्रेषण आप्रवाह, विदेशी पर्यटक आगमन र निर्यातको बढोत्तरीले विदेशी विनिमय सञ्चिति बढेको छ। विगत दुई वर्षदेखि सङ्कुचनमा रहेका आर्थिक क्षेत्रहरूसमेत विस्तार भई आर्थिक वृद्धि दर अघिल्लो वर्षको तुलनामा सुधार भएको छ।”

लक्षित आर्थिक वृद्धिदर हासिल गर्न सरकार चुकेको छ । यस आर्थिक वर्ष २०८१/८२ मा आर्थिक वृद्धि चार दशमलव ६१ प्रतिशत हुने राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुमान छ। जबकि यस वर्ष सरकारले छ प्रतिशतको आर्थिक वृद्धि हासिल गर्ने लक्ष्य राखेको थियो।

निर्माणाधीन राष्ट्रिय गौरवका तथा उच्च प्राथमिकता प्राप्त पूर्वाधार आयोजनाहरूमध्ये नागढुङ्गा सुरुङमार्ग, काठमाडौँ-तराई द्रुतमार्ग, पृथ्वी लोकमार्गको पोखरा-मुग्लिन सडक खण्ड, भेरी-बबई बहुउद्देश्यीय परियोजना, सिद्धबाबा सुरुङमार्गलगायतका आयोजनाहरू सम्पन्न हुने चरणमा छन् । यस्ता आयोजनाहरूको निर्माणपश्चात् उद्योग र सेवा क्षेत्रको क्षमता विस्तारमा सहयोग पुग्दै आर्थिक क्रियाकलाप विस्तार हुने अनुमान राष्ट्र बैङ्कले गरेको छ।

यसैगरी, आगामी पाँच वर्षसम्म जडित जलविद्युत् क्षमता प्रत्येक वर्ष कम्तीमा एक हजार मेगावाटका दरले थपिने गरी काम अघि बढेको छ । बङ्गलादेशसँग विद्युत् खरिद सम्झौता भई २०८२ असार १ गतेदेखि विद्युत् निर्यात हुन थालेको छ। पर्यटक आगमन सङ्ख्या कोभिड-१९ अघिको अवस्थामा पुगेको छ।

गत जेठ महिनासम्ममा औसत उपभोक्ता मुद्रास्फीति चार दशमलव २४ प्रतिशत छ। यो वाञ्छित सीमाभित्रै हो । तर मुद्रास्फीति नेपालको आफ्नै प्रयासले मात्रै भन्दा पनि विश्व बजारको प्रभाव नेपालमा पनि देखिएको रुपमा बुझ्न सकिन्छ।

अन्तरराष्ट्रिय मुद्रा कोषका अनुसार विगत तीन वर्षदेखि विश्व मुद्रास्फीति घट्दै गएको छ। सन् २०२४ मा पाँच दशमलव सात प्रतिशत रहेको विश्वको उपभोक्ता मुद्रास्फीति सन् २०२५ मा चार दशमलव तीन प्रतिशत कोषको प्रक्षेपण छ।

कोभिड महामारीको समयमा खुम्चिएको वैदेशिक व्यापारले गति लिन थालेको छ । गत जेठ मसान्तसम्ममा कुल वस्तु निर्यात ७७ दशमलव आठ प्रतिशतले वृद्धि भई रु दुई खर्ब ४७ अर्ब ५७ करोड पुगेको छ । तर नेपालले निर्यात गरेको वस्तुमा आधाभन्दा बढी हिस्सा स्वदेशको उत्पादन नभई आयातित भटमास र सूर्यमुखी तेलको छ । चालु आर्थिक वर्षको ११ महिनामा वस्तु आयात १३ दशमलव एक प्रतिशतले वृद्धि भई १६ खर्ब ४४ अर्ब ८० करोड पुगेको छ । यस अवधिमा व्यापार घाटा छ दशमलव तीन प्रतिशतले बढेर रु १३ खर्ब ९७ अर्ब २३ करोड पुगेको छ।

यस अवधिमा विप्रेषण आप्रवाह बढेको छ। पछिल्लो ११ महिनामा विप्रेषण आप्रवाह १५ दशमलव पाँच प्रतिशतले वृद्धि भई रु १५ खर्ब ३२ अर्ब ९३ करोड पुगेको छ। यस अवधिमा वैदेशिक रोजगारीमा जाने नेपालीको सङ्ख्या पनि उल्लेख्य बढेको छ । अघिल्लो वर्षको सोही अवधिको तुलनामा यस वर्ष विदेश जानेहरुको सङ्ख्या ११ दशमलव चार प्रतिशतले वृद्धि भई सात लाख ६० हजार ३९१ पुगेको राष्ट्र बैङ्कको तथ्याङ्क छ।

त्यस्तै, गत जेठ मसान्तसम्ममा शोधनान्तर स्थिति रु चार खर्ब ९१ अर्ब ४४ करोड र चालु खाता रु तीन खर्ब सात अर्ब ३१ करोडले बचतमा छ। आयातको तुलनामा विप्रेषण आप्रवाह वृद्धि उच्च रहेकाले शोधनान्तर स्थिति र चालु खातामा उल्लेख्य बचत कायम हुन सकेको हो । राष्ट्र बैङ्कका अनुसार कुल विदेशी विनिमय सञ्चिति २५ दशमलव नौ प्रतिशतले वृद्धि भई रु २५ खर्ब ६९ अर्ब ३८ करोड पुगेको छ।

चालु आर्थिक वर्षको मौद्रिक नीतिमार्फत राष्ट्र बैङ्कले निजी क्षेत्रतर्फको कर्जा १२ दशमलव पाँच प्रतिशतले विस्तार हुने अनुमान गरेकामा गत जेठ मसान्तसम्ममा सात दशमलव तीन प्रतिशतमा खुम्चिएको छ । यसबाट निजी क्षेत्र लगानी विस्तार गर्नका लागि अझै तयार नभइसकेको अवस्थाका रुपमा बुझ्न सकिन्छ।



> “अर्थतन्त्रमा विद्यमान शिथिलतालाई अन्त्य गरी विश्वसनीय व्यावसायिक वातावरण तयारी गरी आर्थिक गतिविधिलाई चलायमान बनाउने, आन्तरिक र बाह्य लगानीलाई प्रोत्साहन गरी मुलुकभित्र पर्याप्त र मर्यादित रोजगारी सिर्जना गर्ने ।”

### कमजोर खर्च बढ्दो ऋण

सरकारको पुँजीगत खर्च कमजोर देखिँदा चालु शीर्षक र सार्वजनिक ऋणको साँवा ब्याज तिर्नका लागि हुने खर्च भने निरन्तर बढ्दो छ। महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कअनुसार असार २९ गते बेलुकासम्ममा सरकारले गरेको पुँजीगत खर्च ६० प्रतिशत पनि पुग्न सकेको छैन। असार ३० गतेसम्म सरकारको चालु शीर्षकको खर्च वार्षिक लक्ष्यको ८१ प्रतिशत र वित्तीय व्यवस्थातर्फको ८६ प्रतिशत छ । त्यस्तै यो अवधिसम्ममा सरकारको राजस्व सङ्कलन ७८ प्रतिशत मात्रै रहेको महालेखा नियन्त्रक कार्यालयको तथ्याङ्कबाट देखिन्छ।

त्यस्तै, यस वर्ष रु ५२ अर्ब ३२ करोड ६५ लाख वैदेशिक अनुदान लिने लक्ष्य राखेको सरकारले लक्ष्यको ४३ प्रतिशत अर्थात् रू २२ अर्ब ६२ करोड बराबर मात्रै उठाउन सकेको छ। विकास आयोजनामा पुँजीगत खर्च कमजोर हुँदा यस वर्षका लागि राखिएको बाह्य ऋणको लक्ष्य आधा पनि भेट्न सकिएको छैन। यद्यपि, सरकारको तिर्न बाँकी ऋणको ग्राफ भने निकै बढिसकेको छ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयका अनुसार सरकारले हालसम्म तिर्न बाँकी कुल ऋण रु २६ खर्ब ५४ अर्ब ६८ करोड रहेको छ। गत वर्ष साउनमा कुल सार्वजनिक ऋण रु २४ खर्ब ३४ अर्ब नौ करोड रहेकामा पछिल्लो ११ महिनामा मात्र रु दुई खर्ब २० अर्ब ५८ करोड ऋण थपिएको हो। आन्तरिक ऋण लक्ष्यअनुसार नै उठाएको सरकारले बाह्य ऋण आधा पनि उठाउन सकेको छैन।

चालु आर्थिक वर्षका लागि रु दुई खर्ब १७ अर्ब बाह्य ऋण उठाउने भनेर बजेट स्रोत देखाएको सरकारले गत जेठ मसान्तसम्ममा रु ९९ अर्ब २० करोड १७ लाख बराबर मात्रै बाह्य ऋण उठाएको छ । जुन वार्षिक लक्ष्यको ४५ दशमलव ७२ प्रतिशत हुन आउँछ।

सरकारले अधिकांश बाह्य ऋणलाई पुँजीगत शीर्षक अर्थात् विकास आयोजनामा खर्च हुने बजेट स्रोतका रुपमा देखाएको हुन्छ । अहिले विकास आयोजनाको काम सुस्त हुँदा र खर्च गर्न नसक्दा वैदेशिक ऋण प्राप्ति कमजोर देखिएको सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको भनाइ छ । अर्कोतर्फ सरकारीको ऋणको साँवाब्याज भुक्तानीका लागि पछिल्लो ११ महिनामा रु तीन खर्ब २९ अर्ब ६० करोड खर्च भएको छ। जुन रकम यही अवधिमा सरकारले गरेको पुँजीगत खर्चभन्दा करिब दोब्बर हो।

### प्रधानमन्त्रीको फरक दाबी

प्रधानमन्त्री ओलीले सोमबार आफ्नो सामाजिक सञ्जाल ‘फेसबुक’मा अर्थतन्त्र सुधार हुँदै गएको र पूर्वाधार निर्माणमा अपेक्षित गति देखिएको दाबी गर्नुभएको छ। “हामी सरकारको आएको एक वर्ष पुग्दैछ । यसबीचमा मुलुकको आर्थिक सूचकाङ्कहरु सकारात्मक देखिएका छन् भने विकासका राष्ट्रिय आयोजनाहरुको कामले गति लिएको छ। ‘टाइमलाइन’ तोकेर काम गर्ने र नतिजा खोज्ने प्रचलन यसअघि थिएन, अहिले त्यो सुरुआत भएको छ।” तर प्रधानमन्त्री ओलीकै अध्यक्षतामा गत शुक्रबार बसेको राष्ट्रिय विकास समस्या समाधान समिति (एनडेक) को ५४औँ बैठकमा पेस भएका तथ्यले उहाँको फेसबुकमा लेखिएको उहाँको भनाइलाई खण्डन गर्छ । विकास अनुगमन गर्ने सर्वोच्च संयन्त्रका रुपमा रहेको एनडेकमा प्रस्तुत गरिएका विवरणअनुसार विभिन्न विकास आयोजनामा देखिएका समस्या समाधानका लागि भएका ८३ वटा निर्णयमध्ये २७ वटा मात्रै पूर्ण रुपमा कार्यान्वयन भए।

त्यस्तै, निर्णय कार्यान्वयन भए पनि समस्या यथावत् रहेको ४०, कार्यान्वयन प्रक्रियामा रहेको १४ र कार्यान्वयन सुरु नै नभएको निर्णय दुईवटा छन्। यी सबै विकास आयोजनाहरुमा देखिएका समस्या समाधानका लागि प्रधानमन्त्रीको तहबाटै भएका निर्देशनको कार्यान्वयनको अवस्था हो।

एनडेकको ५४औँ बैठकमा उठाइएका विषयहरु हेर्ने हो भने पनि अहिले अर्थतन्त्रमा सुधारको तात्विक गुञ्जायस देखिएको छैन। यतिसम्म कि उक्त बैठकमा राष्ट्रिय योजना आयोगले ‘नेपालको आर्थिक विकासको मोडल के हो ?’ भन्ने नै स्पष्ट नरहेका कारण यसको गति सुस्त भएको कारण देखाउँदै आर्थिक विकासको नयाँ रुपरेखा कोर्नुपर्ने बतायो।

त्यस्तै, नेपाल सन् २०२६ भित्रमा अतिकम विकसित मुलुकबाट स्तरोन्नति भइसक्नुपर्ने र त्यस क्रममा नेपालको वैदेशिक व्यापार, विकास सहायतालगायतका क्षेत्रमा पर्ने असरको न्यूनीकरण, सम्भावित अवसरको उपयोग र सहज तथा दिगो स्तरोन्नतिका लागि आवश्यक तयारी नपुगेको भनेर प्रधानमन्त्रीकै अगाडि आयोगले समस्या सुनाएको थियो।

पूर्वाधार विकासका लागि चाहिने सामग्री अभाव, झन्झटिलो जग्गा प्राप्ति तथा मुआब्जा विवाद, अन्तर निकाय समन्वय अभावजस्ता समस्याहरु पनि एनडेकमा उठाइए । त्यस्तै, विकास निर्माण र सुशासनमा बाधा पुर्‍याउने कानुनको पहिचान गरी संशोधन तथा नयाँ निर्माण गर्न नसकेको विषय पनि एनडेकमा महत्वका साथ उठाइएको थियो।

उदाहरणका लागि विद्यमान वन नियमावली, २०७९ को व्यवस्थाका कारण मिलेनियम च्यालेन्ज एकाउन्ट नेपाल विकास समितिअन्तर्गत कार्यान्वयन भइरहेको प्रसारणलाइन आयोजनामा क्षेत्रमा पर्ने रूख कटानमा समस्या देखिएको विषय एनडेकमा राखिएको थियो।रासस

## ‘भूमिसम्बन्धी समस्या समाधान गर्न सरकार लागिरहेको छ’

काठमाण्डु । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले भूमिसम्बन्धी समस्या समाधान गर्न सरकार लागिरहेको बताउनुभएको छ। प्रनिधिनिसभाको सोमबारको बैठकमा मन्त्रालयगत प्रश्नोउत्तरमा उहाँले भूमिसम्बन्धी जुनसुकै समस्या भए पनि समाधान गर्न तयार रहेको बताउनुभयो ।

मन्त्री अधिकारीले भूमिसँग जोडिएका विभिन्न प्रथाको अन्त्य गरिने बताउनुभयो । विर्ता उन्मूलन ऐन आइसकेपछि विर्ता जग्गा कमाउने व्यक्तिका नाममा दर्ता गर्ने गरी म्याद तोकिएकामा विविध कारणबस केही जिल्लामा काम हुन बाँकी रहेको र त्यो काम तत्काल गरिने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मन्त्री अधिकारीले भन्नुभयो, “विर्ता समस्याको समाधान गर्न आवश्यक कानुनी प्रबन्ध मिलाई यसै आर्थिक वर्षमा वास्तविक किसानका नाममा जग्गा दर्ता गर्ने प्रक्रिया थालनी गर्ने गरी नेपाल सरकारले काम गरिरहेको छ।”

सांसद प्रेम सुवालको प्रश्नको जवाफ दिँदै मन्त्री अधिकारीले मुक्तकमैयालगायत उत्पीडित समुदायको उत्थानका लागि सरकारले गरेको प्रयासलाई थप प्रभावकारी बनाउन विसं २०७६ मा वित्तीय स्रोतसहित जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण गरिएको बताउनुभयो।

स्थानीय तहमार्फत भइरहेका प्रयासको समेत लेखाजोखा गरी समाजमा उपेक्षित र उत्पीडित जीवन व्यतीत गर्न बाध्य समुदायको हितका लागि सरकारले आवश्यक नीति तथा कार्यक्रम सञ्चालन गर्ने उहाँको भनाइ थियो । मन्त्री अधिकारीले व्यवस्थापन गर्न बाँकी रहेका मुक्तकमैया, हलिया, कमलहरी, बालीघरे, हरवाचरवा, खली, डोली, उखडाहरूलाई बसोबास गरेकै ठाउँमा भूमि समस्या समाधान आयोगले भूमि उपलब्ध गराउने बताउनुभयो ।

सांसद माधव सापकोटाको प्रश्नमा मन्त्री अधिकारीले गुठीसम्बन्धी समस्या धेरै स्थानमा भएको र त्यसबारे सरोकार भएकाहरूसँग छलफल गरी कानुनी मस्यौदा तयार भइरहेको बताउनुभयो।

“गुठी कानुनमा गर्नुपर्ने सुधारका विषयमा मन्त्रालय र गुठी संस्थानबाट विभिन्न गुठीयार, विज्ञ र सरोकार भएकासँग छलफल गरिएको छ”, उहाँले भन्नुभयो, “गुठीसँग सम्बन्धित कानुनको मस्यौदा तयार गर्ने समिति गठन गरी प्रक्रिया अगाडि बढाएको छ।”

सिन्धुपाल्चोकलगायत देशभर करिब दुई हजार ३०० गुठी, राजगुठी/सार्वजनिक (छुट, अमानत) गुठी अभिलेखमा जनिएका छन् । ती गुठीअन्तर्गतका जग्गाको प्रकृतिअनुसार निजी गुठी (तैनाथी, अधिनस्थ, रैतान नम्बरी) अन्तर्गत १४ लाख ५० हजार रोपनी जग्गा रहेको छ। गुठी किसानलाई परेको मर्काका विषयमा गुठी संस्थान ऐन, २०३३ बमोजिम सम्बोधन गर्न सकिने विषयमा गुठी संस्थानबाट कामकारबाही भई आएको छ।

मन्त्री अधिकारीले धार्मिक सास्कृतिक हिसाबले गुठी अत्यन्त संवेदनशील विषय भएकाले सरोकार भएकाहरूको चासोलाई समेत सम्बोधन गर्ने गरी गुठी विधेयक मस्यौदालाई अन्तिम रूप दिई संसद्मा पेस गर्ने तयारी भइरहेको बताउनुभयो ।उहाँले विधेयकका सन्दर्भमा विभिन्न क्षेत्रबाट राय सुझाव प्राप्त भइरहेकाले तिनको अध्ययन एवं विश्लेषण गरी यथाशक्य छिटो अन्तिम रूप दिइने बताउनुभयो ।रासस

## घुस काण्डमा मुछिएका मन्त्रीलाई बर्खास्त गर्न कांग्रेस महामन्त्री थापाको माग

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री गगनकुमार थापाले घुस काण्डमा मुछिएका मन्त्रीलाई बर्खास्त गर्न माग गर्नुभएको छ।

कांग्रेस, बुद्धिजीवी तथा पेसागत विभागले सोमबार आयोजना गरेको ‘विपद् व्यवस्थापन : चुनौती, अवसर र भावी कार्य दिशा’ विषयक छलफलमा उहाँले घुस काण्डको अडियो सार्वजनिक भएपछि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता आफैँले राजीनामा दिएर छानबिन गर भन्नुपर्नेमा त्यस्तो नभएकाले प्रधानमन्त्रीसमक्ष बर्खास्त गर्न माग गर्नुभएको हो । मन्त्री गुप्तालाई बर्खास्त गरी छानबिन गरेर यस घटनामा दोषी देखिएकालाई कानुनी कारबाहीको दायरामा ल्याउनुपर्ने उहाँको भनाइ छ।




कानुनभन्दा माथि कोही नहुने भएकाले गल्ती गर्नेलाई कारबाही गरिनुपर्ने, कुनै पार्टी वा अन्य नाममा छुट दिन नहुनेमा उहाँको जोड थियो। संविधान संशोधनका क्रममा न्यायपालिकालाई पुनःसंरचना गरिनुपर्ने पनि महामन्त्री थापाले बताउनुभयो । नेपाल बार एसोसिएसनका पूर्व अध्यक्ष गोपालकृष्ण घिमिरे नेतृत्वको समूहले बनाएको प्रतिवेदन लागू गरेर न्यायपालिका पुनःसंरचना गरिनुपर्ने उहाँको धारणा छ।

अनुशासनका नाममा पार्टीभित्र पछिल्लोपटक गरिएको कारबाही कोतपर्वको अर्को रुप भएको पनि महामन्त्री थापाले उल्लेख गर्नुभयो । यसले पार्टीलाई कमजोर बनाउने र सत्प्रयासलाई बल नपुग्ने बताउनुभयो । मधेस प्रदेशमा पानी नपरेका कारण धान रोप्न नपाएको उल्लेख गर्दै महामन्त्री थापाले कलको पानी पनि सुक्दा तराईवासी समस्यामा परेको बताउनुभयो । तीनै तहका सरकारले खुला ठाउँ छोड्न नचाहँदा विपद्का बेला समस्या हुने गरेकाले बेलैमा ध्यान दिन उहाँले सचेत गराउनुभयो।

कांग्रेस केन्द्रीय सदस्य एवं विभाग प्रमुख डा डिला सङ्ग्रौला र विपद् व्यवस्थापन विज्ञ मानबहादुर थापाले विपद्सम्बन्धी अन्तरदेशीय सूचना प्रणालीको व्यवस्था गरिनुपर्ने बताउनुभयो । विपद्का बेला ६० प्रतिशत क्षति जल उत्पन्न प्रकोपका कारण हुने भएकाले बर्सातमा सचेत हुन पनि उहाँहरुले आग्रह गर्नुभयो ।रासस

# इजरायली आक्रमणका क्रममा इरानी राष्ट्रपति पेजेस्कियानलाई चोट लागेको दावी



**एएनआई**

तेहरान । इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद् को बैठकलाई लक्षित गरी गत जुन १५ मा तेहरानमा भएको इजरायली हवाई आक्रमणका क्रममा इरानका राष्ट्रपति मसूद पेजेशकियान सामान्य घाइते भएको अलजजिराले जनाएको छ ।

आक्रमणका क्रममा पेजेस्कियानको खुट्टामा सामान्य चोट लागेको थियो र उहाँलाई आपतकालीन निकासबाट भाग्न बाध्य पारिएको थियो । "इजरायलले यो आक्रमणका लागि मूल्य चुकाउनुपर्नेछ," आक्रमणपछिको पहिलो प्रतिक्रियामा उहाँले भन्नुभयो । आक्रमणमा सरकारका तीन शाखाका प्रमुखहरूलाई लक्षित गरी उनीहरूलाई अपदस्थ गर्ने प्रयास गरिएको थियो ।

अल जजिराका अनुसार पश्चिमी तेहरानमा इरानको सर्वोच्च राष्ट्रिय सुरक्षा परिषद्को उच्चस्तरीय बैठकलाई लक्षित गरी इजरायली आक्रमण गरिएको थियो, जहाँ राष्ट्रपति मसूद पेजेस्कियान र सरकारका कार्यकारी, विधायिका र न्यायिक शाखाका प्रमुखहरूसहित अन्य वरिष्ठ अधिकारीहरू उपस्थित थिए । इजरायली आक्रमणमा भवनको प्रवेशद्वार र निकासमा छ वटा क्षेप्यास्त्र प्रहार गरी भाग्ने मार्गलाई अवरुद्ध गर्नुका साथै हावाको बहावसमेत बन्द गरिएको थियो । विष्फोटपछि बिजुली काटिएको थियो, तर राष्ट्रपतिसहितका इरानी अधिकारीहरू पूर्व निर्धारित आपतकालीन प्वाल (ढोका) बाट भाग्न सफल हुनुभएको थियो । इजरायली श्रोतले राष्ट्रपतिलाई ढोकाबाट बाहिर निकाल्ने क्रममा खुट्टामा सामान्य चोट लागेको बताएको छ ।

अल जजीरा सञ्चार नेटवर्कका अनुसार अधिकारीहरूले 'शत्रु' सँग भएको गुप्तचर सूचनाको सटीकतालाई ध्यानमा राख्दै इजरायली जासुसहरूको सम्भावित उपस्थितिको बारेमा अनुसन्धान सुरु गरेका छन् ।यसैबीच गत साता अमेरिकी सञ्चारमाध्यमका सदस्य टकर कार्लसनलाई दिएको अन्तर्वार्तामा पेजेस्कियानले इजरायलले उहाँको हत्या गर्न खोजेको बताउनुभएको थियो । के इजरायली सेनाले आक्रमण गरेको हो भन्ने प्रश्नमा उहाँले भन्नुभयो, " हो, तिनीहरूले प्रयास गरे तर तिनीहरू असफल भए।"

उहाँले अगाडि भन्नुभयो, "मेरो जीवनमाथिको आक्रमण प्रयासको पछाडि संयुक्त राज्य अमेरिकाको हात थिएन । त्यो इज्रायल थियो । हामीले सभा गरिरहेको ठाउँमा तिनीहरूले बमबारी गर्ने कोसिस गरे । आक्रमणका समय म बैठकमा थिएँ ।" इजरायलले जुन १३ मा इरानविरुद्ध एक्कासी बमबारी अभियान चलाएको र शीर्ष सैन्य कमाण्डर र आणविक वैज्ञानिकको मृत्यु भएको एक महिना पुग्नै लाग्दा राष्ट्रपति घाइते भएको खबर बाहिरिएको हो ।

इरानको फाउन्डेसन अफ मार्टर एन्ड भेट्रान्स अफेयर्सका अनुसार द्वन्द्वका क्रममा इरानमा कम्तीमा एक हजार ६० जनाको मृत्यु भएको थियो । इजरायली आक्रमणमा प्रतिशोधात्मक ड्रोन र क्षेप्यास्त्र प्रहार भएको र इजरायलमा २८ जनाको मृत्यु भएको अधिकारीहरूले बताएका छन् । अमेरिकाले युद्धविरामको मध्यस्थता गर्नुअघि इरानले इजरायली सेना र गुप्तचर मुख्यालयलाई ब्यालेस्टिक क्षेप्यास्त्र र ड्रोनद्वारा निशाना बनाएको थियो ।

# बिटकोइनको मूल्य १.२० लाख डलर नाघ्यो, यो क्रिप्टोकरेन्सीबारे सात रोचक कुरा

**बीबीसी**

काठमाण्डु । सबैभन्दा ठूलो क्रिप्टोकरेन्सी 'बिटकोइन'को मूल्य बढेर पहिलो पटक एक लाख २०,००० डलरभन्दा माथि पुगेको छ।

यसले संयुक्त राज्य अमेरिकामा डोनल्ड ट्रम्प राष्ट्रपति पदमा बहाल भएपछि लगानीकर्ताहरू बिटकोइनप्रति बढी आकर्षित भएको देखाउँछ। उनी निर्वाचित भएपछि सरकारले क्रिप्टोकरेन्सीलाई अनुकूल हुने खालका नीति अवलम्बन गर्ने ठानिएको थियो।

कङ्ग्रेसमा सोमवारदेखि डिजिटल सम्पत्ति उद्योग नियमनलाई सुधार गर्ने उद्देश्यसहित ल्याइएका विभिन्न विधेयकमा छलफल हुन लागेको छ। सोमवार एक बिटकोइनको मूल्य सर्वोच्च बिन्दुमा पुग्दा १,२२,५७१.१९ डलर थियो। तर त्यसपछि ओर्लिएर १,२१,९५२.६१ डलर कायम भयो। बिटकोइनको डलर अर्थात् १.६७ करोड नेपाली रुपैयाँभन्दा बढी भएपछि विश्वभरि क्रिप्टोकरेन्सीका प्रशंसकहरू उत्साहित देखिएका छन्। सन् २०२१ मा ट्रम्पले बिटकोइनलाई "छल" भनेका थिए। तर पछि उनले उक्त क्रिप्टोकरेन्सीका बारे आफ्नो धारणा फेरे। गत वर्ष निर्वाचनको प्रचारप्रसारका बेला उनले बिटकोइनका समर्थकहरूसमक्ष अमेरिकालाई "पृथ्वीको क्रिप्टो राजधानी" बनाउने उद्घोष पनि गरे। बिटकोइनको मूल्य कहिले ह्वात्तै बढ्ने र कहिले ह्वात्तै घट्ने गरेको छ। तर यसको चर्चा मूल्यका कारण मात्र हुने गरेको छैन। सन् २००८ मा पहिलो पटक इन्टरनेटमा देखा परेदेखि नै बिटकोइनबारे निरन्तर समाचार बन्दै आएको छ।

बीबीसीले सबैभन्दा पुरानो यो क्रिप्टोकरेन्सीको इतिहासमा देखा परेका सातवटा मुख्य घटना यहाँ प्रस्तुत गरेको छ। बिटकोइनका आविष्कारक को हुन् भन्ने कसैलाई पनि थाहा छैन। आफूलाई सातोशी नाकामोतो भनेर चिनाउने व्यक्तिले इन्टरनेट फोरमहरूमा सन् २००८ मा पहिलो पटक बिटकोइनको अवधारणाबारे चर्चा गरेका थिए।

उनले कसरी पिअर-टू-पिअर डिजिटल क्याश प्रणालीबाट मानिसहरू इन्टरनेटमार्फत् इमेल पठाए जसरी नै सजिलो गरी भर्चूअल कोइन पठाउन सक्छन् भनेर एउटा खाका प्रस्तुत गरेका थिए।कारोबार गर्न सघाउन र विश्वभरि छरिएका स्वयंसेवीहरूको सञ्जाल प्रयोग गरेर नयाँ कोइन बनाउन उनले एउटा जटिल कम्प्युटर प्रणालीको निर्माण गरे। नयाँ कोइन बनाउन संलग्न हुने स्वयंसेवीहरूले विशेष सफ्टवेअर र शक्तिशाली कम्प्युटर प्रयोग गर्थे। धेरै पत्रकार, क्रिप्टो फ्यान र अनुसन्धानकर्ताहरूले सातोशी को हुन् भन्ने पत्ता लगाउन निकै प्रयास गरेका छन्। तर अहिलेसम्म कोही पनि सफल



भएको छैन।

सन् २०१४ मा पत्रकारहरूले बिटकोइनका रहस्यमय आविष्कारक भन्ठानेर जापानी नागरिक डोरिअन नाकामोतोलाई पछ्याए। तर उनीहरूले पाएको जानकारी मिथ्या प्रमाणित भयो। अरू नाम पनि आएका छन्। तर अहिलेसम्म एक जनाले मात्र आफू सातोशी भएको दाबी गरेका छन्। सन् २०१६ मा अस्ट्रेलियाका कम्प्युटर वैज्ञानिक क्रेग राइटले आफू नै सातोशी भएको बताएका थिए।

बीबीसीसँगको अन्तर्वार्तामा उनले भने, "म सातोशी नाकामोतो हुँ। म यसको मुख्य अङ्ग हुँ। अरू मानिसले मलाई सघाए। केही मानिसले पत्याउँछन्। केही मानिसले तपाईँलाई सत्य भन्न दिँदैनन्। मलाई खासै मतलब पनि छैन।" तर राइटले आफू सातोशी नाकामोतो भएको प्रमाणित गर्न सकेका छैनन्।लामो समय मुद्दा चलेपछि लन्डनस्थित एउटा उच्च अदालतले सन् २०२४ मा उनी सातोशी नभएको निष्कर्ष निकाल्यो। बिटकोइनको पहिलो कारोबार मे २२, २०१० मा भएको थियो।

त्यो दिन भोक लागेपछि लास्लो हन्याचले एउटा अनलाइन क्रिप्टो फोरममा दुइटा पिज्जाका लागि ४१ डलर बराबरको बिटकोइन दिने प्रस्ताव राखे। एक १९ वर्षे विद्यार्थीले उनको प्रस्ताव स्वीकार गरे। त्यो दिन बिटकोइनको इतिहासमा ३द्यष्तअयष्लएष्शब दिवसका रूपमा लेखिएको छ।

बिटकोइन पारखीहरू प्रत्येक वर्ष मे २२ मा पिज्जा किनेर रमाइलो गर्छन् र मीम बनाउँछन्। मे २२ लाई इन्टरनेटमा उपलब्ध बिटकोइनको व्यावहारिक शक्ति देखाउने दिन मानिन्छ। बिटकोइनमा अपराधीहरूको पनि दृष्टि परेको रहेछ। एक वर्षभित्रै बिटकोइन लिएर लागुपदार्थ र अन्य अवैध सामान बेच्ने पहिलो डार्कनेट बजार सुरु भयो।

लास्लो हन्याचले इतिहास त बनाए तर अहिलेको अवस्थामा त्यति बिटकोइन दिएर दुइटा पिज्जा किन्ने उनको निर्णयले ठूलो घाटा लागेको देखिन्छ। यदि उनले बिटकोइन आफूसँगै राखेको भए अहिले त्यसको मूल्य करौडौं डलर पुग्थ्यो! सेप्टेम्बर २०२१ मा एल साल्भडोरका राष्ट्रपति नायिब बुकेलेले बिटकोइनलाई वैधानिक मुद्रा बनाए।

हजाम, सुपरमार्केट र अरू पसलले पनि सेवा र सुविधाबापत भुक्तानी लिन त्यहाँ प्रचलित मुख्य मुद्रा अमेरिकी डलरबाहेक बिटकोइन स्वीकार गर्नैपर्ने भयो। उक्त निर्णयपछि बिटकोइनमा रुचि भएका धेरै व्यक्ति र पत्रकारहरूले एल साल्भडोरको भ्रमण गरे। केही समयका लागि यसबाट त्यहाँको पर्यटनमा राम्रो प्रभाव पऱ्यो।

देशमा लगानी बढ्ने र नागरिकहरूले मुद्रा सटही गर्दा हुने खर्च जोगिने राष्ट्रपतिको आशा थियो। तर बिटकोइन उनले सोचे जसरी लोकप्रिय भएन। त्यहाँको मुद्राबजारमा अमेरिकी डलरकै वर्चस्व छ। राष्ट्रपति बुकेलेले सर्वसाधारण जनतालाई बिटकोइन स्वीकार गर्न प्रेरित गर्ने उद्देश्यले ठूलो रकम खर्च गरे। विगत केही वर्षमा उनी आफैँले ५,००० बिटकोइन किनेका छन्।रकमको अभाव झेलेको देशलाई लाभ पुग्ने आशमा बिटकोइन किन्न उनले कम्तीमा १२ करोड अमेरिकी डलर खर्च गरे। ती बिटकोइन विभिन्न मूल्यमा किनिएका थिए।

गत डिसेम्बर महिनामा बिटकोइनको मूल्य ह्वात्तै बढेपछि पहिलो पटक उनको निर्णय तत्कालका लागि सही भए जस्तो देखिएको छ। सन् २०२१ मा काजकस्तान बिटकोइन माइनिङका लागि केन्द्रबिन्दुजस्तै बन्यो। चीन र संयुक्त राज्य अमेरिकाबाट लगानीकर्ताहरू त्यहाँ ओइरिए।बिटकोइन बनाउन र त्यसको सञ्जाललाई सुरक्षित राख्न जटिल गणना गर्ने शक्तिशाली माइनिङ कम्प्युटर चलाउन बिजुलीको माग उच्च हुने भएकाले माइनरहरू काजकस्तानतिर आकर्षित भएका थिए।

अहिले गोदामहरूमा अत्याधुनिक कम्प्युटरहरू रातदिन चल्छन्। त्यसबाट माइनिङ गर्ने कम्पनीहरूले नयाँ बिटकोइन बनाउँछन्। काजकस्तानमा कोइलाबाट बिजुली उत्पादन हुन्छ। ठूलाठूला कोइलाखानी भएकाले र पर्याप्त बिजुली उत्पादन हुने गरेकाले धेरै माइनरहरू त्यहाँ गए। विदेशबाट लगानी भित्रिएकाले सरकारले पनि स्वागत गऱ्यो।तर माइनर हरूको ओइरो लागेकाले विद्युत् प्रसारण प्रणालीमा चाप पऱ्यो र देशमा आपूर्ति अवरुद्ध हुने जोखिम बढ्यो।

एक वर्षभित्रै काजकस्तानको बिटकोइन माइनिङ उद्योगमा सरकारले कडाइ गर्न थाल्यो। बिटकोइन माइनिङ वृद्धिलाई रोक्न कर बढाइयो।बिटकोइन सञ्जालले विश्वभरि खपत गर्ने बिजुली एउटा सानो देशले खपत गर्ने परिमाणजति नै भएको अनुमान गरिन्छ। जेम्स हावल्स ठूलो सङ्ख्यामा बिटकोइन भएको आफ्नो क्रिप्टो वालेट खोज्न लागिपरेका छन्। त्यो वालेटमा भएका ८,००० वटा बिटकोइनको मूल्य अहिले कम्तीमा १० करोड डलर पर्छ।

यूकेको दक्षिणी भेगमा बस्ने हावल्सले आफ्ना बिटकोइनको लग-इनसँग सम्बन्धित जानकारी राखिएको हार्डड्राइभ भुक्किएर फालेका थिए। क्रिप्टोमा गरिएको जटिल व्यवस्थाका कारण फेरि बिटकोइन फेला पार्न अरू पासवर्ड रिसेट गर्न जस्तो सजिलो हुँदैन। कुनै पनि ब्याङ्क वा औपचारिक संस्था संलग्न नहुने भएकाले आपत् पर्दा ग्राहकले सहयोग पनि पाउँदैनन्। हावल्सले स्थानीय निकायबाट फोहोर फालिएको ल्यान्डफिल साइटमा हार्डड्राइभ खोज्न अनुमति मागेका थिए। बिटकोइन हात परे त्यसको २५ प्रतिशत स्थानीय परोपकारी संस्थाहरूलाई दिन उनी तयार भए पनि उनले त्यहाँ जाने अनुमति पाएका छैनन्।

"त्यो सियो खसे जस्तो घटना थियो र डुबे जस्तो अनुभूति भएको छ। 'मैले यो के गरेँ?' मैले सोचेँ। पहिला कहिल्यै पनि हार्डड्राइभ फालेको थिइनँ। तर यसपालि किन?" उनले भने। कुनै बेला 'किङ अफ क्रिप्टो' उपनाम पाएका साम ब्याङ्कम्यान-फ्रीडले जति बिटकोइन अरू कसैले गुमाएको छैन। उनी विशाल क्रिप्टो फर्म एफटीएक्सका सहसंस्थापक हुन्। एफटीएक्समार्फत् सर्वसाधारण मानिसले बिटकोइनजस्ता क्रिप्टोकरेन्सीसँग परम्परागत मुद्रा सटही गर्ने सुविधा पाएका थिए। त्यो व्यवसायको मूल्य झन्डै ३२ अर्ब अमेरिकी डलर भएको अनुमान गरिएको थियो। तर त्यो केही दिनमै धराशायी भयो।

पत्रकारहरूले ब्याङ्कम्यान-फ्रीडको कम्पनी वित्तीय रूपमा अस्थिर रहेको र त्यसले आफ्ना ग्राहकको रकम उनको अर्को कम्पनी 'एलमीडा रिसर्च'लाई बलियो बनाउनका लागि अवैध रूपमा सारिरहेको पत्ता लगाए । डिसेम्बर २०२२ मा बहामसमा पक्राउ पर्नुअघि उनले संवाददाताहरूसँग कुरा गरेका थिए । "मलाई आफूले ठगी गरे जस्तो लाग्दैन। म यो होस् भन्ने चाहन्थेँ। म आफूलाई लागे जस्तो सक्षम रहेनछु," उनले बीबीसीसँग भनेका थिए ।

उनलाई संयुक्त राज्य अमेरिकालाई हस्तान्तरण गरियो। अमेरिकाको अदातलले ठगी र सम्पत्ति शुद्धीकरणको अभियोगमा उनलाई दोषी ठहर गऱ्यो। भर्खरै उनलाई २५ वर्षको जेल सजाय सुनाइएको छ। विभिन्न खालका समस्या देखा परे पनि बिटकोइनले लगानीकर्ता र ठूला कम्पनीहरूको ध्यान तानिरहेकै छ । सन् २०२४ को ज्यानुअरीमा विश्वका केही ठूला वित्तीय संस्थाहरूले बिटकोइनलाई 'स्पट बिटकोइन ईटीएफ'जस्ता आफ्ना आधिकारिक सम्पतिको सूचीमा थपे। ती स्टक र शेअरजस्तै हुन्छन् अनि बिटकोइनको मूल्यसँग जोडिएका हुन्छन्।

ग्राहकहरूले यस प्रकारका नयाँ कुरामा अर्बौं डलर लगानी गरिरहेका छन्। ब्ल्याकरक, फिडेलटी र ग्रेस्केलजस्ता कम्पनीले ठूलो परिमाणमा बिटकोइन किनिरहेका छन्। त्यसबाट बिटकोइनको मूल्य उत्कर्षमा पुगेको छ । क्रिप्टोका केही प्रशंसकहरू सातोशीले कल्पना गरेअनुरूप बिटकोइनलाई बल्ल गम्भीरतापूर्वक लिन थालिएको ठान्छन् । तर अरू मानिस सतर्क देखिन्छन्। उनीहरू बिटकोइन अर्कै बाटोमा अगाडि बढेको हो कि भन्ठान्छन्। मानिसको दैनिक जीवनको खर्चका लागि भन्दा पनि सुनमा जस्तो लगानी गर्न बिटकोइन प्रयोग हुन सक्ने उनीहरूको अनुमान छ ।

# अमेरिकाले युक्रेनलाई प्याट्रियट एयर डिफेन्स सिस्टम पठाउने ट्रम्पको घोषणा

**एएफपी**

जोइन्ट बेस एन्ड्र्युज ।युक्रेनमा मस्कोको युद्धलाई लिएर रुसी राष्ट्रपति भ्लादिमिर पुटिनप्रति फेरि असन्तुष्टि व्यक्त गर्दै अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आइतबार वासिङ्टनले किएभमा प्याट्रियट एयर डिफेन्स सिस्टम पठाउने र रुसमाथि नयाँ प्रतिबन्ध लगाउने सङ्केत गर्नुभएको छ ।

अमेरिकी राष्ट्रपतिले युक्रेनका लागि धेरै आवश्यक हतियारहरूको घोषणा उहाँले पहिले सोमबार 'रूसमा... प्रमुख वक्तव्य' दिने बताएपछि आएको हो ।अमेरिकी विशेष दूतले युक्रेनको आफ्नो पछिल्लो भ्रमण सुरु गर्दा र ट्रम्पले वासिङ्टनमा नाटो महासचिव मार्क रुटसँग भेट गर्ने क्रममा सोमबारका लागि तय गरिएको कूटनीतिक चहलपहल बीच यो घोषणा हुनसक्छ ।

युक्रेनमा मस्कोको आक्रमण तीन वर्षभन्दा बढी समयसम्म चलिरहेको छ । यस गर्मीमा आक्रमणहरू तीव्र हुँदै गएको छ र अमेरिकी नेतृत्वको वार्ताले अहिलेसम्म लडाइँ अन्त्य गर्न कुनै परिणाम देखाएको छैन ।"हामी तिनीहरूलाई प्याट्रियट पठाउनेछौं, जसको तिनीहरूलाई अत्यन्त आवश्यक छ", युक्रेनलाई कति हतियार पठाउने भन्ने निर्दिष्ट नगरी ट्रम्पले आइतबार भन्नुभयो ।"मैले अझै सङ्ख्यामा सहमति गरेको छैन, तर तिनीहरूसँग केही हुनेछ किनभने तिनीहरूलाई साँच्चै सुरक्षा चाहिन्छ", उहाँले न्युजर्सीमा फिफा क्लब विश्वकप फाइनल हेरेर फर्कंदा जोइन्ट बेस एन्ड्र्युजमा पत्रकारहरूलाई भन्नुभयो ।

ह्वाइट हाउसले यस महिनाको सुरुमा किएभमा केही हतियार वितरण रोक्ने घोषणाबाट



यु-टर्न गरेको छ । यसको सट्टा अमेरिकाले नयाँ सम्झौताको घोषणा गरेको छ जसमा नाटोले युक्रेनमा पठाउने केही हतियारका लागि अमेरिकालाई भुक्तानी गर्नेछ ।"हामी मूलतः तिनीहरूलाई धेरै परिष्कृत सैन्य सामग्रीका विभिन्न टुक्राहरू पठाउने छौं र तिनीहरूले हामीलाई सतप्रतिशत भुक्तानी गर्नेछन्", ट्रम्पले भन्नुभयो, "यो हाम्रो लागि व्यापार हुनेछ।"रुटको बिहान १०:०० (१४०० जिएमटी) ओभल अफिसको बैठक मिडियाका लागि बन्द हुनेछ र उहाँले विदेशमन्त्री मार्को रुबियोसँग पनि भेट गर्ने कार्यक्रम छ ।

यस हप्ताको सुरुमा, राष्ट्रपति भोलोदिमर जेलेन्स्कीले युक्रेन 'नयाँ प्याट्रियट प्रणाली र तिनीहरूका लागि मिसाइलहरूमा बहुस्तरीय सम्झौता गर्न नजिक' रहेको बताउनुभएको थियो ।रुसी नेतासँग बढ्दो रूपमा आक्रोशित हुँदै जाँदा पुटिनप्रति आफू 'निराश' भएको पनि ट्रम्पले दोहोऱ्याउनुभयो ।"पुटिनले साँच्चै धेरै मानिसलाई चकित पार्नुभयो । उहाँ राम्रो बोल्नुहुन्छ र त्यसपछि साँझमा सबैलाई बम हान्नुहुन्छ", असन्तुष्ट ट्रम्पले आइतबार भन्नुभयो ।

गत हप्ता, ट्रम्पले पुटिनलाई युक्रेन सम्बन्धमा वासिङ्टनमा 'मूर्खतापूर्ण' कुरा गरेको आरोप लगाउनुभयो ।पहिलो पटक जनवरीमा ह्वाइट हाउस पर्केपछि ट्रम्पले युरोपेली सहयोगीहरूको विपरीत बढ्दो प्रतिबन्धहरू रोक्दै युद्ध अन्त्य गर्न रुसी नेतासँग काम गर्नसक्ने कुरामा जोड दिनुभएको थियो ।तर रुसले महिनौंदेखि संयुक्त राज्य अमेरिका र किएभले प्रस्ताव गरेको युद्धविरामलाई अस्वीकार गर्दै आएको छ ।

हालैका दिनहरूमा ट्रम्पले बारम्बार पुटिनप्रति असन्तुष्टि व्यक्त गर्नुभएको छ र आइतबार उहाँले सदनमा निवारक प्याकेजका लागि गति बढ्दै जाँदा अन्ततः प्रतिबन्धहरू कडा गर्न तयार हुनसक्ने सङ्केत गर्नुभएको छ ।रुसविरुद्ध कुनै प्रतिबन्धको घोषणा गर्ने हो कि भनेर सोधिएको प्रश्नको जवाफमा ट्रम्पले भन्नुभयो, "हामी भोलि के देख्छौं त्यो देख्नेछौं, ठीक छ ?" उहाँले रुटसँग भेट गर्ने योजनाहरू दोहोऱ्याउनुभयो ।

### स्लेजह्यामर

यसअघि आइतबार अमेरिकी सिनेटरहरूले ट्रम्पलाई रुसविरुद्ध प्रयोग गर्न 'स्लेजह्यामर' प्रतिबन्धहरू लगाउने द्विदलीय विधेयकमाथि जोड दिएका थिए ।

प्रतिबन्ध विधेयकले ट्रम्पलाई 'पुटिनको अर्थतन्त्र र पुटिनको युद्ध मेसिनलाई समर्थन गर्ने सबै देशलाई निशाना बनाउन अनुमति दिनेछ", रिपब्लिकन सिनेटर लिन्डसे ग्राहमले प्रसारणकर्ता सिबिएस न्युजलाई बताउनुभयो ।"यसले राष्ट्रपति ट्रम्पलाई रुसलाई सहयोग गर्ने कुनै पनि देशमा पाँच सय प्रतिशत कर लगाउने क्षमता दिनेछ", ग्राहमले भन्नुभयो । यसमा चीन, भारत वा ब्राजिल जस्ता रूसी सामानहरू खरिद गर्ने अर्थतन्त्रहरू समावेश हुन सक्छन् ।

"यो साँच्चै राष्ट्रपति ट्रम्पका लागि यो युद्ध अन्त्य गर्न उपलब्ध स्लेजह्यामर हो", ग्राहमले भन्नुभयो ।"निस्सन्देह, यो वास्तवमा शान्ति नजिक ल्याउन र कूटनीति खाली छैन भनेर सुनिश्चित गर्नसक्ने प्रकारको लाभ हो", जेलेन्स्कीले एक्स पोस्टमा प्रस्तावित विधेयकका बारेमा भन्नुभयो ।ग्राहम र डेमोक्रेटिक सिनेटर रिचर्ड ब्लुमेन्थलले पनि सोमबार राति नाटोका महासचिव रुटसँग भेट गर्ने कार्यक्रम थियो ।

ब्लुमेन्थलले सिबिएस न्युजलाई उहाँहरूले युक्रेनको पहुँचका लागि युरोप र संयुक्त राज्य अमेरिकामा फ्रिज भएको रुसी सम्पत्तिहरू खोल्ने कानूनी रूपमा कठिन मुद्दाबारे पनि छलफल गर्ने बताउनुभयो ।"संयुक्त राज्य अमेरिकासँग भएको पाँच अर्ब डलर पनि पहुँच गर्न सकिन्छ र मलाई लाग्छ यो गर्ने समय आएको छ", ब्लुमेन्थलले भन्नुभयो ।

# अमेरिकी राष्ट्रपति ट्रम्प र नेटो प्रमुखबीच भेटवार्ता हुने

**एएफपी**

संयुक्त राज्य अमेरिका । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले युक्रेनमा रुसको युद्धबारे 'कडा वक्तव्य' दिएपछि सोमबार वासिङ्टनमा नेटो प्रमुखलाई स्वागत गर्दै हुनुहुन्छ ।

तीन वर्षदेखि जारी युद्ध अन्त्यका लागि रूससँग वार्ता गर्न खोजेका ट्रम्पले रूसी नेता पुटिनसँग अधीरता व्यक्त गर्दै सप्ताहन्तमा युक्रेनका लागि नयाँ हतियार भण्डारको घोषणा गर्नुभएको छ । "हामी उहाँहरूलाई प्याट्रियट्स पठाउनेछौं, यो उनीहरूका लागि अति आवश्यक छ," ट्रम्पले आइतबार अमेरिकी हवाई प्रतिरक्षा प्रणालीलाई सङ्केत गर्दै भन्नुभयो ।

उहाँले आफूले कति वटा हतियार पठाउने भन्नेबारे केही खुलाउनुभएन तर उहाँले 'कडा वक्तव्य दिने' बताउनुभएको छ । राष्ट्रपति ट्रम्पलगायतका अमेरिकी उच्च अधिकारीसँग सोमबार छलफल गर्न नेटोका महासचिव मार्क रुट वासिङ्टन पुग्नुभएको छ ।

ह्वाइट हाउसले यसै महिनाको सुरुमा किएभलाई केही हतियार आपूर्ति रोक्ने र त्यसको साटो नयाँ सम्झौताको घोषणा गरेको थियो जसमा नेटोले युक्रेन पठाउनका लागि केही अमेरिकी हतियार खरिद गर्ने उल्लेख छ । नेटोले जारी गरेको विज्ञप्तिमा रुट



सोमबार र मङ्गलबार वासिङ्टनमा रहने र रक्षामन्त्री पिट हेगसेथ र विदेशमन्त्री मार्को रुबियोसँग पनि भेटवार्ता गर्ने बताइएको छ ।

रुटको ओभल अफिसको सोमबार बिहान १० बजे बस्ने बैठक मिडियाका लागि बन्द खुला रहनेछैन । ट्रम्पले भन्नुभयो, "हामी मूलतः उनीहरूलाई सेनाका विभिन्न अत्याधुनिक सामग्रीहरू पठाउन गइरहेका छौं र उनीहरूले त्यसका लागि हामीलाई शतप्रतिशत तिर्नेछन् ।""यो हाम्रो लागि व्यापार हुनेछ," उहाँले थप्नुभयो । ट्रम्पले रुसी नेता पुटिनसँग आफू 'निराश' भएको पनि दोहोऱ्याउनुभएको छ ।

"पुटिनले धेरै मानिसहरूलाई आश्चर्यचकित पार्नुभएको छ । उहाँले दिनमा राम्रो कुरा गर्नुहुन्छ र त्यसपछि साँझमा व्यापक गोलावारी गर्नुहुन्छ," आइतबार न्यूजर्सीमा फिफा क्लब विश्वकप फाइनल हेरेर फर्कने क्रममा ट्रम्पले भन्नुभयो । गत हप्ता ट्रम्पले पुटिनले युक्रेनबारे वासिङ्टनमाथि 'बकवास' गरेको आरोप लगाउनुभएको थियो । गत जनवरीमा आफ्नो दोस्रो कार्यकाल सुरु गर्दै ट्रम्पले युक्रेनमा जारी युद्धलाई छिटो अन्त्य गर्न रुसी नेतासँग मिलेर काम गर्न सक्ने बताउनुभएको थियो ।

तर रुसले अमेरिका र युक्रेनले प्रस्ताव गरेको युद्धविरामको प्रस्तावलाई महिनौंदेखि अस्वीकार गर्दै आएको छ ।ट्रम्पले मस्कोमाथि प्रतिबन्ध लगाउन आफू तयार हुन सक्ने सङ्केत गर्नुभएको छ त्यसैका लागि अमेरिकी संसद्मा निवारक प्याकेजको लागि गति बढिरहेको छ।रुसविरुद्ध कुनै कर लगाउने कि नलगाउने भन्ने प्रश्नमा ट्रम्पले भन्नुभयो, "ठीक छ, हामी भोलि के आवश्यक देख्नेछौं? त्यही गर्नेछौं ।"

# व्यावसायिक स्याउ खेतीले दिएको आनन्द



मुस्ताङ । खाली जमिनमा मेहनत गरे के हुँदैन भन्ने दरिलो उदाहरण बन्नुभएका मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-४, तिरी गाउँका आङ्या (ङवाङ) र छिरिङ ढोका गुरूङ । उहाँहरुले अहिले जीवनभरको मेहनतको फल प्राप्त गरिरहनुभएको छ ।

गुरुङ दम्पत्तिलाई कुनैबेला बगरमा स्याउ लगाउँदा स्थानीय गाउँलेहरुले कुरा काटेर हैरान पार्दथे । छिरिङ भन्नुहुन्छ " तत्कालीन समय समय सम्झदा नमज्जा लागेपनि अहिले भने राम्रै गरेको भन्ने लागिरहेको छ । " एकै वर्षमा दुईवटा राष्ट्रिय पुरस्कारबाट सम्मानित भएपछि झनै गुरुङ दम्पत्तिमा मेहनत र परिश्रमको हुटहुटि चलेको देखिन्छ ।

कालीगण्डकी करिडोर बेनी- जोमसोम- कोरोला सडक हुँदै उत्तरी सिमाना कोराला नाका जाने बाटो नजिकै तिरी गाउँ भए पनि विकट झैँ लाग्छ । एउटा पक्की पुलको आसामा वर्षौं बिताइसकेका कालीगण्डकी नदी पारी तिरी गाउँका स्थानीयसँगै गुरुङ दम्पत्ति आम मुस्ताङवासी किसानको गतिलो उदाहरण बन्नुभएको छ । सडक सञ्जालले सहज रुपमा नछोए पनि गुरुङ दम्पत्तिले स्याउ र च्याङ्ग्रा बेचेरै वार्षिक लाखौँ आम्दानी गर्नुहुन्छ ।

गुरुङ दम्पत्तिले सुरुआत गर्नुभएको ङवाङ हिसी कृषि तथा पशुपक्षी अर्ग्यानिक फर्मको करिब एक रोपनीबाट सुरुआत गर्नुभएको थियो । अहिले समग्र मुस्ताङ जिल्लाकै नमूना किसानमा आफ्नो पहिचान बनाइसक्नु भएका उनीहरुको अहिले करिब ६० रोपनी क्षेत्रफलमा स्याउखेती फैलिएको छ । उनीहरुलाई दैनिकजसो स्याउ खेती स्याहार्ने, बगैँचा व्यवस्थापन गर्नेदेखि अन्य महत्वपूर्ण कार्यमा खर्चिनुपर्ने हुन्छ । बिहान उठेदेखि बेलुकीसम्म पूरै समय किसान भएर काम गर्न पाउदाको क्षण उनी दुबै दम्पत्तिलाई बडो आनन्द आउने उनीहरु बताउछन् । यद्यपि स्याउ बगैँचा व्यवस्थापन र च्याङ्ग्रा हेरालुसहित अहिले उनीहरुसँग करिब आठ जना मजदुर पनि छन् ।

कुनैबेला व्यावसायिक स्याउखेती नहुने बगरमा बेकारको लगानी गऱ्यो भन्दै आङ्या र छिरिङको खिसीटिउरी गर्ने गाउँलेहरु अहिले उनीहरुको सफलता देखेर चकित परेका छन् । करिब १८ वर्ष पहिला सन्तानको शिक्षादीक्षासहित घरखर्च चलाउने सोचबाट सुरू भएको स्याउखेतीले आम्दानी दिन थालेपछि आङ्या र छिरिङ दम्पत्तीले उक्त फर्मको स्थापना गर्नुभएको थियो । निरन्तर मेहनत र परिश्रम गरे सफलता मिल्छ भन्ने ज्वलन्द उदाहरणको साक्षी हुन् गुरुङ दम्पत्ति । अहिले उनीहरुको कडा मेहनत र परिश्रमकै कारण पछिल्लो केही वर्षमा समग्र मुस्ताङवासीको प्रेरणाको स्रोत बन्नुभएको ।

पहाडको शिरमा पाँच सय भन्दा बढी च्याङ्ग्रा र खाली बगरमा रैथाने र आधुनिक स्याउखेती गरेर वार्षिक पचास लाखसम्मको आम्दानी भए पनि मेहनत धेरैनै हुने गरेको छिरिङ ढोका गुरुले बताउनुभयो । यसै वर्ष छिरिङ ढोका गुरूङ सरकारबाट, आङ्या (ङवाङ) र छिरिङ ढोका गुरूङ दम्पत्ति पुनः गण्डकी प्रदेश सरकारबाटसमेत वर्षको सर्वोत्कृष्ट किसानको रुपमा सम्मानित हुनुभएको छ । छिरिङ ढोका गुरुङले नगद रू दुई लाखसहितको राष्ट्रपति उत्कृष्ट किसान पुरस्कार र गुरुङ दम्पत्तिलाई गण्डकी प्रदेश कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालयले गण्डकी प्रदेशको सर्वोत्कृष्ट किसान घोषित गरेको छ ।

शुक्रबार पोखरामा कृषि भूमि व्यवस्था तथा सहकारी कृषिमन्त्री पद्यमा जिसी श्रेष्ठ, सचिव वासुदेव रेग्मीले नगद रु ५० हजारसहित दोसल्ला र सम्मानपत्रले पुरस्कृत गर्नुभएको हो । गुरुङ दम्पत्तीको स्याउ बारीमा अहिले करिब दुई हजार पाँच सय स्याउको बोट रहेकोमा यसवर्ष छिमेकी जिल्ला मनाङबाट पाँच सय बोट हाइडेन्सीटी (उच्च घनत्वमा उत्पादन हुने) प्रजातिको स्याउसमेत रोप्ने तयारी गर्नुभएको छ ।

गतवर्ष खर्च कटाएर ३५ लाख स्याउ बिक्रीबाट मात्रै आम्दानी गर्नुभएको छ । पाँच सय च्याङ्ग्रा रहेको फार्मबाट गतवर्ष १३ लाख आम्दानी गर्नुभएको थियो । जलवायु परिवर्तनले पानीको मुहान सुकेपछि करिब १३ घरधुरी नै विस्थापित हुने जोखिममा रहेको अवस्थामा गाउँमा व्यावसायिक स्याउखेतीसहित पशुपालनमा सक्रिय गुरुङ दम्पत्तीको यतिबेला सङ्घर्ष र सफलताको चर्चा भइरहेको छ ।रासस

# किन घट्यो पूर्वमा धान रोपाइँ ?

**विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाका मौसमविद् डेबिड ढकालले न्यून चापीय रेखा सरदर स्थान आसपासमा रहेका कारण पूर्वमा कम वर्षा भएको बताउनुभयो । "यसवर्ष पूर्वी क्षेत्रमा गत वर्षको तुलनामा कम वर्षा भएको छ । सरदरभन्दा कम वर्षा भएका कारण पनि रोपाइँ कम भएको हो", उहाँले भन्नुभयो, "तर अब पूर्वतिर वर्षा गतिविधि बढ्दैछ ।"**



काठमाण्डु । नेपालको पूर्वी क्षेत्रमा धान रोपाइँ गत वर्षको तुलनामा यस वर्ष उल्लेख्य रुपमा घटेको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत कृषि विभागका अनुसार यही असार २९ गतेसम्म गत वर्षको तुलनामा यस वर्ष कोशी प्रदेशमा २० दशमलव ४ प्रतिशत विन्दु र मधेस प्रदेशमा २७ दशमलव ७ प्रतिशत विन्दु कम रोपाइँ भएको छ ।

विभागका अनुसार मुलुकभर धान रोपाइँ हुने क्षेत्रफल १३ लाख ८३ हजार ७३२ रहेकामा हालसम्म ५९ प्रतिशत अर्थात् आठ लाख १६ हजार ४०५ दशमलव सात हेक्टरमा रोपाइँ सम्पन्न भएको छ । गतवर्ष भने सोही अवधिमा ६७ दशमलव ६ प्रतिशत रोपाइँ सम्पन्न भएको थियो । गत वर्षको तुलनामा यस वर्ष आठ दशमलव छ प्रतिशत विन्दुले रोपाइँ कम भएको देखिन्छ ।

कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले नेपालको पूर्वी क्षेत्रमा धान रोपाइँका लागि सुखद मनसुन नहुँदा रोपाइँ कम भएको बताउनुभयो । "यसवर्ष कतै मनसुन प्रतिकूल त कतै अनुकूल बन्दा धान रोपाइँको अवस्थामा पनि गत वर्षको तुलनामा कुनै प्रदेशमा कम त कुनै प्रदेशमा बढी रहेको देखिएको छ", उहाँले भन्नुभयो, "पूर्वी तराईमा मनसुन छिटो सुरु भए पनि वर्षा कम भयो, आकाशे पानी कुरेर बस्नुपर्ने किसानका बाध्यताका कारण रोपाइँ कम भएको हो ।"

विभागका अनुसार असार २९ गतेसम्म सबैभन्दा बढी रोपाइँ सुदूपश्चिम प्रदेशमा र सबैभन्दा कम रोपाइँ मधेस प्रदेशमा भएको देखिएको छ । "सामान्यतया सुदूरपश्चिम प्रदेशमा सबैभन्दा छिटो रोपाइँ सुरु हुने र मधेसमा ढिला रोपाइँ सुरु हुने गर्छ, यस वर्ष पनि मधेसमा कम र सुदुरपश्चिममा बढी रोपाइँ भएकोछ", महानिर्देशक सञ्जेलले भन्नुभयो ।

**कुन प्रदेशमा कति रोपाइ ?**

कोशी प्रदेशमा दुई लाख ७६ हजार ३८६ दशमलव ७३ हजार हेक्टरमध्ये हालसम्म ४१ दशमलव ३२ प्रतिशत अर्थात् एक लाख १४ हजार २२१ दशमलव ४ हेक्टरमा रोपाइँ भएको छ । प्रदेशमा गतवर्ष सोही अवधिमा ६१ दशमलव ७ प्रतिशत रोपाइँ भएको थियो ।

विभागका अनुसार मधेस प्रदेशमा तीन लाख ७२ हजार ६४५ हेक्टरमध्ये हालसम्म ३३ दशमलव ८ प्रतिशत अर्थात् एक लाख २५ हजार ८८८ दशमलव ६ हेक्टरमा रोपाइँ भएको छ । गतवर्ष सोही समयमा प्रदेशमा ६१ दशमलव ५ प्रतिशत रोपाइँ भइसकेको थियो ।

बागमती प्रदेशमा एक लाख २० हजार ५४५ हेक्टरमध्ये हालसम्म ९१ हजार ९८३ दशमलव नौ हेक्टर क्षेत्रमा रोपाइँ सकिएको छ । जुन ७६ दशमलव ३१ प्रतिशत हो । प्रदेशमा गत वर्ष सोही अवधिमा ७० दशमलव छ प्रतिशत रोपाइँ भएको विभागको भनाइ छ ।गण्डकी प्रदेशमा ९४ हजार १८२ हेक्टरमध्ये हालसम्म ६६ दशमलव ९९ प्रतिशत अर्थात् ६३ हजार ९१ हेक्टर क्षेत्रमा रोपाइँ भइसकेको छ । प्रदेशमा गत वर्षको सोही अवधिमा ६७ दशमलव ४ प्रतिशत रोपाइँ भएको थियो ।

लुम्बिनी प्रदेशमा हालसम्म ७३ दशमलव ७ प्रतिशत रोपाइँ सम्पन्न भएको छ । प्रदेशमा तीन लाख दुई हजार ९३९ हेक्टरमध्ये हालसम्म दुई लाख २३ हजार २१२ हेक्टरमा रोपाइँ भएको हो । प्रदेशमा गतवर्षको यही समयसम्म ६६ दशमलव ७ प्रतिशत रोपाइँ भएको थियो ।

कर्णाली प्रदेशमा ४० हजार ८८४ हेक्टरमध्ये हालसम्म ८३ दशमलव २३ प्रतिशत अर्थात् ३४ हजार २५ दशमलव ९ हेक्टरमा रोपाइँ सम्पन्न भएको हो । प्रदेशमा गतवर्ष यो समयसम्म ८६ दशमलव २ प्रतिशत रोपाइँ भएको थियो ।

विभागका अनुसार सुदूरपश्चिम प्रदेशमा असार २९ गतेसम्म ९३ दशमलव एक प्रतिशत रोपाइँ पूरा भएको छ । प्रदेशमा एक लाख ७६ हजार १५१ हेक्टरमध्ये हालसम्म एक लाख ६३ हजार ९९३ हेक्टरमा रोपाइँ सम्पन्न भएको हो । प्रदेशमा गतवर्ष यही अवधिसम्म ८६ प्रतिशत रोपाइँ भएको थियो । कृषि तथा पशुपक्षीं मन्त्रालयका अनुसार झन्डै ५० प्रतिशत धान रोपाइँ मनसुनी वर्षाकै भरमा सम्पन्न हुने गरेका छन् ।

**पूर्वमा औसतभन्दा कम वर्षा**

जल तथा मौसम विज्ञान विभागअन्तर्गत हावापानी विज्ञान महाशाखा (हावापानी विश्लेषण शाखा)का अनुसार मनसुन अवधिमा मुलुकभर १४ सय मिलिमिटर सरदर वर्षा हुने गरेकोमा हालसम्म करिब चार सय मिलमिटर अर्थात मनसुन अवधिमा हुने वर्षाको २७ प्रतिशत वर्षा भएको छ ।

विभागको जनकपुर, सिमरा, विराटनगरलगायत वर्षा मापन केन्द्रको तथ्याङ्क हेर्दा यी मापन केन्द्रहरुमा औसतभन्दा कम वर्षा भएको छ । "जनकपुरमा यस मनसुन सुरु भएयता ११ प्रतिशत र अर्थात् १०० मिलिमिटर वर्ष भएको छ। जनकपुरमा मनसुन अवधिमा औसत ११ सय मिलिमिटर वर्षा हुनुपर्ने तथ्याङ्क छ", विभागले भनेका छ, "यसैगरी बिराटनगरमा १५ प्रतिशत अर्थात् एक सय ५० मिलिमिटर वर्षा भएको छ । मनसुन अवधिभर यस क्षेत्र १४ सय मिलिमिटर वर्षा हुने गर्छ । यी क्षेत्रमा औसतभन्दा कम वर्षा भएको छ ।"

पोखरामा अहिलेसम्म २२ प्रतिशत अर्थात् छ सय मिलिमिटर वर्षा भयो । मनसुन अवधिभर यस क्षेत्रमा तीन हजार मिलिमिटर वर्षा हुने गरेको छ । धनगढीमा ३५ प्रतिशत वर्षा भएको देखिन्छ । धनगढी, सुर्खेत, भैरहवा, लुम्ले, जुम्ला, दाङ, काठमाडौँमा औसत वर्षा भइसकेको छ ।

**पूर्वतिर वर्षाको गतिविधि बढ्दैछः मौसमविद्**

विभागअन्तर्गत मौसम पूर्वानुमान माहाशाखाका मौसमविद् डेबिड ढकालले न्यून चापीय रेखा सरदर स्थान आसपासमा रहेका कारण पूर्वमा कम वर्षा भएको बताउनुभयो । "यसवर्ष पूर्वी क्षेत्रमा गत वर्षको तुलनामा कम वर्षा भएको छ । सरदरभन्दा कम वर्षा भएका कारण पनि रोपाइँ कम भएको हो", उहाँले भन्नुभयो, "तर अब पूर्वतिर वर्षा गतिविधि बढ्दैछ ।"

जलवायु तथा विपद् व्यवस्थापनविद् डा धर्मराज उप्रेतीले जलवायु परिवर्तनका कारण कहिले कम वर्षा, कहिले भारी र कहिले अति भारी वर्षा हुने तथा मनसुन छिटो सुरु भए पनि सक्रिय हुननसक्ने जस्ता परिवर्तन देखिँदै गएको बताउनुभयो । "अहिले पूर्वी क्षेत्रमा कम वर्षा हुँदा धान रोपाइँमा असर परेको छ, अब सिँचाइ सुविधा पुऱ्याउनुपर्ने तथा जलवायुमैत्री कृषि प्रणाली अपनाउनुपर्ने आवश्यकता छ", उहाँले भन्नुभयो ।

यस वर्ष नेपालमा मनसुन सरदरभन्दा १५ दिनअघि जेठ १५ गते पूर्वी नेपालबाट प्रवेश गरी असार ६ गते देशभर फैलिएको थियो । सामान्यतया जुनदेखि सेप्टेम्बरसम्मको चार महिनालाई मनसुन ऋतु भनिन्छ ।रासस

# कृषकको सहारा बन्दै 'जियोकृषि एप'



तानसेन । पछिल्ला दिनमा सूचना प्रविधिको प्रयोग दिनानुदिन बढ्दो छ । स्मार्टफोनको प्रयोगका अतिरिक्त सामाजिक सञ्जाल चलाउने धेरै छन् । प्रविधिको सदुपयोग गरेर व्यावसायिक बन्ने किसानको सङ्ख्या पनि बढ्दो छ । यहाँका केही किसानहरू मोबाइलमा प्रविधिको प्रयोगबाट आत्मनिर्भर बन्नमा सहयोग पुगेको छ ।

रिब्दीकोट गाउँपालिका-२ का टिकाबहादुर राना तीनैमध्येका एक हुनुहुन्छ । उहाँ बजारमा तरकारीको भाउ, आफुले बिक्री गरेको तयारीको विवरण मोबाइलबाटै थाहा पाउनुहुन्छ । कुन समयमा कुन तरकारी लगाउने, मल, खाद र सिँचाइ कसरी गर्ने, मौसम कस्तो हुँदै छ भन्ने जानकारी उहाँको मोबाइलमै प्राप्त हुन्छ ।

उहाँलाई यी सबै जानकारी जियोकृषि नामक एप्सले उपलब्ध गराउँछ । उहाँले चार वटा टनेलमा टमाटर फलाउँदै आउनुभएको छ । उत्पादित टमाटर सहकारीमार्फत बिक्री गर्नुहुन्छ । केही समय अघिसम्म विवरण कागजमा राख्दा हराउने, दररेट र तौल फरक पर्ने हुन्थ्यो । अहिले त्यस्तो समस्या छैन । रानाले भन्नुभयो, "हामीले तरकारी बिक्री गर्दा एउटा दररेट हुन्छ, पैसा लिने समयमा दररेट फरक भइदिन्थ्यो, कहिलेकाहीँ हामीले पनि विवरण बिर्सने भएकाले समस्या हुन्थ्यो तर अहिले त्यस्तो हुँदैन ।"

रिब्दीकोट-२ कै तेजबहादुर रानाले मिलनसार सहकारीलाई ५० केजी टमाटर बिक्री गर्नुभयो । बिक्री गरेको केही क्षणमै खरिद गरेको विवरण मोबाइलमा आयो । अहिले ५० केजी टमाटर ५० रुपैयाँको दरले बिक्री भएपछि पाँच हजार रकम लिन सहकारीमा आउनुहोला भन्ने मोवाइलमा सन्देश आएपछि राना दङ्ग हुनुहुन्छ । उहाँ भन्नुहुन्छ, "पहिला गाउँघरमै ग्राहकको भाउमा तरकारी बेच्थ्यौँ । जियोकृषि एप्स चलाउन थालेपछि मेरो जीवन शैली परिवर्तन भयो ।"

उहाँहरु जस्ता यहाँका धेरै कृषकलाई सामाजिक उद्यमी महिला सहकारीको छाता सङ्गठन सेवा नेपाल र जियो कृषिको साझेदारीमा सञ्चालन गरिएको जियोकृषि सेवा मोबाइल एप्लिकेशनमार्फत सेवा लिइरहनु भएको छ । सङ्कलन गर्ने प्रतिनिधि, भुक्तानी दिने सहकारी र बिक्री गर्ने कृषक सबैलाई एकै साथ विवरण प्राप्त हुने र लामो समयसम्म अभिलेख सुरक्षित हुने भएकाले यो प्रविधिले कृषकहरुलाई सहज बनाएको छ ।

कृषकले जियो कृषि सेवामा आफ्नो उत्पादन अभिलेख राख्न सक्ने र सहकारीका प्रतिनिधिले उनीहरुको उत्पादन खरिद गर्न सक्ने हेफर इन्टरनेशनल नेपालका डिजिटल सहजकर्ता विष्णु घिमिरेले बताउनुभयो । ग्रामीण कृषकको पहुँचमा डिजिटल प्रविधि पुऱ्याएर उनीहरूलाई थप सशक्त गर्ने उद्देश्यले यो कार्यक्रम लागू गरिएको उहाँको भनाइ छ ।

हेफर ईन्टरनेशनलको सहयोगमा ग्रामिण आर्थिक विकास सङ्घ रेडामार्फत एलएएलभिसी परियोजना सञ्चालन भएको छ । परियोजनाले तानसेन, रिब्दीकोट, पूर्वखोला, रम्भा र निस्दी गाउँपालिकामा तरकारी उत्पादन र बजारिकरणमा काम गर्दै आएको छ । परियोजना क्षेत्र तथा अन्य क्षेत्रबाट समेत गरी मिलनसार सहकारीले दैनिक १० देखी १५ मेट्रिकटन तरकारी खरिद गरी बिक्री गर्दै आएको छ । "तरकारीको कारोबार कागजमा राख्दा अभिलेख नरहने र दररेट फरक पर्थ्यो", सहकारीका अध्यक्ष कमला भण्डारीले भन्नुभयो, "एप्समार्फत डिजिटल अभिलेख राख्दा सबैलाई फाइदा पुगेको छ । पारदर्शी हुनुको साथै बजार व्यवस्थापन र योजना निर्माणको लागि समेत सहयोग पुगेको छ ।"

हेफरका ईनोभेसन प्रमुख ताराप्रसाद पन्थीका अनुसार ७० बढी सहकारीका सदस्यलाई डिजिटल सेवामा पँहुच पुऱ्याउन जियोकृषि सेवामार्फत सहयोग गर्दै आएको छ ।रासस

# पानी नपर्दा सुके धानको ब्याड



धरान । समयमै वर्षा नहुँदा यहाँका किसानले राखेको धान ब्याडमै सुक्न थालेको छ । असार बित्नै लाग्दासमेत पर्याप्त पानी नपर्दा र सिँचाइ सुविधा अभावले धान रोपाइँ हुन नसकेको हो ।

आकाशे पानीको भरमा रहेका बराहक्षेत्र नगरपालिका-६ श्रीलङ्का टापु चिलैया र गरैया क्षेत्रका किसानले रोपेको धानको रोपो नै सुक्न थालेको छ । स्थानीय कृषक सन्तोष चन्द्रवंशीले भन्नुभयो, "यो वर्ष पानी पर्ने आशा त थियो, तर चाहिएको बेला पानी परेन । हामी आकाश हेरेर बसेका छौँ, धानको रोपो सुक्न थालेको छ ।"उहाँकाअनुसार विद्युत् आपूर्तिसबै क्षेत्रमा नपुगेकाले पम्पसेट मार्फत सिँचाइ गर्न सकिएको छैन । वराहक्षेत्र नगरपालिकाले श्रीलङ्का टापुका किसानलाई ४३ थान विद्युतीय मोटर, ६० थान डेलिभरी पाइप र १५५ थान त्रिपाल अनुदानमा वितरण गरेको छ ।

रामधुनी नगरपालिकाका किसान रामभुवन रायले आफूले दुई बिघाहमा रोपाइँ गर्दै आएकोमा अहिलेसम्म आधा खेतमा पनि रोपाइँ गर्न नसकेको बताउनुभयो । वर्षामा भर पर्ने उनीहरुजस्ता किसानलाई यही अवस्था रहिरहेमा धान बाली नै गुम्ने खतरा रहेको उहाँको भनाइ छ ।

कोशी गाउँपालिका-७ की किसान सरस्वती मियाँले जेठमै ब्याड तयार पारे पनि पानी नपरेपछि सुक्न थालेको बताउनुभयो । धरान उपमहानगरपालिका-६ का किसान बुद्धिमान तामाङका अनुसार कुलोमा पानी नआएपछि रोपाइँ गर्न सकिएको छैन । "पोहोर साल यही समयसम्म रोपाइँ सकिएको थियो, तर यसपाली तीन भागमा एक भाग पनि रोपाइँ सकिएको छैन", तामाङले भन्नुभयो ।सुनसरीमा हाल ४८ हजार ९ हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुँदै आएको छ । रासस

## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषाबाट प्रकाशित हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा जनकपुर न.पा. वडा नं.१ मा बरने रामचन्द्र साह समेतले बादी जिल्ला धनुषा जनकपुरधाम उ.म.न.पा.वडा नं.१ वस्ने अनिता कुमारी साह आगे प्रतिवादी ऐ.ऐ. मा. बस्ने रामचन्द्र साह समेत भएको मुद्दा नं. १२०१ को अंशदर्ता मुद्दामा वण्डा लगत नं. १४१/४८ बमोजिम विशेश्वर साहको नाउँमा दर्ता रहेको तपसिल बमोजिमको जग्गाहरुबाट निवेदकहरु रामचन्द्र साह र बसन्त कुमार साह समेतको अंशभागमा परेको जग्गा दा.खा.दर्ता गरी पाउँ भनी यस कार्यायलयमा दं.नं.२८७१८ मिति २०८२/०३/११ गतेको माग निवेदन गरेकोमा माग निवेदन वमोजिम मोठ रोक्का भिडाउँदा उक्त जग्गाहरुमा मिति २०८१/१२/२५ मा दा.खा. भिडेको भनि सम्बन्धित मोठ फाँटबाट लेखि आएकोले हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०३/२९ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी तमोजिम निवेदकको नाममा दा.खा. दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको/टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला । सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**


| जिल्ला | क्षेत्र | वडा नं. | कि.नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|---|
| धनुषा | बेंगाशिवपुर | ३क | ५९२ | ०-६-१८ | कि.नं.५९२ र ५९७ मध्ये अनिता कुमारी साहको अंशभागमा परेको जग्गादेखि दक्षिणतर्फबाट ४ भागको १ भाग जग्गा रामचन्द्र साहको अंश भागमा परेको । कि.नं.५९२ मध्ये दक्षिण तर्फवाट ४ भागको १ भाग बसन्त कुमार साहको अंश भागमा परेको । कि.नं.५९७ मध्ये उत्तर तर्फबाट ४ भागको १ भाग बसन्त कुमार साहको अंश भागमा परेको । |
| धनुषा | वैगाशिवपुर | ३क | ५९७ | ०-०-१९-८ | |

## गुठी संस्थान शाखा कार्यालय जनकपुरधामको हकदावी सम्बन्धी ३५ (पैतिस) दिने सूचना

प्रस्तुत विषयमा साबिक नापी हुदाँ ज.न.पा. वडा नं. १(क) कि.नं. १०७ क्षे.फ. ०-७-१३ संग भिडी पूनः शहरी सर्वे नापी हुदाँ कायम हुन आएको ज.न.पा. वडा नं. १ सिट नं. १३५६-१३ कि.नं. १८ क्षे.फ. ०-१-१२-० को जग्गा जग्गाधनी महलमा ज.ध. गुठी संस्थान श्यामा देवीका नाउँमा नाप नक्सा भएको घरबारी जग्गाको भोग तथा दर्ता नामसारी सम्बन्धमा निज श्यामा देवीको मिति ०७६/०३/१० गते कालगतिले स्वर्गबास भएको निजको मृतकको शेष पछिको हक खाने पतिको मिति २०३१/०९/०२ गतेमा मृत्यु भए पश्चात अपुताली अंश हक खाने दुई सन्तानहरुमा विना कुमारी सिंह तथा छोरा म विजय कुमार सिंह मात्र रहेको बिना कुमारी सिंहको सामाजिक परम्परा अनुसार बिहे भई सकेको हुनाले निज मृतक मेरो आमाको अंश हक खाने छोरा म विजय कुमार सिंह मात्र रहेको भनी समेतको व्यहोरा उल्लेख गरी निवेदन परेको छ । सो सम्बन्धमा गुठी संस्थान प्रधान कायालय भूमि व्यवस्थापन शाखाको प.स. भू.व्य(३०७) ०८१/०८२ च.नं. १७४३ मिति ०८२/०१/२२ को पत्र अनुसार गुठी अधिनस्थ जग्गा तर्फ श्रेस्ता अध्यावधिक गराई राख्ने समेतको निर्णयको आदेश भएको हुदाँ साविक जग्गाको लगत बमोजिम ज.ध. महलमा श्री जानकी मन्दिर गुठी र मोही महलमा श्यामा देवीका हकदार एक मात्र छोरा विजय कुमार सिंह कायम गरी दर्ता नामसारी गरी श्रेस्ता अध्यावधिक लागि भूमि सुधार तथा मालपोत कार्यालय जनकपुरधाममा सिफारीस भएमा कोही कसैको हक हनन हुने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस दित्त भित्र सबुत प्रमाण सहित लिखित रुपमा हकदावी गर्न आउनु होला । अन्यथा नियमानुसार भई जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराइन्छ ।

# कालोमोसो र ज्यान मार्ने प्रयासको आरोपमा जाहेरी

निलम्बित उपाध्यक्ष ई. दीपक साहले विकासकुमार र रामबाबु पार्टी अध्यक्ष डा. सीके राउतका “खास मान्छे” भएको दाबी गर्दै डा. सीके राउतकै इशारामा आफूहरूमाथि हमला भएको आरोप लगाए ।



**टुडे समाचारदाता**

बारा । जनमत पार्टीका निलम्बित उपाध्यक्ष ई. दीपक साह, कोषाध्यक्ष सुरेन्द्रनारायण यादव र नेता वीरेन्द्र साहले आफूमाथि कालोमोसो छर्की ज्यान मार्ने प्रयास भएको भन्दै दुई जना नेताविरुद्ध जिल्ला प्रहरी कार्यालय बारामा सोमबार किटानी जाहेरी दर्ता गरिएको छ ।

सो जाहेरीमा बाराको महागढिमाई नगरपालिका-३ स्थित दहियारमा भएको घटनास्थलमा जनमत पार्टीकै नेता विकासकुमार सिंह र रामबाबु साहले आफूहरूलाई लक्षित गरी कालोमोसो छर्केका थिए । पीडित नेताहरूले उजुरीमा विकासकुमार र रामबाबुसँगै अन्य १०/१२ जना अज्ञात व्यक्तिहरू मिलेर योजनाबद्ध रूपमा आफूहरू चढेको गाडी रोकी पेट्रोलियम पदार्थ छर्की आगो लगाउने प्रयास गरेको गम्भीर आरोप लगाएका छन् ।

निलम्बित उपाध्यक्ष ई. दीपक साहले विकासकुमार र रामबाबु पार्टी अध्यक्ष डा. सीके राउतका ‘खास मान्छे’ भएको दाबी गर्दै डा. सीके राउतकै इशारामा आफूहरूमाथि हमला भएको आरोप लगाए । सो जाहेरीपत्रमा भनिएको छ, ‘हामी जाहेरवाला र डा. सी.के. राउतबीच रहेको व्यक्तिगत रिसइबी साधन गर्न डा. राउतका समर्थक भनिएका विपक्षीहरूले हामी चढेको गाडीको सिसा खोल्न लगाइ शरीरमा पेट्रोलियम पदार्थ छर्की आगो लगाउने उद्देश्यले सलाई तथा लाइटर समेत तयारी अवस्थामा राखेका थिए । तर हामी गाडी स्टार्ट गरी घटनास्थलबाट भाग्न सफल भएकाले ज्यान जोगिएको छ ।’

बारा प्रहरीसमक्ष दायर उजुरीमा यो घटना योजनावद्ध र राजनीतिक प्रतिशोध स्वरूप गरिएको दाबी गरिएको छ । उजुरी दिने नेताहरूले आफूहरू पूर्व उपाध्यक्ष, कोषाध्यक्ष तथा पार्टीका प्रभावशाली कार्यकर्ता भएका कारण लक्षित आक्रमण भएको स्पष्ट पारे ।

सो घटनाले जनमत पार्टीभित्रको आन्तरिक कलह पूर्ण रूपमा सतहमा आएको छ । जाहेरीमा पार्टी अध्यक्ष राउतले आफ्नो फेसबुकमार्फत ‘थ्रेट’ दिएको अर्कोदिन सो आक्रमण भएको दाबी गरिएको छ ।

# जनकपुरधाम उपमहानगरद्वारा ३ अर्बभन्दा बढीको बजेट



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशप्रदेशको राजधानीसमेत रहेको जनकपुरधाम उपमहानगरपालिकाले आर्थिक वर्ष २०८२/०८३ का लागि ३ अर्ब १ करोड ९ हजार ४ सय ६३ रुपैयाँको बजेट सार्वजनिक गरेको छ ।

जनकपुरधाममा सोमबार उपमहानगरपालिकाले १३ औँ नगरसभाबाट प्रस्तुत गरिएको बजेटमा चालुतर्फ १ अर्ब ६० करोड ११ लाख ३८ हजार ४ सय ६३, पुँजीगततर्फ १ अर्ब ४० करोड ८८ लाख ७१ हजार र सामाजिक सुरक्षा भत्तातर्फ ५० करोड रकम बजेट विनियोजन गरिएको छ ।

आर्थिक वर्ष २०८१/०८२ मा जनकपुरधाम उपमहानगरपालिकाले चालुतर्फ ८० प्रतिशत, पुँजीगततर्फ ८५ प्रतिशत र ७१ प्रतिशत वित्तीय प्रगति भएको छ ।

आगामी आर्थिक वर्षको बजेटमा भौतिक पूर्वाधार विकास, पर्यटन पवर्द्धन, कृषि उद्योगको विकास, शिक्षा, स्वास्थ्य, रोजगारी सिर्जना, गरिबी न्युनीकरण, ग्रामीण विद्युतिकरण, हरित शहरलगायतका योजनालाई केन्द्रमा राखेर बजेट ल्याइएको उपमहानगरपालिकाका उपप्रमुख किशोरी साहले बजेट प्रस्तुत गरेका थिए ।

# सबैलाका इञ्जिनियर र पूर्ववडाध्यक्षसहित सात जनामाथि मुद्दा



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको सबैला नगरपालिकामा कृषि कार्यक्रमका लागि विनियोजित रकम हिनामिना तथा सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी गरेको अभियोगमा इञ्जिनियर र वडाध्यक्षसहित सात जनाविरुद्ध विशेष अदालत काठमाडौंमा भ्रष्टाचार मुद्दा दायर गरेको अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जनाएको छ ।

आयोगका अनुसार आर्थिक वर्ष २०७७/०७८ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत साना व्यावसायिक कृषि उत्पादन पकेट विकास कार्यक्रम सञ्चालन गर्न छुट्याइएको १५ लाख रूपैयाँ कार्यक्रम सञ्चालन नगरी कागजमै अनियमित तरिकाले खर्च गरिएको पाइएको छ ।

सबैला नगरपालिका वडा नम्बर ३, ७ र ८ मा कार्यक्रम सञ्चालनका लागि अर्चना सहकारी संस्था लिमिटेडसँग सम्झौता गरिएको थियो । तर सम्झौता भए पनि कार्यक्रम सञ्चालित नभएको, खरिद गरिएको भनिएको बोका, पाठी, च्यापक र डाले घाँस कसलाई वितरण गरियो भन्ने विवरण नरहेको र खरिद गरिएको भनिएको सामग्री साँच्चिकै आपूर्ति नभएको प्रमाणित भएको आयोगले जनाएको छ ।

राधा कृषि फर्मबाट खरिद गरिएको भनिएका पशु तथा सामग्री वास्तवमा नबेचिएको र सो फर्मले सम्बन्धित आर्थिक वर्षमा कुनै कारोबार नगरेको जनकपुरस्थित आन्तरिक राजस्व कार्यालयले पुष्टि गरेको आयोगको अनुसन्धानबाट देखिएको छ ।

त्यस्तै अनुदान वापतको १४ लाख ७७ हजार ५ सय रूपैयाँ बराबरको रकम झुट्टा बिल भरपाई र गलत कागजात तयार पार्दै हिनामिना तथा सार्वजनिक सम्पत्तिमा हानिनोक्सानी गरिएको पुष्टि भएको आयोगको निष्कर्ष रहेको छ ।

सो प्रकरणमा तत्कालीन इञ्जिनियर रञ्जित कुमार यादव, वडा नम्बर ८ का तत्कालीन वडाध्यक्ष दुर्गा प्रसाद रायसहित सात जनाविरुद्ध विशेष अदालत काठमाण्डुमा भ्रष्टाचार मुद्दा दायर गरिएको आयोगका प्रवक्ता राजेन्द्रकुमार पौडेलले जनाए ।

# शिवालयहरुमा श्रद्धालुका भीड



**टुडे समाचारदाता**

जनकपुरधाम । साउन महिनाको पहिलो सोमबारका दिन एकाबिहानदेखि जनकपुरधामस्थित शिवालयहरुमा शिवको पूजा अर्चना गर्न भक्तजनहरुको लर्को लागेको छ ।

मधेश प्रदेशसहित देशभरमै रहेको शिवालयहरुमा हजारौंको संख्यामा भक्तजनहरु मन्दिरमा भगवान शिवको दर्शन गर्न आउनेको भीड देखिएको छ । जनकपुरधामस्थित कपिलेश्वर मन्दिर, शिव मन्दिर, कुपेश्वर मन्दिरलगायतका शिवालयहरुमा महादेवलाई जल, फूल, बेल पत्र, प्रसाद तथा अन्य पुजन सामग्रीहरु चढाई श्रद्धालु भक्तजनहरुले पूजा अर्चना गरेका छन् ।

भक्तजनहरुले मनोकामना पूरा भएको भाखल अनुसार अष्ठजामको आयोजना गर्ने तथा भगवान शिवको बिशेष रुपमा पूजा अर्चना गर्ने गर्छन् ।

# ८२ औषधि पसलमा कैफियत

**टुडे समाचारदाता**

वीरगञ्ज । असार महिनामा मातहतका जिल्लामध्ये ७ जिल्लाका औषधि पसलहरूको अनुगमन गर्दा ८२ वटा पसलमा कैफियत पाइएको औषधि व्यवस्था विभाग वीरगञ्ज शाखाले जनाएको छ ।

कार्यालयका प्रमुख शम्भु साहले जनाए अनुसार यस अवधिमा कार्यालयका कर्मचारी टोलीले बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिन्धुली, मकवानपुर र चितवनसहित ७ जिल्लाका १ सय १३ वटा औषधि पसलको अनुगमन गरेको थियो । तीमध्ये ८२ वटा औषधि पसलमा कुनै न कुनै कैफियत पाइएको थियो ।

अनुगमनको क्रममा १३ वटा औषधि पसल बिना दर्ता सञ्चालित, ८ वटा पसल औषधि व्यवस्था विभागमा दर्ता नभएको, १२ वटा पसल व्यवसायी/फार्मासिस्ट अनुपस्थित भई सञ्चालित भेटिएका छन् ।

त्यसैगरी ९ वटा औषधि पसलमा लागू तथा मनोद्दीपक औषधिको रेकर्ड दुरुस्त नभएको, १५ वटा औषधि पसलमा रेफ्रिजेरेटरमा राख्नुपर्ने औषधि रेफ्रिजेरेटरबाहिर राखिएको वा पसल बन्द गर्दा रेफ्रिजेरेटर बन्द गरिएको पाइएको छ । ग्राहकलाई बिल/बिजक नदिने तथा अन्य प्राविधिक समस्या भएका २५ वटा औषधि पसललाई सचेत गराइएको छ ।

कैफियत भेटिएकामध्ये बिनादर्ता सञ्चालनमा रहेका १३ मध्ये ३ वटा औषधि पसल दर्ता प्रक्रियामा आएका छन् । त्यस्तै, कैफियत जनाइएका ८२ मध्ये ३४ वटा पसलले आ-आफ्ना गल्तीहरू सुधार गरेका छन् । तीमध्ये १ वटा औषधि पसलमाथि औषधि ऐन २०३५ अनुसार मुद्दा दायर गरिएको प्रमुख साहले बताए ।

साहले असार महिनामै रौतहटको राजपुर नगरपालिकाका औषधि पसलहरूको पनि अनुगमन गरिएको बताए । त्यहाँका ३ वटा औषधि पसल दर्ता प्रक्रियामा आउन तयार भएका छन् । राजपुर-४ मा जेठ ५ गते औषधि व्यवस्था विभाग वीरगन्ज शाखाको टोली अनुगमनमा जाँदा स्थानीयको प्रतिकार पनि भोग्नुपरेको थियो ।

असार महिनामा अनुगमनको क्रममा बारामा ३, सर्लाहीमा १६, महोत्तरीमा २४, धनुषामा २२, सिन्धुलीमा १८, मकवानपुरमा १८ र चितवनमा १२ वटा औषधि पसलको अनुगमन गरिएको थियो । मधेश प्रदेशका सप्तरी र सिरहा बाहेक ६ जिल्ला तथा बागमती प्रदेशका चितवन, मकवानपुर र सिन्धुली गरी ९ जिल्ला यो शाखाको कार्यक्षेत्रमा पर्छन् ।

शाखाले जनाए अनुसार हाल कार्यक्षेत्रभित्र ५ हजार ८ सय ६५ वटा औषधि पसल दर्ता छन् । त्यसमध्ये एलोपेथिक, आयुर्वेदिक, युनानी र भेटेरिनरी औषधि पसलसमेत रहेका छन् ।

# वृन्दावनको नगरसभाबाट ५८ करोड भन्दा बढी बजेट



**टुडे समाचारदाता**

रौतहट । निकै बाधा अवरोध पश्चात रौतहटको वृन्दावन नगरपालिकाको नगरसभाको ९ औँ बजेट अधिवेशन आज शान्तिपूर्ण तरिकाले सम्पन्न भएको छ ।

वृन्दावन नगरपालिका -६ स्थित हर्षाहामा सोमबार आयोजित वृन्दावन नगरपालिकाको बजेट अधिवेशन बिना कुनै वादविवाद उत्साहजनक सहभागितामा भव्यताका साथ सम्पन्न भएको छ ।

संविधानसभा सदस्य एवं नेकपा एकिकृत समाजवादी पार्टीका केन्द्रीय नेता रामकुमार भट्टराईको प्रमुख आतिथ्य तथा वृन्दावन नगर प्रमुख विनोद प्रसाद कुर्मीको अध्यक्षतामा सम्पन्न भएको नगरसभाले आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गरेको छ ।

वृन्दावन नगरपालिकाले आफ्ना ९ औँ नगरसभाको बजेट अधिवेशन मार्फत आगामी आर्थिक वर्ष २०८२र०८३ का लागि कुल ५८ करोड ७७ लाख ८ हजार ३ सय ३५ रुपैयाँ बजेट ल्याएको छ । योजना तर्जुमा समितिका कार्यवाहक सभापति एवं वडा अध्यक्ष जगन्नाथ भेडियरले आगामी आर्थिक वर्षको आय व्यय सहितको नीति, कार्यक्रम तथा अनुमानित बजेट प्रस्तुत गरेका थिए ।

आगामी आर्थिक वर्षको नीति, कार्यक्रम कार्यान्वयन गर्न सो बजेट प्रस्तुत गरिएको वृन्दावन नगर प्रमुख विनोद प्रसाद कुर्मीले बताएका छन् ।

प्रत्येक स्थानीय तहले असार १० गते भित्रमा आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेट ल्याइसक्नुपर्ने र असार मसान्त भित्रमा पारित गरिसक्नुपर्ने रहेको कानूनी प्रावधान अनुसार नै वृन्दावन नगरपालिकार असार १० गते नै नगर अधिवेशन गर्न खोजेको थियो ।

तर नगर उपप्रमुख संगीता देवी रामले नगरसभा रोक्नुपर्ने माग राख्दै अदालतमा रिट निवेदन दिएकी थिइन् । त्यसपछि अदालतले नगरसभा स्थगित गर्न दिएको आदेशको कारण असार १० गते नगरसभा हुन सकेको थिएन । त्यसपछि असार २६ गते नै नगरसभा गर्ने पालिकाले तयारी गरपनी उपमेयर संगीता देवीले पुनः नगरसभा रोक्नुपर्ने माग राख्दै सर्वोच्च अदालतमा रिट दायर गरेकी थिइन् ।

सर्वोच्च अदालतले पुनः नगरसभा रोक्न आदेश दिएपछि असार २६ गतेका लागि बोलाइएको नगरसभा पुनः स्थगित भएको थियो । नगरसभा गर्नका लागि अपनाउनुपर्ने सम्पूर्ण विधि प्रक्रिया पुर्याएर नै नगरसभा सम्पन्न गरिएको नगरपालिकाको दावी छ तर नगरपालिकाले विधि प्रक्रियालाई मिचेर बजेट अधिवेशन बोलाएकाले आफू सहभागी नभएको नगर उप प्रमुख संगीता देवी रामले बताएकी छन् ।

सो कार्यक्रममा नगर उपप्रमुख संगीता देवी राम अनुपस्थित रहेको थिएन भने बहुमत कार्यपालिका सदस्यहरुको सहभागिता रहेको थियो ।

# मोटरसाइकलमा दुर्घटना हुँदा पाँच घाइते

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको ईश्वरपुर नगरपालिका-१३ स्थित बाँके चोक नजिक सोमबार रेल्वे ट्र्याकमा पिकअप र मोटरसाइकल एक आपसमा ठोक्किँदा पाँचजना घाइते भएका छन् ।

दुर्घटनापछि मोटरसाइकलमा आगलागी भएको सर्लाही प्रहरीले जनाएको छ । सोमबार बिहान पौने ११ बजेतिर बाँके-संग्रामपुर सडकखण्डमा श्रीनगरबाट बाँके चोकतर्फ आउँदै गरेको प्रदेश ०३-०२८ प २१९१ नम्बरको मोटरसाइकल र रेल्वे ट्र्याक हुँदै बयलवासबाट बाँके खोलातर्फ जाँदै गरेको बा. ८ च ६५ नम्बरको पिकअप आपसमा ठोक्किएका इलाका प्रहरी कार्यालय केशरगञ्जले जनाएको छ ।



सो दुर्घटनामा परी मोटरसाइकल चालक नेपाली सेनाको भगवती दल गण इटहरीमा कार्यरत सिपाही २३ वर्षीय चन्द्रदेव धामी, मोटरसाइकल पछाडि सवार नेपाली सेनाकै मध्यपश्चिम पृतना बुटवलमा कार्यरत सिपाही २२ वर्षीय प्रशेस चौधरी र २१ वर्षीय अमित चौधरी घाइते भएका छन् । मोटरसाइकलमा सवार तीनैजना ईश्वरपुर १५ का स्थानीय हुन् । उनीहरुमध्ये मोटरसाइकल चालक चन्द्रदेव धामीको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

पिकअपसँग ठोक्किएपछि मोटरसाइकलमा आगलागी हुँदा धामीको शरीरको अधिकांश भाग जलेको इलाका प्रहरी कार्यालय केशरगञ्जका प्रहरी निरीक्षक उमाकान्त जोशीले जानकारी दिए । नेपाली सेनाका सिपाही धामी बिदा सकेर कार्यालयतर्फ जान बाँके चोकमा बस चढ्नका लागि साथीसँग आउँदै गर्दा दुर्घटनामा परेका थिए ।

गम्भीर घाइते सिपाही धामीलाई थप उपचारका लागि मोडेल अस्पताल लालबन्दीबाट काठमाण्डु लगिएको छ । नवलपुर स्थित कालिध्वज गण पाँचकुमारी ब्यारेकमा सेनाको हेलिकप्टर मगाइएको प्रमुख सेनानी (कर्णेल) गोविन्द विष्टले बताए ।

सो दुर्घटनामा पिकअप चालक हरिवन नगरपालिका-३ स्थित डाबरी टोल बस्ने ४० वर्षीय रामएकवाल महतो र पिकअपमा सवार हरिवन नगरपालिका-२ का ६५ वर्षीय लेखनाथ उपाध्याय घाइते भएका छन् ।मोटरसाइकल पछाडि सवार दुईजना, पिकअप चालक र पिकअपमा सवार व्यक्तिको अवस्था सामान्य रहेको प्रहरीले बताएको छ ।

सामान्य घाइते चारजनाको पनि मोडेल अस्पताल लालबन्दीमा उपचार चलिरहेको केशरगन्जका प्रहरी निरीक्षक जोशीले बताउनुभयो । जोशीका अनुसार, पिकअपसँग ठोक्किएपछिआगलागी हुँदा मोटरसाइकल पूर्णरुपमा जलेको छ । पिकअप गाडीमा भने आगलागी नभएको प्रहरीले जनाएको छ । पिकअपको अगाडिको भागमा मात्रै क्षति पुगेको छ ।

पूर्व पश्चिम राजमार्गको बाँके चोकदेखि करिब एक किलोमिटर दक्षिणतर्फ एकान्त स्थानको जंगलमा दुर्घटना हुनासाथ स्थानीय र प्रहरी पुगेर घाइतेको उद्धार गरेका थिए ।

# ‘ड्रोन’बाट वनक्षेत्रको निगरानी

**टुडे समाचारदाता**

रौतहट । रौतहटको वनजंगलको निगरानी गर्न ‘ड्रोन’को प्रयोग गर्न थालिएको छ । डिभिजन वन कार्यालय रौतहट अन्तर्गत जंगल सहिया सबडिभिवन वन कार्यालय जंगल सहियाले चोरी तस्करी नियन्त्रण गर्नका लागि हिजोआज ड्रोन प्रयोग गर्न थालेको छ ।

विगत तीन महिनादेखि सो क्षेत्रको वनजंगलमा ड्रोनबाट नै निगरानी गरिँदै आएको छ । ड्रोनबाट वनजंगलको निगरानी गर्न थालेपछि काठ, दाउरा, नदीजन्य पदार्थको तस्करी नियन्त्रणमा आएको सबडिभिजन वन कार्यालय जंगल सहियाका वन अधिकृत विनोद जेठराले जानकारी दिए ।

ड्रोनको सहायताले १० किलोमिटर वनक्षेत्रको निगरानी सहजै गर्न सकिएको र वन संरक्षणमा ठूलो टेवा पुगेको वन अधिकृत



जेठराको भनाइ छ । ड्रोनको प्रयोगले तस्कर पक्राउ गर्न पनि सहज भएको उनले बताए । ड्रोनका कारण धन्सारखोलाबाट हुने ढुंगागिट्टीको तस्करी पनि नियन्त्रणमा आएको जेठराले बताउनुभयो । सो क्षेत्रका दाउराका नाममा सयौं साइकलहरू जंगलमा गएर सालको लाथ्रा काटेर लाने गर्दै आएका थिए । ती दाउराहरू रौतहटका विभिन्न इँटाभट्टामा पुग्ने गरेका छन् ।

ड्रोनबाट रौतहटको जंगल सहिया, चोचा, धन्सार तथा गैंडाटार वनक्षेत्रको निगरानी गरिरहेको डिभिजन वन कार्यालय रौतहटका प्रमुख हेमन्तप्रसाद साहले जानकारी दिए । अहिले एउटा मात्र ड्रोनले निगरानी गरेको र आउँदो आर्थिक वर्षमा अरू पनि ड्रोन क्यामेरा माग गरेको उनले जानकारी दिए । ड्रोनबाट काठ तस्करी नियन्त्रण ढुंगागिट्टी तस्करी नियन्त्रण जस्तामा प्रभावकारी रहेको डिभिजन वन अधिकृत साहले बताए ।

मधेश प्रदेशको कुल वन क्षेत्रको २५ प्रतिशत र नेपालको कुल वन क्षेत्रको ३ दशमलव ९६ प्रतिशत वन रौतहट जिल्लामा पर्ने जानकारी दिँदै प्रमुख वन अधिकृत साहले यसको संरक्षणका लागि कुनै कसुर बाँकी नराखेको बताए ।

रौतहटमा ३० हजार १७० हेक्टर वन क्षेत्र छ । जसमा सरकारद्वारा व्यवस्थित वन आठ हजार २३१ हेक्टर, तीनवटा साझेदारी वनद्वारा ११ हजार ९२७ हेक्टर, ब्लक फरेष्ट व्यवस्थापन एक हजार ५२ हेक्टर, ४३ वटा सामुदायिक वनद्वारा आठ हजार २५७ हेक्टर, चारवटा धार्मिक वनद्वारा ५१ हेक्टर र निजी वनद्वारा ६५६ हेक्टर वन क्षेत्रको संरक्षण गरिँदै आएको उनले बताए ।

चालु आर्थिक वर्षभित्र जिल्लाका विभिन्न स्थानका १२ हेक्टरभन्दा बढी जङ्गलको अतिक्रमण भूभाग क्षेत्र हटाई वृक्षरोपण गरेको उनले बताए ।

यसैबीच डिभिजन वन कार्यालय रौतहटले चालु आर्थिक वर्षमा आठ लाख १८ हजार ७८ वटा विभिन्न जातको बिरुवा उत्पादन गरेको समेत वन अधिकृत साहले बताए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं**. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८